# वार्षिक प्रगति प्रतिवेदन

## २०७७।०७८

भिमाद नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ

**<u>प्रकाशक</u>**
भिमाद नगरपालिका
गण्डकी प्रदेश, तनहुँ, नेपाल

**प्रमुख सल्लाहकार :** श्री मेखबहादुर थापा (नगर प्रमुख)

**सल्लाहकार :** श्री शारदा खनाल (नगर उपप्रमुख)

**सम्पादन मण्डल :** संयोजक श्री थमनसिंह थापा (प्रमुख प्रशासकीय अधिकृत)

सदस्य श्री अर्जुनप्रसाद पौडेल

सदस्य श्री मनुराज बराल

सदस्य श्री भेषबहादुर जि.टी.

सदस्य सचिव श्री पदमराज आचार्य (उपसचिव)

**©सर्वाधिकारः भिमाद नगपालिका**

वि.सं. २०७८

मुद्रण :

# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं. / Ref No. : ०७८/०७९ फोन नं.: ०६५-५७२४३६
च.नं. / Des. No. :


## नगर प्रमुखको सन्देस

**"भिमाद नगरपालिकाको आधारः पर्यटन, कृषिमा यान्त्रिकीकरण तथा आर्थिक समृद्धिको पूर्वाधार"** भन्ने मूल नाराका साथ भिमाद नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट सातौ नगरसभाबाट पारित गरी कार्यान्वयनमा ल्याएको थियो । आर्थिक वर्ष २०७७/०७८ को कार्यक्रम तथा बजेटको कार्यान्वयनको स्थिति, सम्पादन गरिएका गतिविधिहरू, असल अभ्यास र अनुभूतिहरूका बारेमा सरोकारित पक्षहरूलाई सूसुचित गराई पारदर्शिता, उत्तरदायित्वको सुनिश्चितामार्फत सुशासनको प्रत्याभूति दिने उद्देश्यले पहिलोपटक वार्षिक प्रगति प्रतिवेदन नामक यो पुस्तिका प्रकाशन भएकोमा मलाई खुशी लागेको छ ।

भिमाद नगरपालिकाको गठन भएपश्चात पहिलो जननिर्वाचित सरकार बनेदेखि नै नगरपालिकाबाट प्रदान गरिने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीयताको वास्तविक अनुभूति दिलाउन प्रतिबद्द भई लागेको कुरा सबैमा विदितै छ । यस क्रममा संविधानको मूल मर्म अनुरूप विभिन्न क्षेत्रका नीति, कानुन तथा योजना, बजेट बनाई कार्यान्वयन गर्नुका साथै जनताको दैनन्दिन समस्याहरूको समाधानमा केन्द्रित गर्दै पूर्वाधार विकास, सामाजिक उत्थान, स्वरोजगारी सिर्जना मार्फत सर्वसाधारणले महसुस गर्ने गरी उल्लेख्य विकास र सुधारका कामहरू सम्पन्न भएका छन् ।

आर्थिक वर्ष २०७७/०७८ मा नगरपालिकाले स्वास्थ्य सेवामा सुधार एवम् पहुँच, शैक्षिक पहुँच र गुणस्तर, पूर्वाधार विकास, रोजगारी सिर्जना, कृषि तथा पशुपन्छी विकास, खेलकुद विकास, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन, लक्षित वर्ग उत्थान, सशक्तिकरण एवम् सामाजिक समावेशीकरण, प्रविधि प्रयोग तथा सुशासनलाई प्राथमिकता दिई कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयनमा ल्याएको थियो । ती कार्यक्रमहरूको प्रगतिको अवस्थालाई सुक्ष्म रूपमा विश्लेषण गरी यो पुस्तक तयार गरिएको छ । प्रतिवेदनमा नगरपालिकाको संक्षिप्त प्रगतिको अवस्थाका साथै शाखागत र वडागत प्रस्तुतिलाई वर्तमान अवस्थाको चित्रण, कार्यक्रम कार्यान्वयनमा अवलम्बन गरिएका अभ्यास, सेवा प्रवाहको स्थिति, प्रगतिको भौतिक एवम् वित्तीय प्रगति, सम्पादन हुन नसकेका कार्यक्रमहरू, समस्या तथा समाधानका उपायका साथै सिकाइहरू समेत समावेश गरिएको छ । यसबाट एकातिर नगरपालिकाले गरेका गतिविधिहरूको छर्लङ्ग चित्रण सबै सामु प्रस्तुत हुन सहयोग पुग्नेछ भने अर्कातर्फ नगरपालिकालाई भविष्यमा तर्जुमा गरिने योजना र सोको कार्यान्वयनमा पनि महत्वपूर्ण पृष्ठपोषण मिल्ने छ ।

अन्त्यमा, यो पुस्तिका तयार गर्ने कार्यमा नेतृत्वदायी भूमिका लिई अहोरात्र खट्नुहुने प्रमुख प्रशासकीय अधिकृत श्री थमनसिंह थापा, उपसचिव श्री पदमराज आचार्य लगायत सम्पूर्ण शाखा तथा वडा कार्यालयका कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी यस कार्यमा महत्वपूर्ण सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने जनप्रतिनिधि मित्रहरूपनि आभार प्रकट गर्दै सदा झै आगामी दिनमा पनि नगरपालिकाको समृद्दिमा रचनात्मक साथ एवम् सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

धन्यवाद
भाद्र, २०७८

**मेख बहादुर थापा**
**नगर प्रमुख**

# विषय-सूची


परिच्छेद १ : परिचय ........................................ १

१. पृष्ठभूमि ........................................ १

२. नगरपालिकाको संक्षिप्त परिचय ........................................ १

३. प्रतिवेदनको उद्देश्य ........................................ ६

४. प्रतिवेदन तयारी प्रक्रिया ........................................ ६

५. प्रतिवेदन तयारीका क्रममा आधार लिइएका दस्तावेजहरू ........................................ ७

परिच्छेद २ : समष्टिगत प्रगति प्रतिवेदन ........................................ ८

परिच्छेद ३ : नगरपालिका केन्द्र तथा शाखागत प्रगति ........................................ १६

१. कार्यालय सञ्चालन तथा व्यवस्थापन ........................................ १६

१.१ प्रशासन शाखा ........................................ १६

१.२ आर्थिक प्रशासन शाखा ........................................ १९

१.३ भण्डार शाखा ........................................ २४

१.४ राजश्व शाखा ........................................ ३२

१.५ सूचना प्रविधि शाखा ........................................ ३५

२. सामाजिक विकास क्षेत्र ........................................ ४१

२.१ शिक्षा, युवा तथा खेलकुद शाखा ........................................ ४१

२.२ स्वास्थ्य शाखा (स्वास्थ्य र आयुर्वेद) ........................................ ५८

२.३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........................................ ७८

२.४ सामाजिक सुरक्षा तथा पंजीकरण शाखा ........................................ ८२

३.	भौतिक पूर्वाधार विकास क्षेत्र.........................................................९१

३.१	योजना शाखा..............................................................................९१

३.२	प्राविधिक शाखा..........................................................................१००

३.३	प्रधानमन्त्री रोजगार कार्यक्रम................................................................१०४

४.	आर्थिक विकास क्षेत्र...................................................................११३

४.१	कृषि तथा पशुसेवा शाखा..........................................................११३

४.२	गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MED-PA)..................११९

५.	न्यायिक समिति..........................................................................१२३

६.	नापी शाखा..............................................................................१२५

परिच्छेद ४ : वडा कार्यालयहरूको प्रगति......................................................१२८

१.	१ नं. वडा कार्यालय....................................................................१२८

२.	२ नं. वडा कार्यालय....................................................................१३७

३.	३ नं वडा कार्यालय.....................................................................१४४

४.	४ नं. वडा कार्यालय....................................................................१५२

५.	५ नं. वडा कार्यालय....................................................................१५९

६.	६ नं. वडा कार्यालय....................................................................१६८

७.	७ नं. वडा कार्यालय....................................................................१७५

८.	८ नं. वडा कार्यालय....................................................................१८०

९.	९ नं. वडा कार्यालय....................................................................१८८

# परिच्छेद १ : परिचय

## १. पृष्ठभूमि

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई व्यवस्थापिका, कार्यपालिका र न्यायिक अधिकार सहित स्थानीय सरकारको रुपमा स्थापित गरेको छ । स्थानीय सरकार नागरीकहरुको सबैभन्दा नजिकको सरकार हो । स्थानीय तहले आफैले कानून बनाउँछ, नीति, कार्यक्रम तथा बजेट ल्याउँछ, कार्यान्वयन गर्छ, कर लगाउँछ, समिक्षा गर्छ, कमजोरीहरु सुधार गर्छ र अगाडी बढ्छ । जनताको दैनिक जीवन यापनका यावत विषयहरु देखि लिएर शिक्षा, स्वास्थ्य, मानवीय मूल्य मान्यता, भौतिक सुविधाहरुको अवस्था, आर्थिक स्थिति, कृषि उत्पादन अवस्था, भू उपयोग, प्राकृतिक स्रोतको उपलब्धता र उपयोग स्थिति, उद्योग धन्दा, व्यवसाय, आर्थिक समृद्धि, वातावरणीय सन्तुलन, सामाजिक एकता, साँस्कृतिक पहिचान, सबै वर्गको अधिकारको सुनिश्चतता, सबै प्रकारका विभेदको अन्त्य, सेवा प्रवाहको अवस्था जस्ता व्यापक विषयहरु स्थानीय सरकारको कार्य क्षेत्र भित्र पर्दछ ।

भिमाद नगरपालिकाले कोभिड नियन्त्रण, रोकथाम, नियन्त्रण र उपचारको उचित व्यवास्थापन गर्ने, अर्थतन्त्रलाई गतिशील तुल्याउने, आर्थिक, सामाजिक तथा पूर्वाधार क्षेत्रको विकास गर्ने, सेवा प्रवाहलाई सरल, सहज एवम् सुशासन कायम गर्ने मुख्य उद्देश्य लिई आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम ल्याएको थियो । बजेटले स्वास्थ्य सेवाको विस्तार गर्ने, रोजगारीका अवसर सिर्जना गर्ने, कृषि लगायतका उत्पादन क्षेत्रको प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रर्बधन, विकासको शिघ्र प्रतिफल प्राप्त हुने कार्यक्रम तथा आयोजनाहरु सञ्चालन, सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय पारदर्शी बनाइ सबै नागरिकको सर्वसुलभ पहुँच अभिवृद्दि गर्ने मुख्य प्राथमिकता राखेको थियो । बजेटका उद्देश्य र प्राथमिकता पूरा गर्ने गरी योजनाबद्द ढंगबाट सरोकारवालाहरूको सार्थक सहभागिता एवम् परिचालन गरी आर्थिक वर्ष २०७७।०७८ मा कार्यक्रम सञ्चालन तथा सेवा प्रवाह गरिएको थियो । नगरपालिकाले सम्पादन गरेका कार्यहरूको सार्वजनिकीकरण गरी पारदर्शिता, उत्तरदायित्व एवम् जवाफदेहिताको प्रवर्धन मार्फत सुशासनको प्रत्याभूति दिने उद्देश्यले आर्थिक वर्षभरिमा सञ्चालन गरिएको कार्यक्रमहरू, कार्यक्रम सञ्चालनमा भएको भौतिक तथा वित्तीय प्रगति, कार्यान्वयनमा भोगिएका समस्या तथा समाधानका उपायहरू समावेश गरेर नगरपालिकाको यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ ।

## २ नगरपालिकाको संक्षिप्त परिचय

### २.१ भिमाद नगरपालिकाको स्थापना

नेपालको मध्य पहाडी भागमा पर्ने भिमाद नगरपालिका गण्डकी प्रदेश, तनहुँ जिल्लाको दक्षिण पश्चिम भेगमा अवस्थित छ । नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा ३ वमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारको मिति २०७३/११/२२ को

निर्णय अनुसार नाम, वडा संख्या र सीमाना कायम गरिएको र नेपाल राजपत्रमा मिति २०७३/११/२७ को राजपत्रमा प्रकाशित भएपछि साविकका देहाय वमोजिमका गा.वि.स. हरुलाई समावेश गरी विधिवत रुपमा भिमाद नगरपालिकाको स्थापना भएको हो ।

**भिमाद नगरपालिकामा समावेश भएका साविकका गाउँ विकास समितिहरु**

| कायम भएका वडाहरु | साविकका गा.वि.स. हरु | समावेश भएका साविकका वडा | कैफियत |
|---|---|---|---|
| १ | किहुँ | १ - ९ | |
| | गजरकोट | ९ | |
| २ | अरुणोदय | १ - ९ | |
| ३ | माझकोट | ७ - ८ | |
| ४ | माझकोट | १ - ५ | |
| ५ | माझकोट | ९ | |
| | ऋषिङ्ग रानीपोखरी | ९ | |
| | साभुङ्ग भगवतीपुर | २ | |
| ६ | भिमाद | १ | |
| ७ | भानुमती | ७ | |
| | भिमाद | २,४,५,८,९ | |
| ८ | भानुमती | १,३,९ | |
| | भिमाद | ३,६,७ | |
| ९ | भानुमती | २,४,५,६,८ | |

## २.२ भिमाद नगरपालिकाको ऐतिहासिक चिनारी र नामाकरण

भिमाद नगरपालिकाको नामाङ्कनका सम्बन्धमा प्राचीन महाभारत किंवदन्ती अनुसार पाण्डवका ५ भाई छोरा मध्ये भिमसेनले आफ्नो समयमा सेती नदीमा बाँधेको बाँधलाई भिमबाँध भनिन्थ्यो । इतिहासको विकासक्रम र परिवर्तनसँगै भिमबाँध शब्दको अपभ्रंश भई भिमाद भन्न थालियो । भिमाद शब्द जनजिब्रोमा लोकप्रिय भएकोले यस स्थानको नाम भिमाद रहन गएको भन्ने भनाई छ । साविक भिमाद गाउँ विकास समिति समेत गाभिएर यो नगरपालिका स्थापना भएकोले सोही गा.वि.स. को नामलाई कायम राख्दै यस ऐतिहासिक स्थलको महिमा झल्काउने गरी **भिमाद नगरपालिका** नामाकरण गरिएको हो ।

## २.३ भौगोलिक अवस्थिति र क्षेत्रफल

यस नगरपालिकाको क्षेत्रफल १२९.२९ वर्ग किलोमिटर रहेको छ । यो नगरपालिका २७°५४'०९" उत्तरी अक्षाँश देखि २८°०१'२५" उत्तरी अक्षाँशसम्म र ८३°५८'०२.३७" पूर्वी देशान्तर देखी ८४°०९'४९" पूर्वी देशान्तरसम्म फैलिएको छ । समुन्द्र सतहदेखि न्यूनतम ३४१ मिटर (टुटुवा) देखि अधिकतम १३४७.०३ मिटर (कोटबाराही) सम्मको उचाईमा अवस्थित छ । यस नगरपालिकाको सिधा

मापन दूरी सरदर पूर्व पश्चिम लम्बाई १९.४७ कि.मि. र उत्तरदक्षिण चौडाई ११.९६ कि.मि. रहेको छ । यस नगरपालिकाको पूर्वमा म्याग्दे र ऋषिङ्ग गाउँपालिका, पश्चिममा हरिनाश गाउँपालिका, उत्तरमा शुक्लागण्डकी नगरपालिका र दक्षिणमा घिरिङ्ग गाउँपालिका पर्दछन् । यस नगरपालिकाका वडाहरूको क्षेत्रफल देहायअनुसार रहेको छ ।

| सि.नं. | वडा नं. | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|
| १ | १ | १९.२६ |
| २ | २ | १८.७ |
| ३ | ३ | १५.४१ |
| ४ | ४ | २३.३८ |
| ५ | ५ | १७.८२ |
| ६ | ६ | ३.२७ |
| ७ | ७ | ८.०१ |
| ८ | ८ | १०.५२ |
| ९ | ९ | १२.९२ |
| **जम्मा** | | **१२९.२९** |

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाईट

## २.४ धरातलीय तथा भूउपयोग अवस्था

नेपालको मध्य पहाडी क्षेत्रमा अवस्थित यो नगरपालिकाको अधिकाँश भाग पहाडी भिरालो प्रकारको छ । नदी तथा खोला दायाँबायाँ किनारहरुमा केही फाँटहरु रहेका छन् । कृषि उत्पादनको हिसाबले यहाँको भूभाग अत्यन्त उरवर प्रकारको छ । चरन तथा वन क्षेत्र पनि पर्याप्त भएकोले पशुपालनको पनि पर्याप्त सम्भावना छ । संघीय सरकार कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्रालय अन्तरगत राष्ट्रिय भूउपयोग परियोजना बाट तयार गरिएको Gaupalika/Nagarpalika Level Land Resorce Maps, Database and Reports 2075 अनुसार यस नगरपालिकाको कुल भूभागको भूउपयोगको अवस्था देहाय वमोजिम रहेको छ ।

| क्र.स. | जमिनको प्रकार | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ७२०९.५८ | ५५.५ |
| २ | वन | ४९७७.९० | ३८.३ |
| ३ | नदी तथा तालतलैया | २८४.३६ | २.२ |
| ४ | आवासीय क्षेत्र | २७९.५१ | २.२ |
| ५ | सार्वजनिक प्रयोग | २१८.०० | १.७ |
| ६ | व्यावसायिक प्रयोजन | १५.९६ | ०.१ |

| क्र.स. | जमिनको प्रकार | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|---|
| ७ | साँस्कृतिक तथा पूरातात्विक | २.२४ | ०.०२ |
| | जम्मा | १२९८७.५५ | १०० |

स्रोतः राष्ट्रिय भूउपयोग परियोजना प्रतिवेदन, २०७५



## २.५ घरधुरी तथा जनसाँख्यिक विवरण

वि.सं. २०७७ सालमा गरिएको घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिको वडागत जनसंख्या, घरधुरी संख्या र लैंगिक अनुपात देहाय अनुसार रहेको छ ।

| वडा नं. | लिङ्ग | | | जम्मा | जम्मा घरधुरी | प्रति परिवार औसत जनसंख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | अन्य | | | | |
| १ | २१०१ | १९७१ | ० | ४०७२ | ८१९ | ४.९७ | १.०७ |
| २ | २५५२ | २४७९ | ० | ५०३१ | ९१२ | ५.५२ | १.०३ |
| ३ | ९४८ | ९३६ | ० | १८८४ | ३५० | ५.३८ | १.०१ |
| ४ | ११।० | १०५१ | ० | २१६१ | ४२० | ५.१५ | १.०६ |
| ५ | २२६६ | २१३२ | ० | ४३९८ | ८८९ | ४.९५ | १.०६ |
| ६ | ३०७५ | २९५६ | ० | ६०३१ | १२६५ | ४.७७ | १.०४ |
| ७ | १५०४ | १४११ | ० | २९१५ | ५४९ | ५.३१ | १.०७ |
| ८ | १५२४ | १४७० | ० | २९९४ | ६०८ | ४.९२ | १.०४ |
| ९ | १८२३ | १७२७ | ० | ३५५० | ५६७ | ६.२६ | १.०६ |
| | १६९०३ | १६१३३ | ० | ३३०३६ | ६३७९ | ५.२५ | १.०५ |

स्रोतः घरधुरी सर्भेक्षण २०७७

## २.६ शैक्षिक वस्तुस्थिति

शैक्षिक सत्र २०७७ को नगरपालिकाको शिक्षासम्बन्धी अवस्थालाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | **विद्यालय संख्या** | | |
| | सामुदायिक विद्यालय | संख्या | ४३ |
| | संस्थागत विद्यालय | संख्या | १२ |
| | **जम्मा** | संख्या | ५५ |
| २ | **विद्यालय संख्या (एकाइ)** | | |
| | प्राथमिक | संख्या | २८ |
| | आधारभूत (१-८) | संख्या | ८ |
| | माध्यमिक (१-१०) | संख्या | ११ |
| | माध्यमिक (११-१२) | संख्या | ८ |
| ३ | **विद्यालय संख्या (तह)** | | |
| | प्राथमिक | संख्या | ५४ |
| | आधारभूत (६-८) | संख्या | २७ |
| | माध्यमिक (९-१०) | संख्या | १९ |
| | माध्यमिक (११-१२) | संख्या | ८ |

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| ४ | प्राविधिक शिक्षा (प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद मार्फत)<br>कृषि बाली विज्ञान | संख्या | १ |
| ५ | नमूना विद्यालयको लागि छनौट भएका विद्यालय (जनज्योति मा.वि. भिमाद - ६) | संख्या | १ |
| ६ | क्याम्पस | संख्या | १ |
| ७ | कक्षा १ मा खुद प्रवेश दर | प्रतिशत | ९५.९ |
| ८ | महिला शिक्षक अनुपात | | |
| | आधारभूत तह | प्रतिशत | ५६.१ |
| | प्राथमिक तह | प्रतिशत | ६०.५ |
| | निम्न माध्यमिक तह | प्रतिशत | ४०.७ |
| | माध्यमिक तह | प्रतिशत | २२ |
| ९ | शिक्षक विद्यार्थी अनुपात | | |
| | आधारभूत (१-५) | अनुपात | १:१२ |
| | आधारभूत (६-८) | अनुपात | १:२७ |
| | माध्यमिक (९-१०) | अनुपात | १:२६ |
| | माध्यमिक (११-१२) | अनुपात | १:८३ |

स्रोतः शैक्षिक वस्तुस्थिति २०७७/७८

## ३. प्रतिवेदनको उद्देश्य

भिमाद नगरपालिकाबाट आ.व. २०७७।७८ मा सम्पादित कार्यक्रमहरूको प्रगतिको वास्तविक अवस्था चित्रण गर्ने प्रमुख उद्देश्य रहेको यस प्रतिवेदनका विशिष्ट उद्देश्यहरु निम्नानुसार छन् ।

१. भिमाद नगरपालिकाको आ.व. २०७७।७८ मा सञ्चालित क्रियाकलापहरूको प्रगतिको अवस्था पत्ता लगाउने,

२. नगरपालिकाका सेवा प्रवाहका सम्बन्धमा पारदर्शी एवम् उत्तरदायी ढंगबाट सरोकारवालाहरूलाई सूसुचित गराउने,

३. कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या पहिचान गरी समाधानका उपायहरूको खोजी गर्ने,

४. आगामी दिनमा कार्यक्रम छनोट तथा कार्यान्वयनका लागि पृष्ठपोषण प्रदान गर्ने ।

## ४. प्रतिवेदन तयारी प्रक्रिया

नगरपालिकाको आ.व. २०७७।७८ को यस प्रगति प्रतिवेदन तयारी गर्दा अपनाइएका प्रक्रिया देहाय अनुसार रहेका छन् ।

१. प्रगति प्रतिवेदनको ढाँचा निश्चित गरी वडा तथा शाखामा कार्यरत जनशक्तिहरूलाई अभिमुखीकरण,

२. प्रतिवेदन तयारीका लागि आवश्यक तथ्यांक एवम् सूचना वडा तथा शाखाहरूलाई प्रदान,

३. वडा तथा शाखागत रूपमा प्रतिवेदन तयारीका लागि छलफल तथा सूचना संकलन,

४. वडा तथा शाखागत रूपम प्रतिवेदनको मस्यौदा तयार,

५. नगरस्तरमा प्रगति समीक्षा गोष्ठीको आयोजना गरी प्रस्तुतीकरण तथा सुझाव संकलन,

६. समीक्षा गोष्ठीमा प्राप्त सुझावका आधारमा वडागत तथा शाखागत प्रतिवेदनलाई अन्तिम रूप प्रदान,

७. नगरको एकीकृत प्रतिवेदनको मस्यौदा तयार गरी कार्यपालिकामा प्रस्तुत गरी सुझाव संकलन,

८. प्राप्त सुझावका आधारमा प्रतिवेदनलाई अन्तिम रूप प्रदान ।

## ५. प्रतिवेदन तयारीका क्रममा आधार लिइएका दस्तावेजहरू

यो प्रगति प्रतिवेदन तयारीको क्रममा **आधार लिएका** मुख्य दस्तावेजहरू निम्नानुसार रहेका छन् :

(१) वार्षिक नगर विकास योजना २०७७।०७८

(२) वार्षिक कार्यक्रम तथा खर्चको स्थिति (आर्थिक प्रशासन शाखा)

(३) भिमाद नगरपालिकाको खर्चको मापदण्ड, २०७६,

(४) नगर प्रोफाईल, २०७७

(५) कार्यपालिका, वडा समितिलगायत विभिन्न समितिका निर्णयहरू,

(६) वडा तथा शाखासँग सम्बन्धित तथ्यांक तथा अभिलेखहरू,

(७) वडा तथा शाखाबाट गरिएको प्रस्तुतीकरण,

(८) कार्यपालिकामा प्राप्त सुझावहरू ।

# परिच्छेद २ : समष्टिगत प्रगति प्रतिवेदन

यस परिच्छेदमा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को प्रगतिको अवस्थालाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

**१. प्रशासन शाखा**

- कार्यपालिकाको वैठकः २२
- नगरसभाः २ आठौं र नवौं
- विविध वैठकः ९
- सार्वजनिक जग्गा संरक्षण सम्बन्धी कार्यदलको वैठकः २
- कोभिड -१९ संग सम्बन्धीत वैठकः ६
- वार्षिक समिक्षा वैठक : २०७७ माघ ११ गते
- विधेयक समितिको वैठक : ३
- विषयगत समिति वैठकः २
- कर्मचारी विज्ञापनः ९ (सेवा करारमा कर्मचारी भर्नाः ११ जना)
- वजेट तर्जुमा तथा स्रोत अनुमान समिति वैठकः ३
- भूमि सम्वन्धि समस्या समाधान आयोग सम्वन्धी वैठकः ४
- स्थानीय विपद व्यवस्थापन समितिको वैठकः ४
- कानून निर्माण (७ वटा नया, १ वटा संशोधन)

**२. भण्डार शाखा**

**तालिकाः आ.व.०७४/७५-०७७/७८ सम्म भएको खर्च विवरण**

| सि.नं. | आर्थिक वर्ष | खर्च भएर जाने सामानको खर्च रकम (रु.) | खर्च भएर नजाने सामानको खर्च रकम (रु.) | जम्मा खर्च रकम (रु.) |
|---|---|---|---|---|
| १ | ०७४/७५ | ० | १,६८,३६,४८२.८३ | **१,६८,३६,४८२.८३** |
| २ | ०७५/७६ | ३६,६०,६०९.९९ | १,२६,१९,५७२.९५ | **१,६२,८०,१८२.९४** |
| ३ | ०७६/७७ | ६४,७३,०६०.५८ | ६५,१०,८२३.२६ | **१,२९,८३,८८३.८४** |
| ४ | ०७७/७८ | ८०,६७,९६८.१२ | ७०,१०,६९५.९० | **१,५०,७८,६६४.०२** |
| | **जम्मा** | **१,८२,०१,६३८.६९** | **४,२९,७७,५७४.९४** | **६,११,७९,२१३.६३** |

**३. राजश्व शाखा**

**नगरपालिकाको आ.व. ०७६/०७७ र ०७७/०७८ को राजश्व संकलनको विवरण**

| **क्र.सं.** | | **आ.व. २०७६/७७** | **आ.व. २०७७/७८** |
|---|---|---|---|
| १ | नगरपालिका(केन्द्र)को कुल राजश्व आम्दानी | १,९३,८०,०५५।- | २,६४,३९,५६८।८६ |
| २ | ९ वटा वडाहरुको कुल राजश्व आम्दानी | २५,६२,८४१।- | ३१,६४,१५६।- |
| | जम्मा | २,१९,४२,८९६।- | २,९६,०३,७२४।८६ |

## ४. आर्थिक प्रशासन शाखा

### ४.१ कुल बजेट निकासा र खर्च स्थिति

| स्रोत/शिर्षक | बजेट | निकासा | खर्च | निकासाको तुलनामा खर्च % | बाँकी रकम (निकासा-खर्च) |
|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | २१७११००० | १२०९८६५८.९७ | ९६४३२८१९ | ८६.१८ | १५४६०५२२.६१ |
| आ.ब. ०७६.७७ को नगद मौज्दात | ९९७९४००० | ९९७९४६८२.६४ | | | |
| समानिकरण अनुदान (संघ) | ११५१०००००० | ११५१०००००० | १०१७७०२९७ | ८८.४१ | १३३२९७०३ |
| राजश्व बाँडफाँड संघ | ८३५९८७२० | ८४६३९०९०.५ | ५३३०१८२४ | ६२.९७ | ३१३३७२६६.५ |
| समानिकरण अनुदान प्रदेश | १२१३७००० | १२१३७००० | ६६१८१७८ | ५४.५२ | ५८१८८२२ |
| राजश्व बाँडफाँड प्रदेश | ७९७२००० | १३१०७३७९.४ | १३८३५७५ | १०.५५ | ११७२३८०४.४ |
| शशर्त अनुदान संघ | २५२४५१४५० | २५२४५१४५० | २१८८२८९४३ | ८६.६८ | ३३६२२५०७ |
| समपुरक अनुदान संघ | ५०००००० | ५०००००० | ५०००००० | १०० | ० |
| समपुरक अनुदान प्रदेश | ५०००००० | २५००००० | ० | ० | २५००००० |
| विशेष अनुदान संघ | ५०००००० | ४९९९२५० | ४९६४२३३ | ९९.२८ | ३५०१७ |
| विशेष अनुदान प्रदेश | ५०००००० | ४९८४००० | ४९८४००० | १०० | ० |
| **जम्मा** | ६२२७६४१७० | ६११८११५११.५१ | ४९६३८५६१५ | ८१.१३ | ११५४२५८९६.५१ |

- जम्मा बाँकी रकमः- ११५४२५८९६.५१
- स्थानिय संचित कोष फिर्ताः- ७७६७०११८.५१
- संघिय संचित कोष फिर्ताः- ३३६५७५२४

  प्रदेश संचित कोष खाता फिर्ताः- ४०९८२५४

  दहत्तर बहत्तरको संकलन
- कुल संकलन (निकासी समेत):- २०७२६५५३
- संघमा पठाइएको (मुअकर र अग्रिम आयकर):- २७४०६३६
  - प्रदेशमा पठाइएको ४० प्रतिशतः-७१९४३६७
  - पालिकाको संचितकोषमा ६० प्रतिशतः- १०७९१५५०

### ४.२ चालु र पूँजीगत खर्च स्थिति

| सि.नं. | विवरण | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु खर्च | ३८८१३०१७० | ३१६८९६२४८ | ८१.६५ |
| २ | पुँजिगत खर्च | २३४६३४००० | १७९४८९३६७ | ७६.५० |
| | **जम्मा** | **६२२७६४१७०** | **४९६३८५६१५** | **७९.७१** |

## ४.३ क्षेत्रगत बजेट र खर्च स्थिति

| सि.नं. | क्षेत्र/उपक्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५५३३८०८० | ३४६९०३५५ | ६२.६९ |
| २ | सामाजिक विकास | २१३९३५७२० | १९६०८४४३४ | ६१.६६ |
| ३ | पूर्वाधार विकास | ११२५२५००० | ८३५३९६७४ | ७२.९३ |
| ४ | शुसासन तथा अन्तर्सम्बन्धित क्षेत्र | ५८५०००० | ४१५४८३५ | ७१.०२ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ९२६००० | ७२७७७९७० | ७८.५९ |
| | **जम्मा** | **६२२७६४१७०** | **४९६३८५६१५** | **७९.७१** |

## ४.४ बेरुजु स्थिति

| बउशिनं | आ.ब. ०७६।७७ सम्मको बेरुजु रकम रु. | | | | आ.ब. ०७६।७७ मा फछ्यौट | बाँकी बेरुजु जम्मा |
|---|---|---|---|---|---|---|
| | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | पेश्की | जम्मा | | |
| भिमाद नपा आ.ब. ०७३।७४ | ५४५१७५ | १०२८० | ० | ५५५४५५ | २७५२०० | २८०२५५ |
| भिमाद नपा आ.ब. ०७४।७५ | ० | २५३००० | २५०००० | ५०३००० | २२००० | ४८१००० |
| भिमाद नपा आ.ब. ०७५।७६ | ४७४३००० | ८२१००० | ० | ५५६४००० | ० | ४५४४७४५ |
| भिमाद नपा आ.ब. ०७६।७७ | ६९५१४२८ | ६४४३६९ | | ७५९५७९८ | ३८५३२५७ | ३७४२५४० |
| **कुल जम्मा** | **१२२३९६०३** | **१७२८६५०** | **२५००००** | **१४२१८२५३** | **४१५०४५७** | **९०४८५४०** |

## ४.५ सामाजिक सुरक्षा भत्ता वितरण

- पहिलो चौमासिक रु २७५६४५१०/-
- दोस्रो चौमासिक रु ३२४४१३३२/-
- तेस्रो चौमासिक रु ३५०५११०४/-

## ५. न्यायिक समिति

| सि.नं. | मुद्दाको विवरण | बाटो सम्बन्धी | लेन देन | साँध सिमाना जग्गा सम्बन्धी | माना चामल | घर बहाल | पारिवारिक वेमेल र गाली बेइज्जती | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | जम्मा निवेदन | ६ | ३ | ११ | १ | २ | ८ | ३१ |
| २ | समाधान भएका | ४ | २ | ९ | ० | २ | ६ | २३ |
| ३ | मेलमिलाप | ४ | २ | ९ | ० | २ | ६ | २३ |
| ४ | फैसला | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | तामेली | २ | १ | २ | १ | ० | १ | ७ |
| ६ | दरपीठ | | | | | | १ | १ |

- जम्मा प्राप्त निवेदन संख्या : ३१
- समाधान भएका विवाद संख्या : २३

- फैसला : ०
- तामेलीमा रहेको : ७
- दरपीठ गरिएको : १
- न्यायिक समितिको बैठक संख्या : २५

## ६. नापी शाखा

नापी शाखाबाट आ.व. २०७७।०७८ मा सम्पादित मुख्य कार्यहरूलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ :

| सि.नं. | विषय | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घर नक्सा सम्बन्धी विवाद | ३८ | |
| २ | बाटो सम्बन्धी विवाद | २७ | |
| ३ | कुलो सम्बन्धी विवाद | १७ | |
| ४ | पर्ति वा सार्वजनिक जग्गा सम्बन्धी | ११ | |
| ५ | निजी जग्गासम्बन्धी निवेदन | ६१ | |
| ६ | नदी, खोला अतिक्रमण तथा घाट लगाउने प्रयोजनार्थ नापजाँच | ४ | |
| ७ | वडा कार्यालय भवन निमार्णका लागि नापजाँच | वडा नं. ३, ४, ५ र ८ | |
| ८ | न्यायिक समितिमा परेका निवेदन उपर स्थलगत नापजाँच गरी प्रतिवेदन पेस | २३ वटा | |

## ७. विषयगत (शाखा) खर्च स्थिति

| क्र.सं. | विषयगत शाखा | कुल वार्षिक बजेट रु. | कुल वार्षिक खर्च रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | शिक्षा, युवा तथा खेलकुद | २१०८०६००० | १९४१२३००० | ९२.१ |
| २ | स्वास्थ्य शाखा संघीय सशर्त | ३२४६७००० | २७८९६१५७ | ८९.९ |
| | स्वास्थ्य शाखा नगरपालिका आन्तरिक | ७५३७००० | ५९८८४८७ | ७९.४ |
| ३ | आयुर्वेद शाखा सशर्त | ३१,००,००० | २९,७७,४५४ | ९६.०४ |
| | आयुर्वेद नगरपालिका आन्तरिक | १०,००,००० | ९,९७,७३४ | ९९.७७ |
| ४ | सामाजिक समावेशीकरण | ४६,८१,००० | १६,४०,८८६ | ३५.०५ |
| ५ | **सामाजिक सुरक्षा तथा पंजीकरण जम्मा** | **१०१४०००** | **९८४३३६** | **९७.०७** |
| | व्यक्तिगत घट्ना दर्ता किताव डिजिटाईजेशनका लागि परामर्श सेवा | ३८४००० | ३५८५४२ | ९३.३७ |
| | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सुचना प्रणाली सञ्चालानार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्प्युटर प्रिन्टर स्क्यानर तथा 4G wireless Dongle | ६३०००० | ६२५७९४ | **९९.३३** |
| | **योजना शाखा** | | | |
| | नगर तर्फको (समानिकरण तथा राजश्व बाँडफाँड) | ११८८६३८६४ | ८४८९६२०१ | **७१.४२** |
| | स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम | ७१४०००० | ६८३३८६१ | ९५.७१ |
| | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त | १८५०००००० | ११५६७८८० | ६२.५३ |

| क्र.सं. | विषयगत शाखा | कुल वार्षिक बजेट रु. | कुल वार्षिक खर्च रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ६ | अनुदान) | | | |
| | प्रदेश सरकार समपुरक अनुदान | ५००० | ० | ० |
| | संघीय सरकार समपुरक अनुदान | ५००० | ५००० | १०० |
| | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम शसर्त अनुदान | ३४०३० | १२९०४.७५९ | ३७.९२ |
| | **जम्मा** | **१८८५३३८६४** | **१२१२०२७०१** | **६४.२८** |
| ७ | प्रधानमन्त्री रोजगार कार्यक्रम सशर्त | ८४७२००० | ३७३९६५७ | ४४.१४ |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम आन्तरिक | १००००० | ९२००० | ९२ |
| ८ | पशु सेवा शाखा | ९५६०००० | ६४४५००० | ६७.४२ |
| ९ | कृषि शाखा सशर्त | २९००००० | २१४२००० | ८९.३ |
| | कृषि शाखा आन्तरिक | १२७००००० | ५२७४२०० | ४१.५ |
| १० | गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | १२०८४०० | २६७००० | २२.०९ |

**सातौ, आठौ नगरसभा र एकमुष्ठ शिर्षकको नगरकार्यपालिकावाट स्वीकृत योजनाहरु मध्ये योजना शाखावाट संचालित योजनाहरुः**

- नगरको वजेटवाटः विनियोजित रु. ११,८८,६३,८६४।-
- खर्च रु. ८,४८,९६,२०१।-
- मौज्दात रु. ३,३९,६७,६६३।-
- नगरसभावाट स्वीकृत योजना संख्याः ३७
- एकमुष्ठ शिर्षकवाट भएका योजना संख्याः ११३
- जम्मा स्वीकृत योजना संख्याः १५०
- कार्यान्वयन भएको संख्याः १४४
- कार्यान्वयन नभएकोः ६
- विनियोजन मध्ये खर्च प्रतिशतः ७१.४२

**नगरतर्फको योजना शाखावाट संचालित क्षेत्रगत विवरणः**

- सडक (पिच, ढलान, स्तरोन्नती) तर्फका योजनाः ६४ वटा
- खर्च रु ३,१७,३०,०२२।
- भवन (संस्थागत, सामुदायिक) तर्फका योजनाः ३५ वटा
- खर्च रु ३,६७,९३,८८८।
- खानेपानी तथा सरसफाइ (मर्मत, एकघर एक धारा,पाइप) तर्फका योजनाः १९ वटा
- खर्च रु ५६,४२,६५५।
- धार्मिक, संस्कृति संरक्षण तथा पर्यटन क्षेत्र विकास तर्फका योजनाः १६ वटा
- खर्च रु ५४,५२,६९९।
- अन्य (परामर्श, तालिम लगायत) योजना संख्याः १० वटा

- खर्च रु ५२,७८,०१९।

**एकमुष्ठ विनियोजन भएका शिर्षकहरुवाट नगरकार्यपालिकाबाट विनियोजन गरी योजना शाखावाट संचालन भएका योजनाहरुः-**

- लागत सहभागिता शिर्षकः २१ वटा योजना
- आदिवासी जनजाती सम्वन्धी कार्यक्रमः २ वटा
- परम्परागत पेशा व्यवसाय प्रवर्द्धनः ८ जना
- अन्य खानेपानी योजनाहरुः ८ वटा
- नगरकार्यपालिकाको निर्णय अनुसार सडक भौतिक पूर्वाधार निर्माण मर्मत सुधार शिर्षकवाटः ४३ वटा
- कोरोना संक्रमण रोकथाम नियन्त्रण शिर्षकवाटः २ वटा
- वडा नं ३ र ४ को वडा कार्यालय भवन निर्माण शिर्षकः २ वटा
- विपद व्यवस्थापन कोष शिर्षकः ११ वटा
- समपुरक योजनाहरुः ३ वटा
- डिपिआर लगायत पूजिगत परामर्शवाटः २ वटा
- कम्प्युटर सफ्टवयेर निर्माण/खरिदवाटः १ वटा
- युवा लक्षित सीप विकास तालिमवाटः २ वटा
- निर्मित सार्वजनिक सम्पत्ती मर्मत सुधारवाटः ५ वटा
- न.पा. र वडा कार्यालयको भवन निर्माण/खरिदः २ वटा
- पुजिगत सुधार खर्च सार्वजनिक निर्माणवाटः १ वटा
- कुल जम्मा स्वीकृत योजनाहरुः ११३ वटा
- कार्यान्वयन भएका योजनाहरुः ११० वटा, संचालन नभएकाः ३ वटा

**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फको योजना तथा कार्यक्रमहरुको समग्र प्रगतिः**

- योजना संख्याः ६ वटा
- सडक स्तरोन्नतीः ३ वटा
- भवन तर्फः २ वटा
- खानेपानीः १ वटा
- विनियोजन रु. ७१,४०,०००।
- खर्च रु. ६८,३३,८६१।
- मौज्दात रु. ३०६१३९।
- खर्च प्रतिशतः ९५.७१

**संचालन हुन नसकेका योजना/कार्यक्रमहरुः**

- नगर तर्फकोः ६ वटा रु. ५१,८१,४००।
- संघीय सशर्त तर्फकोः ३ वटा रु. ७,००,०००।
- जम्माः ९ वटा

## ८. प्राविधिक शाखा

भिमाद नगरपालिका अन्तर्गतका भौतिक निर्माण योजना सम्वन्धि तथ्याङ्क

| सि नं | कार्य विवरण | आ.व ७६/७७ जम्मा | आ व ७७/७८ | | | | | | | | | आ.व ७७/७८ सम्म कुल | २०७७-७८ को जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | वडा नं ८ | वडा नं ९ | | |
| १ | कालोपत्रे तथा ढलान सडक निर्माण योजना ( मिटर) | 12102 | 20 | 186 | 83 | 0 | 135 | 744.5 | 0 | 210 | 204 | 13685 | 1583 |
| २ | नयाँ ट्र्याँक निर्माण (मिटर) | 61387 | 13150 | 9275 | 4800 | 4664 | 2650 | 75 | 200 | 2100 | 2465 | 100766 | 39379 |
| ३ | मन्दीर पाटी पौवा विश्रामस्थल निर्माण (संख्या) | 44 | 2 | 1 | 0 | 2 | 0 | 0 | 8 | 2 | 1 | 60 | 16 |
| ४ | सडक चौडाइ विस्तार (मिटर) | 53014 | 5892 | 1500 | 3700 | 1850 | 7000 | 0 | 580 | 0 | 775 | 74311 | 21297 |
| ५ | कज वे निर्माण (मिटर) | 76 | 26 | 0 | 6 | 3.9 | 7 | 36 | 4 | 0 | 0 | 159 | 83 |
| ६ | कल्भर्ट निर्माण (संख्या) | 14 | 0 | 0 | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 | 16 | 2 |
| ७ | खानेपानी पाइपलाइन विस्तार (मिटर) | 44392 | 1540 | 3432 | 300 | 4000 | 5074 | 400 | 0 | 0 | 10980 | 70118 | 25726 |
| ८ | खानेपानी टंकी निर्माण (घ.मी.) | 222 | 20 | 82 | 10 | 0 | 6 | 1.5 | 18 | 7 | 41 | 408 | 186 |
| ९ | पक्की कुलो निर्माण तथा स्तरोन्नति (मिटर) | 1571 | 182.5 | 44 | 148 | 111 | 245 | 0 | 0 | 132 | 0 | 2434 | 863 |
| १० | साना तथा काठे पुल मर्मत (संख्या) | 2 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 3 | 1 |
| ११ | ग्राभल सडक निर्माण (मिटर) | 16891 | 250 | 2230 | 450 | 0 | 200 | 100 | 0 | 0 | 0 | 20121 | 3230 |
| १२ | भवन निर्माण तथा मर्मत (संख्या) | 162 | 5 | 5 | 4 | 4 | 2 | 2 | 3 | 0 | 3 | 190 | 28 |
| १३ | गेवियन वाल निर्माण (संख्या) | 496 | 0 | 21 | 0 | 5 | 30 | 25 | 4 | 29 | 8 | 618 | 122 |
| १४ | रिटेनिङ्ग वाल निर्माण (मिटर) | 1061 | 0 | 236 | 88 | 77 | 189.5 | 463.6 | 0 | 157 | 141 | 2413 | 1352 |
| १५ | शार्वजनिक शौचालय निर्माण (संख्या) | 18 | 2 | 5 | 2 | 4 | 2 | 0 | 4 | 1 | 4 | 42 | 24 |
| १६ | कच्ची नाली निर्माण (मिटर) | 15844 | 64 | 0 | 300 | 1980 | 400 | 0 | 1150 | 0 | 2150 | 21888 | 6044 |
| १७ | टिक नाली निर्माण (मिटर) | 1982 | 0 | 0 | 15 | 10 | 240 | 348 | 263 | 0 | 0 | 2858 | 876 |
| १८ | पक्की नाली निर्माण (मिटर) | 5213 | 0 | 201 | 209 | 107.8 | 70 | 376.5 | 347 | 1485 | 440 | 8449 | 3236 |

## आ.व २०७७/७८ को भौतिक निर्माण विवरण (ठेक्का तर्फ)

| सि.नं | योजनाको नाम | प्रगति प्रतिशत |
|---|---|---|
| १ | वडा भवन निर्माण वडा नं ७ निर्माण योजना | सम्झौता गरी कार्य आरम्भको चरणमा रहेको |
| २ | १५ शैयाको अस्पताल निर्माण योजना | सम्झौता गरी कार्य आरम्भको चरणमा रहेको |
| ३ | फुलबारी विरुवाटार मोटर मार्ग निर्माण योजना | १०० |
| ४ | बरपोखरी पाथर्दी मोटरमार्ग निर्माण योजना | ४० |
| ५ | भिमकाली मार्ग मर्मत योजना (सडक बोर्ड नेपाल) | ८० |
| ६ | लागत सहभागितामा कृषि सामाग्री खरिद योजना | १०० |
| ७ | नगरपालिकामा पहिलो तला ट्रस निर्माण योजना | १०० |
| ८ | भिमकाली मार्ग कटिङ्ग योजना | १०० |
| ९ | ह्युम पाईप खरिद योजना | १०० |

## आ.व २०७७/७८ को घर कायम तथा नयाँ घर निर्माण सम्बन्धि विवरणः-

| सि.नं. | घर नक्शा प्रकार | सम्पन्न संख्या | कैफियत |
|---|---|---|---|
| १ | नयाँ घर नक्सा | ३ | पुरानो घर कायमः १४५ |

## ९. वडागत बजेट विनियोजन तथा खर्च स्थिति

| सि.नं. | वडा नं. | जम्मा बजेट रु. | जम्मा खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | १ | ११७७५००० | ११०१९००० | ९३.५७ |
| २ | २ | ११८००००० | १०८७९७५६ | ९२.२ |
| ३ | ३ | ७५५०००० | ७२७३८५५ | ९६.३४ |
| ४ | ४ | ६७५००००/- | ६२८६८६५ | ९३.१४ |
| ५ | ५ | १३४००००० | ११५०४९२९ | ८५.८५ |
| ६ | ६ | १०८५०००० | ९७७२१४८ | ९०.०६ |
| ७ | ७ | १०५५०००० | ९१७३८२४ | ८६.९५ |
| ८ | ८ | ११६५०००० | ९६१८८९१ | ८२.५६ |
| ९ | ९ | १०८५०००० | १०४७३९५६ | ९६.५३ |

# परिच्छेद ३ : नगरपालिका केन्द्र तथा शाखागत प्रगति

भिमाद नगरपालिकाको संगठनात्मक संरचना अनुसार रहेका विभिन्न शाखाहरूको आर्थिक वर्ष २०७७।०७८ को शाखागत प्रगतिको अवस्थालाई विस्तृत रूपमा यस परिच्छेदमा प्रस्तुत गरिएको छ । शाखाहरूले कार्यसम्पादन गर्दा संघीय सरकार र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरित भई प्राप्त हुन आएका ससर्त, समपूरक तथा विशेष अनुदानका साथै नगरपालिकाको आन्तरिक स्रोत एवम् समानीकरण अनुदानबाट विनियोजित कार्यक्रमहरूको कार्यसम्पादन र तोकिएको सेवा प्रदान गर्ने कार्य गर्दछन् । कार्यक्रम कार्यान्वयनका लागि प्रचलित ऐन, नियमावली तथा मापदण्डहरूका अलावा कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत निर्देशिका एवम् कार्यविधिलाई आधार मान्नु पर्ने व्यवस्था छ । यस परिच्छेदमा शाखागत रूपमा कार्यक्रम कार्यान्वयनको पृष्ठभूमि, कार्यक्रम कार्यान्वयनका उद्देश्य, वर्तमान तथ्यांकीय अवस्था, कार्यक्रम कार्यान्वयनका आधार, बजेट शीर्षक अनुसारको समष्ठिगत प्रगतिका साथै कार्यक्रम अनुसारको भौतिक एवम् वित्तीय प्रगतिलाई देखाइएको छ । यसका साथै कार्यक्रम कार्यान्वयनका क्रममा गरीएका असल अभ्यास, समस्या तथा समाधानका उपायहरू समेत प्रस्तुत गरिएको छ ।

## १. कार्यालय सञ्चालन तथा व्यवस्थापन

## १.१ प्रशासन शाखा

### १.१.१ पृष्ठभूमि

मिति २०७३/११/२७ मा विधिवतरुपमा साविकका ४ गाउँ विकास समितिहरु (भिमाद, अरुणोदय, किहुँ र भानुमति) को पुरै भूभाग र ४ वटा गाउँ विकास समितिहरु (माझकोट, गजरकोट, ऋषिङ रानिपोखरी र साभुङ भगवतीपुर) का केही भूभागहरु समावेश गरी ९ वटा वडाहरु रहने गरी भिमाद नगरपालिकाको गठन भएको हो । भिमाद नगरपालिकाको विधिवतरुपमा स्थापना भए पश्चात साविक भिमाद गाउँ विकास समितिको भवनलाई प्रशासकीय भवनको रुपमा प्रयोग गरीदै आएको छ । जसमध्ये कर्मचारी प्रशासन लगायत प्रशासनिक कामकाजको व्यवस्था मिलाउने जिम्मेवारीको रुपमा यो शाखावाट कार्य भै रहेको छ । यस शाखावाट भिमाद नगरपालिका र अन्तरगतका कार्यालय, शाखाहरु एवं वडा कार्यालयमा प्रशासनिक कामकारवाहीका लागि गरीने आवश्यक कार्यहरु गरीदै आएको छ ।

### १.१.२ वार्षिक कार्यक्रमका उद्देश्य

- कर्मचारी खटनपटन, रिक्त दरवन्दीहरुको पदपूर्तिको एवं व्यवस्थापन,
- कर्मचारी प्रशासनको अभिलेख व्यवस्थापन,
- वैठक व्यवस्थापन, नगरसभा, नगरकार्यपालिका एवं विभिन्न वैठकका निर्णयहरुको सुरक्षा,
- कानूनहरुको प्रकाशन एवं वितरण,
- अनुगमन तथा मुल्यांकन,
- विपद व्यवस्थापन ।

### १.१.३ विद्यमान अवस्था

- नेपाल सरकारवाट स्वीकृत स्थायी दरवन्दी संख्याः ९१ (स्वास्थ्य समेत)
- कार्यरत स्थायी कर्मचारीः ४५
- रिक्त स्थायी दरवन्दी संख्याः ४६

- सेवा करारमा कार्यरत कर्मचारी संख्याः ९५ (स्वास्थ्य, कार्यालय सहयोगी, नगर प्रहरी, प्राविधिक, भूकम्प, मेडपा, सामाजिक सुरक्षा/पंजिकरण, रोजगार सेवा केन्द्र लगायत नगरसभावाट स्वीकृत पदहरु समेत)
- प्रशासन शाखामा कार्यरतः अधिकृत सातौं-१, कम्प्युटर अपरेटर-१, सहायक पाचौं-१

### १.१.४ कार्यक्रम कार्यान्वयन गर्दा अपनाईएका आधार तथा प्रक्रियाहरू

- नेपालको संविधान २०७२,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय सरकारका मार्ग निर्देशन तथा नमूना कानूनहरु,
- स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ (गण्डकी प्रदेश)
- भिमाद नगरपालिकाबाट स्वीकृत ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिकाहरु,
- संघ, प्रदेश तथा नगरपालिकाको कानून एवं मार्गनिर्देशनहरु,
- अनुगमन तथा मुल्यांकन ।

### १.१.५ वार्षिक समष्टिगत कार्य सम्पादनको अवस्था

#### क. वार्षिक समष्टिगत अवस्था

- कार्यपालिकाको वैठकः २२
- नगरसभाः २ आठौ र नवौं
- विविध वैठकः ९
- सार्वजनिक जग्गा संरक्षण सम्बन्धी कार्यदलको वैठकः २
- कोभिड -१९ संग सम्बन्धीत वैठकः ६
- वार्षिक समिक्षा वैठक : २०७७ माघ ११ गते
- विधेयक समितिको वैठक : ३
- विषयगत समिति वैठकः २
- कर्मचारी विज्ञापनः ९ (सेवा करारमा कर्मचारी भर्नाः ११ जना)
- वजेट तर्जुमा तथा स्रोत अनुमान समिति वैठकः ३
- भूमि सम्वन्धि समस्या समाधान आयोग सम्वन्धी वैठकः ४
- स्थानीय विपद व्यवस्थापन समितिको वैठकः ४

#### ख. कानून निर्माण (७ वटा नया, १ वटा संशोधन)

- भिमाद नगरपालिकाको शिक्षा ऐन, २०७७
- भिमाद नगरपालिकाको खर्चको मापदण्ड, २०७६ पहिलो संशोधन
- भिमाद नगरपालिकाको कृषक समुह गठन तथा परिचालन सम्वन्धी कार्यविधि २०७७
- भिमाद नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्वन्धी कार्यविधि २०७७
- भिमाद नगरपालिकाको दुग्ध उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
- भिमाद नगरपालिकाको विनियोजन ऐन, २०७८
- भिमाद नगरपालिकाको आर्थिक ऐन, २०७८
- भिमाद नगरपालिकाको शिक्षा नियमावली, २०७८

### १.१.६ असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु

- स्थानीय तह स्वमूल्यांकनवाट यस नगरपालिकाले ५७.५ अंक हासिल गरेको,
- कर्मचारीको अभावलाइ मध्यनजर गरी सीमित कर्मचारीहरुवाट जिम्मेवारी वाँडफाँड गरी सेवा प्रवाहलाई सेवाग्राहीको सहज पहुच हुने गरी व्यवस्थापन गरिएको,
- नगरपालिका स्थापना भए पश्चात स्वीकृत कानूनहरुको संगालो प्रकाशन गरिएको,
- नगरसभा र नगरकार्यपालिकाको वैठकका निर्णयहरु कम्प्युटरीकृत गरिएको,
- नगर एवं वडा कार्यालयवाट प्रवाह हुने सेवालाइ गुणस्तरीय वनाउन अत्यावश्यक तालिम प्रदान गरिएको,
- नगरको डिजिटल प्रोफाइल तयार गरिएको,
- मनसुनवाट क्षति भएका २५ वटा घरको पुनर्निर्माणको लागि सिफारिस गरिएको ।

### १.१.७ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू

- स्थानीय तह स्वमूल्यांकनमा यस नगरपालिकाले ५७.५ अंक हासिल गर्न सफल भएको,
- निर्मित कानूनहरुको सुरक्षित भण्डारण गरिएको,
- कार्यालयको वेवसाइट थप व्यवस्थित गरिएको,
- नगर र वडा कार्यालयवाट हुने सेवा प्रवाहमा गुणस्तरीयता कायम भएको,
- प्राप्त एवं प्रेषित चिठीपत्रहरु कम्प्युटरीकृत गरिएको,
- अत्यावश्क कर्मचारीहरुको भर्ना/पदपूर्ती गरिएको,
- विपद व्यवस्थापन ।

### १.१.८ कार्यक्रम कार्यान्वयनमा आइपरेका प्रमुख समस्याहरू

- स्वीकृत दरवन्दी अनुसार कर्मचारीको अभाव,
- सेवा करारमा कार्यरत कर्मचारीहरुवाट संवेदनशिल कार्यहरु गरीनु पर्दाको जोखिम,
- कर्मचारी अभावले नियमितरुपमा कार्यालय एवं शाखाहरुको अनुगमन हुन नसक्नु,
- प्रशासनिक भवनको अभावले शाखाहरुवाट सेवा प्रवाह एवं वसाइ व्यवस्थापनमा असहज,
- स्वीकृत संरचना अनुसार शाखा/उपशाखाको व्यवस्था नहुँदा नतोकिएका जिम्मेवारीहरु प्रशासन शाखावाट नै गर्नु पर्ने वाध्यता रहेको,
- एक पद जिम्मेवारी अनेक हुँदा कर्मचारीवाट हुने सेवा प्रवाहको जोखिम एवं प्रोत्साहनको व्यवस्था नहुनु,
- कर्मचारीको कार्यक्षमताको मुल्यांकन गर्न नसकिनु,
- कानूनको कर्मचारी दरवन्दी नहुँदा कानून निर्माण एवं कानूनहरु स्वीकृत, प्रकाशन तथा भण्डारणमा समस्या ।

### १.१.९ समस्या समाधानका उपायहरू

- स्वीकृत दरवन्दी अनुसार स्थायी कर्मचारी आपूर्ति (काज/सरुवा) को लागि पहल गरीनु पर्ने,
- कामको जिम्मेवारी अनुसार कर्मचारीलाई अपनत्ववोध हुने गरी तालिम/प्रोत्साहनको सुविधा गर्नु पर्ने,
- प्रशासनिक भवनको निर्माण हुनु पर्ने,
- स्वीकृत संरचना अनुसार शाखा/उपशाखाको व्यवस्था मिलाउनु पर्ने,

- कानूनको जानकार कर्मचारीको व्यवस्था गरीनु पर्ने,
- कर्मचारीको आचरण, नियमितता, कर्मचारी पोषाक लगायतमा नियमपूर्वक पालना भए/नभएको विषयको अनुगमनमा जनप्रतिनिधि लगायत सवैले आ-आफ्नो तहवाट सहयोग गर्नुपर्ने ।

### १.१.१० निष्कर्ष

आर्थिक वर्ष २०७७/०७८ मा पनि कोरोना भाइरसको संक्रमणले सिर्जना गरेको असहज परिस्थितिलाइ सामना गर्न प्रशासन शाखावाट अग्रस्थानमा रही नियमितरुपमा सेवा प्रवाहलाई निरन्तरता दिइएको थियो । नियमितरुपमा अनुगमन तथा कर्मचारी व्यवस्थापनलाई प्रभावकारी वनाउन नसकिए तापनि अत्यावश्यक कर्मचारीहरु भर्ना गरी सेवा प्रवाह एवं कोरोना भाइरसको संक्रमण रोकथामको लागि पहल गरीएकै हो । स्थानीय तहको स्वमुल्यांकनको परिणाम अनुसार यस नगरपालिकाले ५७.५ अंक हासिल गरेको छ । आगामी दिनमा स्वमुल्यांकनको अंकलाइ उत्कृष्ट वनाउने तर्फ अभिलेख व्यवस्थापनमा जनप्रतिनिधि, सवै शाखाहरु एवं अन्तरगतका कार्यालयहरुले अत्यन्त जिम्मेवारीपूर्वक ध्यान दिनु पर्ने देखिन्छ । स्वीकृत दरवन्दी संख्या भन्दा करार सेवामा कार्यरत कर्मचारीको संख्या अत्यधिक भएको हुँदा सवै कर्मचारीहरुले आ-आफ्नो जिम्मेवारीको अपनत्ववोध गरी गुणस्तरीय सेवा प्रवाह गरेमा भिमाद नगरपालिकाले राखेका लक्ष्य र उद्देश्य अनुरुपको सुन्दर भिमाद नगर स्थापित गर्न सकिने देखिन्छ ।

## १.२ आर्थिक प्रशासन शाखा

### १.२.१ पृष्ठभूमि

कुनै पनि कार्यालयहरुको आर्थिक प्रशासन संचालनका लागि आर्थिक प्रशासन शाखा रहेको हुन्छ। कार्यालयको बजेट, आम्दानी तथा खर्चलाई तोकिएको ढाँचामा अभिलेख राखी सम्बन्धित निकायहरुमा प्रतिवेदन गर्ने, आन्तरिक तथा अन्तिम लेखा परिक्षण गराउने, कार्यालयका लागि आवश्यक वित्तिय सूचना तथा आर्थिक राय उपलब्ध गराउने आर्थिक प्रशासन शाखाको प्रमुख कार्यहरु हुन । यो प्रतिवेदनमा भिमाद नगरपालिकाको आर्थकि प्रशासन शाखाले आर्थिक बर्ष २०७७/७८ मा गरेका सम्पूर्ण गतिविधिहरुलाई संक्षेपिकरण गरी प्रस्तुत गरिएको छ ।

### १.२.२ बार्षिक कार्यक्रमका उद्देश्यः-

आर्थिक प्रशासनबाट प्रवाह हुने सेवाका उद्देश्यहरु देहायअनुसार रहेका छन् ।

१. कार्यालयको बजेट निर्माणमा सहयोग गर्नु,
२. बार्षिक बजेटमा उल्लेख भएबमोजिमका आम्दानीका श्रोतहरुबाट आम्दानी प्राप्त गरी अभिलेख राख्नु,
३. कार्यालयका नाममा खोलिएका बैंक खाताहरुको संचालन गर्नु,
४. भुक्तानीका लागि प्राप्त विल भरपाईहरु रुजु गरी नियमानुसार भुक्तानी गर्नु,
५. धरौटिको अभिलेख तथा लेखांकन गर्नु,
६. कार्यालयका लागि आवश्यक बित्तिय सूचनाहरु उपलब्ध गराउनु,
७. आन्तरिक तथा अन्तिम लेखा परिक्षण गर्नु,
८. लेखापरिक्षणबाट देखिएका बेरुजुको नियमित गराउनु, असुल उपर गराई फछ्र्यौट गर्नु । आदी

### १.२.३ सेवा प्रवाहका आधारहरुः-

आर्थिक प्रशासन शाखाबाट सेवा प्रवाह गर्दा देहायका व्यवस्थालाई कानुनी आधारका रुपमा लिइएको हुन्छ ।

क. नेपालको संविधान, २०७२

ख.स्थानिय सरकार संचालन ऐन, २०७४

ग. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६

घ. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७

ङ. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४

च. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

छ.गण्डकी प्रदेश सरकारबाट जारी भएका आर्थिक कार्यविधि ऐन तथा नियमावली

ज. अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७५

झ.भिमाद नगरपालिकाको खर्चको मापदण्ड, २०७६

ञ.भिमाद नगरपालिकाको उपभोक्ता समितिहरुको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

ट. विषयगत मन्त्रालयहरुको कार्यक्रम कार्यान्वयन/संचालन पुस्तिका ।

### १.२.४कुल आय र व्ययको विवरण

| स्रोत/शिर्षक | बजेट | निकासा | खर्च | निकासाको तुलनामा खर्च % | बाँकी रकम (निकासा-खर्च) |
|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | २१७११००० | १२०९८६५९ | ९६४३२८१९ | ८६.१८ | १५४६०५२२.६१ |
| आ.ब. ०७६.७७ को नगद मौज्दात | ९९७९४००० | ९९७९४६८२.६ | | | |
| समानिकरण अनुदान संघ | ११५१००००० | ११५१००००० | १०१७७०२९७ | ८८.४१ | १३३२९७०३ |
| राजश्व बाँडफाँड संघ | ८३५९८७२० | ८४६३९०९०.५ | ५३३०१८२४ | ६२.९७ | ३१३३७२६६.५ |
| समानिकरण अनुदान प्रदेश | १२१३७००० | १२१३७००० | ६६१८१७८ | ५४.५२ | ५८१८८२२ |
| राजश्व बाँडफाँड प्रदेश | ७९७२००० | १३१०७३७९.४ | १३८३५७५ | १०.५५ | ११७२३८०४.४ |
| शशर्त अनुदान संघ | २५२४५१४५० | २५२४५१४५० | २१८८२८९४३ | ८६.६८ | ३३६२२५०७ |
| समपुरक अनुदान संघ | ५०००००० | ५०००००० | ५०००००० | १०० | ० |
| समपुरक अनुदान प्रदेश | ५०००००० | २५००००० | ० | ० | २५००००० |
| विशेष अनुदान संघ | ५०००००० | ४९९९२५० | ४९६४२३३ | ९९.२८ | ३५०१७ |
| विशेष अनुदान प्रदेश | ५०००००० | ४९८४००० | ४९८४००० | १०० | ० |
| **जम्मा** | **६२२७६४१७०** | **६११८११५१२** | **४९६३८५६१५** | **८१.१३** | **११५४२५८९६.५** |

- जम्मा बाँकी रकमः- ११५४२५८९६.५१
- स्थानिय संचित कोष फिर्ताः- ७७६७०११८.५१
- संघिय संचित कोष फिर्ताः- ३३६५७५२४
- प्रदेश संचित कोष खाता फिर्ताः- ४०९८२५४

### १.२.५ दहत्तर र बहत्तर वापतको राजश्व

- कुल संकलन (निकासी समेत):- २०७२६५५३
- संघमा पठाइएको (मुअकर र अग्रिम आयकर):- २७४०६३६
- प्रदेशमा पठाइएको ४० प्रतिशतः-७१९४३६७
- पालिकाको संचितकोषमा ६० प्रतिशतः- १०७९१५५०

### १.२.६ चालु खर्च र पुँजिगत खर्चको स्थिति

| विवरण | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | ३८८१३०१७० | ३१६८९६२४८ | ८१.६५ |
| पुँजिगत खर्च | २३४६३४००० | १७९४८९३६७ | ७६.५ |
| **जम्मा** | **६२२७६४१७०** | **४९६३८५६१५** | **७९.७१** |

### १.२.७ क्षेत्रगत बजेट र खर्चको विवरण

| क्षेत्र/उपक्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५५३३८०८० | ३४६९०३५५ | ६२.६९ |
| सामाजिक विकास | २१३९३५७२० | १९६०८४४३४ | ६१.६६ |
| पूर्वाधार विकास | ११२५२५००० | ८३५३९६७४ | ७२.९३ |
| शुसासन तथा अन्तर्सम्बन्धित क्षेत्र | ५८५०००० | ४१५४८३५ | ७१.०२ |
| कार्यालय संचालन तथा प्रशासनिक | ९२६००० | ७२७७७९७० | ७८.५९ |
| **जम्मा** | **६२२७६४१७०** | **४९६३८५६१५** | **७९.७१** |

### १.२.८ बेरूजुको अवस्था

| आर्थिक बर्ष | आ.ब. ०७६।७७ सम्मको बेरुजु | | | | आ.ब. ०७६।७७ मा फछ्यौट | बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|
| | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | पेश्की | जम्मा | | |
| ०७३।७४ | ५४५१७५ | १०२८० | ० | ५५५४५५ | २७५२०० | २८०२५५ |
| ०७४।७५ | ० | २५३००० | २५०००० | ५०३००० | २२००० | ४८१००० |
| ०७५।७६ | ४७४३००० | ८२१००० | ० | ५५६४००० | ० | ४५४४७४५ |
| ०७६।७७ | ६९५१४२८ | ६४४३६९.८ | | ७५९५७९७.८८ | ३८५३२५७.१ | ३७४२५४०.७८ |
| **कुल जम्मा** | **१२२३९६०३** | **१७२८६५०** | **२५००००** | **१४२१८२५२.८८** | **४१५०४५७.१** | **९०४८५४०.७८** |

### तनहुँ जिल्लाका स्थानीय तहमा बेरूजुको अवस्था

| सि नं | पालिकाको नाम | लेखापरिक्षण रकम (हजारमा) | बेरुजु अंक | प्रतिशत |
|---|---|---|---|---|
| १ | म्यार्ग्दे गाउँपालिका | ८५१४६२ | ३८१७ | ०.४५ |
| २ | देवघाट गाउँपालिका | ७७५५९० | ५५९८ | ०.७२ |
| ३ | भिमाद नगरपालिका | ११३६१४६ | ७५९५ | ०.६७ |
| ४ | भानु नगरपालिका | १५७९७०० | ७६८८ | ०.४९ |
| ५ | वन्दिपुर गाउँपालिका | ८५१३४४ | २२१२७ | २.६ |
| ६ | आँबुखैरेनी गाउँपालिका | ९५४६४७ | २४७३६ | २.५९ |

| सि नं | पालिकाको नाम | लेखापरिक्षण  रकम (हजारमा) | बेरुजु अंक | प्रतिशत |
|---|---|---|---|---|
| ७ | घिरिङ्ग गाउँपालिका | ७१८५३८ | २८००८ | ३.९ |
| ८ | ऋषिङ्ग गाउँपालिका | ९९०५६७ | ४३४७९ | ४.३९ |
| ९ | शुक्लागण्डकी नगरपालिका | १८०५००६ | ७१३३५ | ३.९५ |
| १० | ब्यास नगरपालिका | २६४०३८७ | १३०५१८ | ४.९४ |

स्रोत : महालेखा परिक्षकको प्रतिवेदन २०७८

### १.२.९ कार्यसंचालनमा देखिएका सवालहरु (Issues)

१. उपभोक्ता समिति गठनको लागि आम भेला हुने समय मिति स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तिमा ७ दिन अगावै जानकारी गराउनुपर्ने व्यवस्था पालना नभएको,

२. नगरपालिका स्तरिय वा २ भन्दा बढि वडा समेट्ने आयोजना संचालनको लागि उपभोक्ता समिति गठन गर्दा कार्यपालिका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नुपर्ने व्यवस्था पूर्ण रुपमा पालना नभएको,

३. वडा स्तरिय योजना संचालनका लागि उपभोक्ता समिति गठन गर्दा वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा बस्नुपर्ने ब्यवस्था पूर्ण रुपमा पालना नभएको,

४. आमभेलामा आयोजनाबाट लाभान्वित अधिकांश उपभोक्ताहरुको उपस्थिति हुनुपर्नेमा सिमित व्यक्तिको उपस्थिति मात्र हुने र सबैको हस्ताक्षर समेत हुने नगरेको,

५. निर्माण कार्य सम्पन्न भएपछि मात्र आम भेला हुने एवं उपभोक्ता समिति गठन हुने अवस्था । जस्ले गर्दा निर्माण कार्यको वैधानिकता पुष्टि हुन नसक्ने,

६. भुक्तानीका लागि कागजात पेश हुँदा निर्माण अघिको निर्माण सम्पन्न पछि दुवै अवस्थाको फोटो पेश हुनुपर्नेमा अधिकांशमा निर्माण सम्पन्न पछिको मात्र पेश हुने अवस्था,

७. ठूला योजनाहरुमा योजना निर्माणको वा कार्यान्वयनको चरण चरणका फोटाहरु समेत समावेश हुनुपर्ने आवश्यकता रहेको,

८. नापि किताव बमोजिमका विलहरु समावेश हुनुपर्नेमा भएको कार्य एउटा, विल अर्कै खालको आउने अवस्था हाल नियन्त्रणको क्रममा रहेको छ,

९. उपभोक्ता समितिबाट संचालित योजनामा सबै अनुसूचीहरु व्यवस्थित रुपमा भरी नआउनु,

१०. स्थानिय सिप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने निर्माण सम्बन्धी आयोजना मात्र उपभोक्ता समितिबाट हुनुपर्ने व्यवस्था पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको,

११. निर्माण कार्य सम्पन्न हुने मिति र भुक्तानी मितिको Gap धेरै हुने गरेको । कार्य सम्पन्न भए लगत्तै भुक्तानिको प्रकृया शुरु नगर्ने अवस्था । जस्ले गर्दा भएको कार्य नै क्षति भैसकेपछि भुक्तानी दिनुपर्ने अवस्था,

१२. लागत सहभागिताको ढाँचा र अनुपात ग्रामिण क्षेत्रहरुमा न्युनतम १० प्रतिशत र शहरी क्षेत्रहरुमा २० प्रतिशत कायम गर्ने व्यवस्थाको कार्यान्वयन । शहरी क्षेत्रले कहाँ सम्म समेट्ने भन्ने विषय निक्यौंल गर्नुपर्ने,

१३. आयोजना सम्पन्न भई फरफारक गर्नुभन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परिक्षण गर्नुपर्ने व्यवस्था पूर्ण रुपमा कार्यान्वयन हुन नसक्नु । भएको अनुसूची नं ३ समेत पूर्ण रुपमा भरी प्राप्त नहुने अवस्था,

१४. उपभोक्ता समितिले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था पूर्ण रुपमा कार्यान्वयन नहुनु,

१५. ५ लाख भन्दा बढी रकमको आयोजना सूचना पाटि टास्नुपर्ने व्यवस्था पूर्ण रुपमा कार्यान्वयन हुन नसकी भुक्तानीको लागि मात्र पेश गर्ने अवस्था,

१६. योजना सम्पन्न अगावै आफैंले प्रत्यक्ष अनुगमन नगरी आवश्यक कागजातहरु पुगे नपुगेको नहेरी वडा कार्यालयको सिफारिस आउने अवस्था । जस्ले गर्दा उपभोक्ता / सेवा ग्राही कार्यालयमा आई पटक पटक फर्कनुपर्ने अवस्था,

१७. वडा कार्यालयको सिफारिसमा वडा सचिव र वडा अध्यक्ष दुवैको हस्ताक्षर हुने नगरेको,

१८. योजनाको बजेटको अंक अनुसार सम्पन्न गर्नुपर्ने अवधि तोकिएको भएतापनि अझै पनि भुक्तानीका लागि असारमा नै फाइल पेश हुने अवस्थालाई नियन्त्रण गर्नुपर्ने,

१९. उपभोक्ता समितिको गठन, सम्झौता तथा कार्य सम्पन्न हुनुपर्ने अवधि सम्बन्धमा नगर कार्यपालिकाबाट भएका निर्णयहरुको पूर्ण कार्यान्वयन गर्नुपर्ने,

२०. त्यसो हुँदा कार्यालयबाट हुनुपर्ने अनुगमनलाई पनि प्रभावकारी बनाउन सकिन्छ,

२१. आर्थिक प्रशासन शाखामा ३ जनाको दरबन्दीमा लामो समय १ जना र हाल विगत ९ महिना देखी २ जनाको पदपूर्ती भएको । अब पुनः १ जनामा झर्नुपर्ने स्थिति छ । यस्ले गर्दा ख्याल गर्नुपर्ने सबै क्षेत्रमा ख्याल गर्न समस्या परेको छ ।

### १.२.१० कार्य सञ्चालनमा सजग हुनुपर्ने क्षेत्रहरु

१. उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आँफैले गर्नुपर्ने, अन्य कुनै निर्माण व्यवसायी व्यक्ती वा संस्थालाई ठेक्का दिन नपाउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन,

२. एक व्यक्ती एक भन्दा बढि उपभोक्ता समितिको सदस्य हुन नपाउने व्यवस्थाको पालना । सम्बन्धित योजना समाप्त भएपछि गठन हुने अर्को समितिमा सम्म सहभागि हुन सक्ने,

३. जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी वहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न नपाइने व्यवस्थाको प्रभावकारी पालना,

४. जटिल प्राविधिक कामहरु जस्तै ठूला भवन बनाउने, कालोपत्रे गर्ने जस्ता कार्यहरु उपभोक्ता समितिबाट गर्न निरुत्सहित गर्नुपर्ने । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ६१ बुँदे सुझावमा विशेष उल्लेख गरिएको ।

## १.२.११ सबल पक्षहरु

१. भिमाद नगरपालिकाले विगत ३ वर्ष देखी स्थानिय सरकार संचालन ऐनले तोकेको समय अर्थात असार १० गते नै सबै कार्यक्रमहरु Sutra प्रणालीमा Entry गरी बजेट ल्याएको छ । जुन अन्य पालिकामा देखिंदैन,

२. बजेट निर्माण प्रणाली यथार्थपरक गरिएको छ । स्रोत अनुमानको कमजोरीले भुक्तानी दिन नसकिने गरी घाटा बजेटको समस्या रहेको छैन,

३. बेरुजुको नियन्त्रित अवस्थामा नै रहेको छ,
४. विगत दुई आर्थिक बर्षमा कोरोना प्रकोप नभएको भए असार महिनामा ठुला योजनाहरु बाहेकको भुक्तानी गर्नुपर्ने अवस्था नआउने देखिन्छ,
५. स्वीकृत दरबन्दी भन्दा न्युन कर्मचारी हुँदा समेत कार्यसम्पादन तुलनात्मक रुपमा कमजोर छैन,
६. समयमै तोकिएका निकायमा प्रतिवेदन गर्ने गरिएको छ,
७. कार्यालयको अभिलेख र बैंकको हिसाब समयमै भिडाई संघ तथा प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने रकम समयमै फिर्ता गरिएको छ ।

### १.२.१२ सुधारका लागि सुझावहरु

१. उपभोक्ता बाट संचालन हुने कार्यक्रमका सम्बन्धमा कर्मचारी र जनप्रतिनिधिको संयुक्त पहलमा अनुशिक्षण र पैरवी गर्ने,
२. नगरपालिकामा उपभोक्ता समितिको अनुसूची - १ बमोजिमको लगत राख्नुपर्ने व्यवस्थालाई पालना गर्ने,
३. उपभोक्ता समितिको गठन देखी निर्माण कार्य संचालन सम्मका आयोजना चक्र संचालनको समयतालिका पूर्ण रुपमा कार्यान्वयन गर्ने । जस्ले सँधै जसो असार महिनामा पर्ने भुक्तानीको चाप कम हुन सक्दछ,
४. आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै कार्यालयबाट अनुगमन गर्नुपर्ने व्यवस्था लाई पूर्ण रुपमा कार्यान्वयन गर्ने,
५. आर्थिक प्रशासन शाखामा कम्तिमा २ जनाको जनशक्ती कमी हुन नदिने व्यवस्था गर्ने ।

### १.२.१३ निष्कर्षः-

आर्थिक प्रशासन सार्वजिक प्रशासनको एक महत्वपूर्ण विधा हो । नगरपालिकाको बजेट निर्माण देखी आम नागरीकलाई दिनुपर्ने सेवाको लागि गर्नुपर्ने व्यवस्थापकिय कार्यको खर्च व्यवस्थापन गर्ने, विकास निर्माणका कार्यमा भएका खर्चको भुक्तानी गर्ने, कार्यालयको विनियोजन, राजश्व तथा धरौटी तर्फको अभिलेख राखी तोकिएको निकायमा प्रतिवेदन गर्ने तथा लेखापरिक्षण गराउने यो शाखाको प्रमुख कार्य रहेको हुन्छ । समग्रमा आर्थिक प्रशासनमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता एवं पारदर्शिता ल्याई वित्तिय सुशासन ल्याउन यो शाखाको प्रमुख भूमिका रहेको हुँदा त्यसका लागि योजना निर्माण गर्ने जनप्रतिनिधि, नीतिगत निर्णय गर्ने भिमाद नगरकार्यपालिकाको टिम देखी हरेक कार्यक्रम संचालन गर्ने जिम्मेवार कर्मचारीहरु, उपभोक्ता समितिहरु जिम्मेवार भई सँगसँगै अघि बढ्नुपर्ने अवस्था रहेको छ ।

## १.३ भण्डार शाखा

### १.३.१ पृष्ठभूमि

सार्वजनिक हित र सरोकार अन्तर्निहित राज्यको स्वामित्वमा रहेको सम्पत्ति नै सार्वजनिक सम्पत्ति हो ।सामान्य भाषामा भन्दा सार्वजनिक सम्पत्ति भन्नाले सरकारी धनमाल भन्ने बुझिन्छ । व्यवहारिक प्रचलनको रुपमा भौतिक वस्तुलाई मात्र जिन्सी भनिएता नेपालको प्रचलित कानूनले चल, अचल, मूर्त-अमूर्त तथा मौद्रिक गैरमौद्रिक प्रकृतिमा परिभाषित गरेको पाइन्छ ।

नेपालको संविधानले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई स्वीकार गरी सोही बमोजिम भिमाद नगरपालिका पनि एक स्थानीय तह / सरकारको रुपमा मिति २०७३/११/२७ मा स्थापित भएको संगठन हो ।एउटा संगठनका लागि आवश्यक पर्ने

श्रोत मध्ये भौतिक श्रोत पनि महत्वपूर्ण रहेकोले सोको व्यवस्थापनका लागि जिन्सी शाखा स्थापना भएको देखिन्छ । विशेषतः संगठन तथा कार्यालयमा रहेका सरकारी धनमालको प्राप्ति, संरक्षण, उपयोग, हस्तान्तरण, लेखाकंन, विश्लेषण तथा प्रतिवेदन गर्ने प्रक्रियाको समष्टिगत जिन्सी लेखा अर्थात जिन्सि श्रेस्ता प्रणाली हो । यीनै कार्य गर्ने जिम्मेवारी जिन्सी शाखाको रहने गरेको पाइन्छ । यसै पृष्ठभूमिका आधारमा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ मा जिन्सी शाखाबाट गरीएका कार्य/प्रयास, अभिलेखिकरण, समस्या, संगठनले चालिनुपर्ने कदमहरुलाई समेट्ने प्रयत्न गर्दै यो प्रतिवेदन तयार गरिएको छ ।

### १.३.२ बार्षिक कार्यक्रमको उद्देश्य

विशेषतः यस प्रतिवेदनको मूख्य उद्देश्य कार्यालयमा रहेका मौजुदा सार्वजनिक सम्पत्तिको अवस्था र सोबाट सेवा प्रवाहमा पारेको प्रभावबारे जानकारी गराउनु हो । साथै अन्य यस प्रकार रहेका छन् :

- आ.व. ०७७/७८ मा व्यवस्थापन गरीएका सामान तथा गत वर्षका मौज्दात सामानको तथ्याङ्क उपलब्ध गराउनु,
- कार्यालयको कार्य वातावरणको अवस्थाको विषयमा विश्लेषण गर्नु र
- आगामी आ.व.का लागि योजना तयार गर्न आधार प्रदान गर्नु ।

### १.३.३ विद्यमान अवस्था

भिमाद नगरपालिका स्थापना हुनु अगावैका साविकका ५ वटा स्थानीय निकायमा रहेका मौजुदा सामान समेतको आम्दानी बाँधी सार्वजनिक सम्पत्तीको अभिलेखिकरण गर्ने प्रयास गरिएको देखिन्छ ।तथापी संगठनको स्वरुपमा भएको विस्तार, स्थानीय तथा राष्ट्रिय कार्यक्रमहरुको विस्तार र विपद तथा महामारी न्यूनिकरण तथा व्यवस्थापन गर्नुपर्ने भएकोले भौतिक श्रोत साधनको आवश्यकता र पूर्ति बढी रहेको पाइन्छ ।आ.व.०७४/७५ देखि आ.व.०७७/७८ सम्म जिन्सी शाखामा दाखिला भएका सामानको खर्च विवरण तपसिलको तालिका बमोजिम रहेको पाइन्छ ।

**तालिकाः आ.व.०७४/७५-०७७/७८ सम्म भएको खर्च विवरण**

| सि.नं. | आर्थिक वर्ष | खर्च भएर जाने सामानको खर्च रकम (रु.) | खर्च भएर नजाने सामानको खर्च रकम (रु.) | जम्मा खर्च रकम (रु.) |
|---|---|---|---|---|
| १ | ०७४/७५ | ० | १,६८,३६,४८२.८३ | १,६८,३६,४८२.८३ |
| २ | ०७५/७६ | ३६,६०,६०९.९९ | १,२६,१९,५७२.९५ | १,६२,८०,१८२.९४ |
| ३ | ०७६/७७ | ६४,७३,०६०.५८ | ६५,१०,८२३.२६ | १,२९,८३,८८३.८४ |
| ४ | ०७७/७८ | ८०,६७,९६८.१२ | ७०,१०,६९५.९० | १,५०,७८,६६४.०२ |
| | जम्मा | १,८२,०१,६३८.६९ | ४,२९,७७,५७४.९४ | ६,११,७९,२१३.६३ |




माथिको तालिका अध्ययन गर्दा सामान्यतः भौतिक सम्पत्ति खरिद कम भएको देखिन्छ जसले मितव्ययिता कायम गर्दै जन आकांक्षा सम्बोधन हुने खालका कार्यक्रममा लगानी गर्न टेवा पुऱ्याउने देखिन्छ ।

यस संगठनमा हालसम्म रहेको भौतिक सामानको अवस्था आ.व. ०७७/७८ को जिन्सी निरीक्षण प्रतिवेदनमा देखिएको संक्षिप्त विवरण यस प्रकार रहेको देखिन्छ ।

**आर्थिक बर्षः. २०७७/७८**

| क.स | बिवरण | एकाइ | जिन्सी खाता बमोजिम मौज्दात | | चालू हालतमा | | सामानको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | रहे को | नरहे को | मर्मत गर्नुपर्ने | लिलाम/बिक्रि गर्नुपर्ने | मिन्हा गर्नुपर्ने | संरक्षण गर्नुपर्ने |
| १ | टेबल | गोटा | १२६ | १,५११,७३३.३३ | ११० | १५ | ५ | १० | ० | ० |
| २ | कुर्चि | गोटा | ७१२ | १,७९१,९३६.१४ | ६३१ | ८० | २८ | ५२ | | ० |
| ३ | दराज स्टिल | | १२४ | १,५७७,२०१.१६ | १०९ | १५ | ६ | ९ | ० | |
| ४ | लोवेड | | ६ | १४१,६५९.६९ | ६ | ० | ० | ० | ० | ० |
| ५ | टेलिभिजन | गोटा | ५ | २०७,०६९.७४ | ५ | ० | ० | ० | ० | ० |
| ६ | भ्याकुम क्लिनर | गोटा | ६ | ८४,५८२.७० | ४ | २ | ० | २ | ० | ० |
| ७ | गोटा | गोटा | ५३ | ३,१७९,०३०.६२ | ४७ | ६ | ३ | ३ | ० | ० |
| ८ | गोटा | गोटा | ५९ | १,४०९,१८२.०३ | ५० | ९ | ७ | २ | ० | ० |
| ९ | दराज /ऱ्याक काठको | गोटा | १८ | ३४७,१९९.५३ | १४ | ४ | ० | ४ | ० | ० |
| १० | डाइनिङ्ग टेबल | गोटा | ४ | ७०,०२२.७१ | ४ | ० | ० | ० | ० | ० |
| ११ | काठको सोफा/ आराम चियर | गोटा | १७ | ५३८,२००.९२ | १५ | २ | १ | १ | ० | ० |
| १२ | सोफा भिआइपि | गोटा | २० | ७५०,०२५.७७ | १७ | २ | ० | २ | ० | ० |
| १३ | कम्प्यूटर टेबल | गोटा | ६ | २३,४१८.१२ | १ | ५ | १ | ४ | ० | ० |
| १४ | पलङ्ग | गोटा | ३६ | १३३,२१९.०२ | २८ | ८ | ८ | ० | ० | ० |

| क्र.स | बिवरण | एकाइ | जिन्सी खाता बमोजिम मौज्दात | | चालू हालतमा | | सामानको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | रहेको | नरहेको | मर्मत गर्नुपर्ने | लिलाम/बिक्रि गर्नुपर्ने | मिन्हा गर्नुपर्ने | संरक्षण गर्नुपर्ने |
| १५ | टिटेबल | गोटा | ३४ | १३२,५४२.७१ | २८ | ६ | २ | ४ | ० | ० |
| १६ | पंखा | गोटा | ७५ | २६४,१८७.४८ | ५९ | १६ | ६ | १० | | |
| १७ | काँसको थाल कचौरा | सेट | ७ | १२,१५०.०० | ७ | ० | | | | |
| १८ | प्रेसर कुकर | गोटा | ६ | ६,५९५.०० | ५ | १ | | १ | | |
| १९ | स्टिल किट्ली | गोटा | १ | १,४५०.०० | १ | ० | | | | |
| २० | मिक्स्चर | गोटा | १ | ४,३५०.०० | १ | ० | | | | |
| २१ | टेलिफोन सेट | गोटा | १५ | २०,०१४.५० | ६ | ९ | ३ | ६ | | |
| २२ | युपियस | गोटा | ६ | २४,०००.०० | ० | ६ | | ६ | | |
| २३ | यडियसल राउटर | गोटा | ७ | ८०,११४.०० | ६ | १ | | १ | | |
| २४ | मोबाइल | गोटा | ११ | २२८,९००.०० | ४ | ७ | १ | ६ | | |
| २५ | ग्यास चुलो/सिलिण्डर | गोटा | ११ | ६८,०७९.०० | १० | १ | १ | | | |
| २६ | कार्यालय भवन जग्गा | रोपनी | ० | - | ० | ० | | | | |
| २७ | काठको बेन्च | गोटा | ४२ | - | १४ | २८ | | २८ | | |
| २८ | काठको सादा स्टुल | गोटा | १० | - | ० | १० | | १० | | |
| २९ | टिनको बाकस | गोटा | ११ | १,६९५.०० | १ | १० | | १० | | |
| ३० | हिल ट्याङ्की | गोटा | ४ | १७,९९९.७७ | २ | २ | | २ | | |
| ३१ | क्यामेरा | गोटा | २ | ८९,०००.०० | १ | १ | | १ | | |
| ३२ | ल्यापटप | गोटा | १८ | १,१५२,३५९.२५ | १६ | २ | | २ | | |
| ३३ | फिल्टर | गोटा | ९ | ९२,७६०.०० | ७ | २ | | २ | | |
| ३४ | हिटर | गोटा | ३ | ५,६५०.०० | २ | १ | | १ | | |
| ३५ | इन्भर्टर | गोटा | १४ | ६२७,०५५.३६ | १४ | ० | | | | |
| ३६ | क्यालकुलेटर | गोटा | १ | - | ० | १ | | १ | | |
| ३७ | चेकराइटर | गोटा | २ | - | २ | ० | | | | |
| ३८ | तामाको गाग्री | गोटा | २ | - | ० | २ | | २ | | |
| ३९ | जग | गोटा | १ | - | ० | १ | | १ | | |
| ४० | पाइप रेन्ची | गोटा | २ | - | २ | ० | | | | |
| ४१ | हिटिङ्ग प्लेट | गोटा | १ | - | १ | ० | | | | |
| ४२ | क्यास्टर मेशिन | गोटा | ७ | ७०,०६०.०० | ७ | ० | | | | |
| ४३ | साइकल एभन | गोटा | १ | - | ० | १ | | १ | | |
| ४४ | मोटरसाइकल | गोटा | १४ | ३,०७१,५९९.९९ | १४ | ० | | | | |
| ४५ | भित्तेघडी | गोटा | १ | - | ० | १ | | १ | | |
| ४६ | भलिबल सिल्ड/ | गोटा | ३ | - | ३ | ० | | | | |

| क.स | बिवरण | एकाइ | जिन्सी खाता बमोजिम मौज्दात | | चालू हालतमा | | सामानको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | रहेको | नरहेको | मर्मत गर्नुपर्ने | लिलाम/बिक्रि गर्नुपर्ने | मिन्हा गर्नुपर्ने | संरक्षण गर्नुपर्ने |
| | सिल्ड | | | | | | | | | |
| ४७ | सिलाई मेशिन | गोटा | ३ | – | ० | ३ | | ३ | | |
| ४८ | इन्भर्टर व्याट्री | गोटा | ५६ | १,३५८,५७१.७३ | ५४ | २ | २ | | | |
| ४९ | प्रोजेक्टर/स्क्रिन | गोटा | ३ | १२८,२२९.८२ | ३ | ० | | | | |
| ५० | स्टेबलाइजर | गोटा | ४ | २००,१९९.४८ | ४ | ० | | | | |
| ५१ | बायोमेट्रिक हाजिरी मेशिन | गोटा | ३ | ११६,९९८.९९ | ३ | ० | | | | |
| ५२ | गाडी | गोटा | ४ | १२,०१५,५००.०० | ४ | ० | | | | |
| ५३ | आइरन | गोटा | २ | ६,०००.०० | २ | ० | | | | |
| ५४ | थ्रेसर मेशिन | गोटा | १ | ३१५,०००.०० | १ | ० | | | | |
| ५५ | हेङ्गर | गोटा | १ | १,१७०.६८ | ० | १ | | १ | | |
| ५६ | साउण्ड सिस्टम/स्पिकर | गोटा | ९ | १५९,०००.०० | ७ | २ | १ | १ | | |
| ५७ | फ्रिज | गोटा | ४ | ११७,८१५.३६ | ४ | ० | | | | |
| ५८ | ह्यूमपाइप | गोटा | २०७ | ३,९९६,८६६.५० | ० | ० | | | | |
| ५९ | फायर बल | गोटा | ३८ | ४९८,१०४.०० | ३८ | ० | | | | |
| ६० | पाइप | मिटर | ३०० | १९,८५८.६२ | ० | ० | | | | |
| ६१ | स्कुटर | गोटा | ६ | ९९३,८९९.९८ | ६ | ० | | | | |
| ६२ | सुझाव पेटिका | गोटा | २ | ६,११२.९९ | २ | ० | | | | |
| ६३ | एयर कन्डिसन मेशिन | गोटा | ४ | ३५९,४००.०२ | ४ | ० | | | | |
| ६४ | ठेला गाडा | गोटा | २ | ९,२९८.७७ | १ | १ | | १ | | |
| ६५ | घाँस काट्ने मेशिन | गोटा | १ | ८,०००.०० | १ | ० | | | | |
| ६६ | सुचना पाटी | गोटा | ११ | ५५,६४९.९० | ११ | ० | | | | |
| ६७ | अल्टीमिटर | गोटा | ३ | ३९,०७०.०० | ३ | ० | | | | |
| ६८ | एन्नी लिभर | गोटा | १ | १४,३००.०० | १ | ० | | | | |
| ६९ | 2wd भेईकल कार | गोटा | १ | ४,२२९,०००.०० | १ | ० | | | | |
| ७० | पोडियम | गोटा | २ | १५,५९९.६५ | २ | ० | | | | |
| ७१ | ल्यापटप | गोटा | ० | – | ० | ० | | | | |
| ७२ | सिसि टिभि | गोटा/सेट | ३३ | ३४४,१९९.९१ | ३३ | ० | | | | |
| ७३ | कन्फरेन्स राउण्ड टेबल | गोटा | १ | ३७२,६७४.०० | १ | ० | | | | |
| ७४ | कन्फरेन्स स्टेज | गोटा | १ | १२७,०३९.१२ | १ | ० | | | | |
| ७५ | ईन्टरनेट सामाग्री | गोटा | २७ | २४१,१९९.६३ | २७ | ० | | | | |

| क.स | बिवरण | एकाइ | जिन्सी खाता बमोजिम मौज्दात | | चालू हालतमा | | सामानको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | रहेको | नरहेको | मर्मत गर्नुपर्ने | लिलाम/बिक्रि गर्नुपर्ने | मिन्हा गर्नुपर्ने | संरक्षण गर्नुपर्ने |
| ७६ | रेफ्रि स्टयाण्ड/इन्भर्टर स्टयाण्ड | गोटा | २ | २५,९५०.०० | २ | ० | | | | |
| ७७ | डिजिटल वोर्ड | गोटा | ३ | ९८५,९२५.०० | ३ | ० | | | | |
| ७८ | ड्रेसिङ्ग सेट | सेट/गोटा | ४४ | १४४,६४०.०० | ४४ | ० | | | | |
| ७९ | सटर सेट | सेट/गोटा | १० | ६२,१५०.०० | १० | ० | | | | |
| ८० | आइयुसिडी सेट | सेट/गोटा | १३ | ५५,९३५.०० | १३ | ० | | | | |
| ८१ | इम्लान्ट सेट | सेट/गोटा | १० | ४२,९४०.०० | १० | ० | | | | |
| ८२ | पौच सेलार | सेट/गोटा | १ | ४,७४६.०० | ० | १ | १ | | | |
| ८३ | विरामी सुत्ने बेड | सेट | ३८ | ५०६,८९६.०० | ३५ | ३ | ३ | | | |
| ८४ | विरामी सुत्ने ट्रली | सेट | २ | ५६,२७४.०० | २ | ० | | | | |
| ८५ | ह्वील चियर | सेट | २ | ३१,४००.०० | २ | ० | | | | |
| ८६ | Electronic Total Station | सेट | ३ | ५८०,५३७.५० | ३ | ० | | | | |
| ८७ | Automatic Level Machine | सेट | ३ | ११९,५५४.०० | ३ | ० | | | | |
| ८८ | GPS Machine | सेट | १ | ९४,९२०.०० | १ | ० | | | | |
| ८९ | Electric Blower | गोटा | १ | १,९००.०० | १ | ० | | | | |
| ९० | 6U Rack | गोटा | २ | १९,०००.०० | २ | ० | | | | |
| ९१ | Sprayer | गोटा | १ | ८,०००.०० | १ | ० | | | | |
| ९२ | Surgical Drum | गोटा | १७ | ३६,१०३.५० | १७ | ० | | | | |
| ९३ | Spygonomenometer (BP Set) | सेट | ५२ | २२५,४३५.०० | ४१ | ११ | ११ | | | |
| ९४ | Suction Machine | सेट | २ | ४८,५९०.०० | १ | १ | १ | | | |
| ९५ | Delivery Set | सेट | ७ | २६,८९४.०० | ७ | ० | | | | |
| ९६ | Autoclave Machine | सेट | १२ | १७५,५००.०० | १२ | ० | | | | |
| ९७ | Bed Side Screen | सेट | १ | ६,७८०.०० | १ | ० | | | | |
| ९८ | Tray (Big/Kidney) | गोटा | १६ | १७,५४३.२५ | १६ | ० | | | | |
| ९९ | Autoscope | गोटा | १२ | ६६,४४४.०० | १२ | ० | | | | |
| १०० | Weight Machine | सेट | ४२ | १०९,२७१.०० | ३१ | ११ | ११ | | | |
| १०१ | Fetoscope | सेट | ६ | १,२२०.४० | ६ | ० | | | | |
| १०२ | फलामे भऱ्याङ्ग | सेट/गोटा | २ | ७७,४८८.८५ | २ | ० | | | | |
| १०३ | IR Tharmometer | गोटा | ९ | ६९,३०५.५० | ७ | २ | २ | | | |
| १०४ | ग्लेण्डर मेशिन | गोटा | १ | ४,५००.०० | १ | ० | | | | |

| क.स | बिवरण | एकाइ | जिन्सी खाता बमोजिम मौज्दात | | चालू हालतमा | | सामानको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | रहे को | नरहे को | मर्मत गर्नुपर्ने | लिलाम/बिक्रि गर्नुपर्ने | मिन्हा गर्नुपर्ने | संरक्षण गर्नुपर्ने |
| १०५ | I/V Stand | Pcs | ५ | १४,१२५.०० | ५ | ० | | | | |
| १०६ | Pulse Oximeter | Pcs | १० | ३६,१६०.०० | १० | ० | | | | |
| १०७ | Glucometer | Pcs | २ | ३,३९०.०० | २ | ० | | | | |
| १०८ | Medicine/ Instrument Trolly | Pcs | ३ | २८,८१५.०० | ३ | ० | | | | |
| १०९ | Oxygen Cylinder/ Regulator | Pcs | ८ | ४९,७२०.०० | ८ | ० | | | | |
| ११० | ECG Machine | Pcs | १ | १००,५७०.०० | १ | ० | | | | |
| १११ | Ambu Bag | Pcs | ७ | १४,६३३.५० | ७ | ० | | | | |
| ११२ | X-Ray Casset and Screen | Pcs | १ | ३२,२०५.०० | १ | ० | | | | |
| ११३ | X-Ray Grid | Pcs | १ | १८,५००.०० | १ | ० | | | | |
| ११४ | Lead Barrier (Apron) | Pcs | १ | १४,१२५.०० | १ | ० | | | | |
| ११५ | Lead Protective Eye Glass | Pcs | १ | १०,१७०.०० | १ | ० | | | | |
| ११६ | Foot Step | Pcs | ६ | २९,७१९.०० | ६ | ० | | | | |
| ११७ | Bed Side Locker | Pcs | ५ | २५,४२५.०० | ५ | ० | | | | |
| ११८ | Microscope Olympus | Pcs | २ | २५९,९००.०० | २ | ० | | | | |
| ११९ | Colorimeter Amil | Pcs | १ | १९,७७५.०० | १ | ० | | | | |
| १२० | Centrifuse Machine | Pcs | २ | १४,१२५.०० | २ | ० | | | | |
| १२१ | Hot Air Oven | Pcs | १ | २२,०३५.०० | १ | ० | | | | |
| १२२ | Incubetor | Pcs | १ | २२,०३५.०० | १ | ० | | | | |
| १२३ | Metal 3 Seater | गोटा | २ | २५,१९९.०० | २ | ० | | | | |
| १२४ | Liquid Nitrogen Container | गोटा | १ | ५६,५००.०० | १ | ० | | | | |
| १२५ | PH Meter | Pcs | १ | ५,६५०.०० | १ | ० | | | | |
| १२६ | Micro Pippete | Pcs | २ | ६,३२८.०० | २ | ० | | | | |
| १२७ | Distocia Set | Set | १ | १०,०५७.०० | १ | ० | | | | |
| १२८ | Drenching Gun | Pcs | २ | ९,०४०.०० | २ | ० | | | | |
| १२९ | Teeth Cutter | Pcs | १ | १,०७४.०० | १ | ० | | | | |
| १३० | Pig Holder | Pcs | २ | ७,९१०.०० | २ | ० | | | | |
| १३१ | Hoof Cutter | Pcs | २ | ७,९१०.०० | २ | ० | | | | |
| १३२ | Cheatle Forcep with Jar | Set | ४ | ८,३६२.०० | ४ | ० | | | | |
| १३३ | Nebulizer Machine | Pcs | १२ | ७,४६०.०० | १२ | ० | | | | |
| १३४ | Dopler | Pcs | ४ | ३८,८७२.०० | ४ | ० | | | | |
| १३५ | Baby Warmer | Pcs | २ | २०३,४००.०० | २ | ० | | | | |
| १३६ | किचन न्याक | गोटा | १ | ५,४९९.९९ | १ | ० | | | | |

| क.स | बिवरण | एकाइ | जिन्सी खाता बमोजिम मौज्दात | | चालू हालतमा | | सामानको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | रहे को | नरहे को | मर्मत गर्नुपर्ने | लिलाम/बिक्रि गर्नुपर्ने | मिन्हा गर्नुपर्ने | संरक्षण गर्नुपर्ने |
| १३७ | प्यानल बोर्ड (बिजुली मिटर बक्स) | गोटा | १ | ११,८६५.०० | १ | ० | | | | |
| | जम्मा रकम | | | ४८,२५०,२००.१८ | | | | | | |

भिमाद नगरपालिका केन्द्र तथा अन्तर्गत कार्यालयमा रहेको सामानको विवरण हेर्दा धेरै जसो साविकका सामानहरु रहेको र उक्त सामाग्री मर्मत तथा लिलामी गर्नुपर्ने देखिन्छ ।साथै कार्यालयहरुको आफ्नै भवन नहुँदा कार्यालयमा आवश्यक रहेको सामानको पनि व्यवस्थापन गर्न नसकिएको साथै भएका सामाग्रीको उचित सुरक्षा समेत गर्न सकिएको छैन ।

### १.३.४ कार्यक्रम कार्यान्वयन गर्दा अपानाइएका प्रक्रियाहरु

- सार्वजनिक खरिद ऐन, २०६३ र अन्तर्गत नियमावली, २०६४ बमोजिम सार्वजनिक सम्पत्तीको प्राप्ति, संरक्षण, उपयोग र व्यवस्थापन गर्न प्रयास गरिएको,
- म.ले.प. फाराम तथा अन्य मौजुदा कानूनहरु (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६, आर्थिक कार्यविधि नियमावली,२०६४ , नेपाल सरकारको लेखा निर्देशिका,२०७३ आदि)
- वार्षिक बजेटलाई मध्यनजर गर्दै आवश्यकता र मागको अवस्था विश्लेषण गरी आपूर्तिको व्यवस्थापन गरिएको।

### १.३.५ वार्षिक समष्टिगत बजेट र खर्चको अवस्था

सामान्यतः संगठनले संगठनको भावी आवश्यकताको पहिचान गरी बजेट विनियोजन गर्ने भएकोले सामाग्री तथा मेशिनरी औजार शिर्षकमा यस कार्यालयले पनि बजेट विनियोजन गरेको छ । तथापी यस शाखाले कार्यालयबाट हुनै जुनसुकै सामानको (सोधभर्ना, पेश्की फछ्र्यौट आदि) दाखिला गर्नुपर्ने भएकोले एकिन गर्न साथै आर्थिक प्रशासन शाखा र भण्डार शाखाको अभिलेख मेल नखान सक्ने, त्यसको वित्तिय प्रगति देखाउन नसकिने समस्या आइपर्छन ।हुनत संगठनले भौतिक सामाग्रीमा अनावश्यक खर्च नगर्नु उत्तम ठानेता पनि संगठनको आवश्यकता र मागलाई आधार मानेर मितव्ययी रुपमा खर्च गरिएको छ ।

### १.३.६ वार्षिक कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति

- सशर्त तर्फः (सामुदायिक विद्यालयमा अध्ययनरत छात्राको लागि निःशुल्क वितरण गरीने सेनेटरी प्याड खरिद गरी आम्दानी बाँधिएको)

### १.३.७ संचालन हुन नसकेका योजना/कार्यक्रम

- ४ नं. वडा कार्यालयको भवन निर्माण कार्य अधुरो रहेकोले सोको व्यवस्थापन ।

### १.३.८ असल अभ्यास तथा नवप्रवर्तनात्मक कार्यक्रमहरु

- कार्यालय तथा अन्तर्गत रहेका आम्दानी बाँधिएका जिन्सी सामानको लगत अनलाइन (PAMS-Public Assets Management System) मा प्रविष्टि गरिएको ।

### १.३.९ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरु

- कार्यालय अन्तर्गत शाखा र कार्यालयहरुको लागि आवश्यक सामानको उपलब्धताले सेवा प्रवाहमा सहजता, सरलता र चुस्तता कायम भएको,

- कार्यालयको कार्य वातावरणमा नविनता कायम भएको,
- सार्वजनिक सम्पत्तिको महत्व र दायित्व वोध गराउन सहज भएको,
- कार्यालयमा मौजुदा सम्पत्तिको अभिलेखिकरण गरिएको ।

### १.३.१० कार्यक्रम कार्यान्वयनमा आइपरेका प्रमुख समस्याहरु

- जनशक्ति अभावका कारण चुस्तरुपमा अभिलेखिकरण नभएकोले लिलाम गर्नुपर्ने सामानहरुको व्यवस्थापन गर्न नसकिएको,
- Manual रुपमा जिन्सी अभिलेखिकरण गर्दागर्दै आ.व.को दोश्रो चौमासिकको अन्त्यबाट अनलाइन प्रविष्टि गर्नुपर्ने परिपत्र प्राप्त भएकोले दोहोरो काम गर्नुपर्ने अवस्था आउँदा कार्यबोझ थपिएको,
- स्टोर गर्ने कक्षको अभावले सम्पत्ति टुटफुट हुने/हराउने सम्भावना रहेको,
- सार्वजनिक सम्पत्ति संरक्षणको दायित्व बोध नभएकोले सम्पत्तिको आयू घटेको,
- आवश्यकता र मागको तालमेल नमिल्नाले आपूर्ति भएको सामानको प्रयोग नहुनु ।

### १.३.११ समस्या समाधानका उपायहरु

- उपयुक्त जनशक्तिको व्यवस्थापन गर्ने,
- उपयुक्त भण्डार कक्षको व्यवस्थापन गर्ने,
- आवश्यकता र मागको विश्लेषण गरी खरिद योजना बनाई आपूर्तिको व्यवस्थापन गर्ने,
- सार्वजनिक सम्पत्तीको दायित्व बोध गराउनका लागि कार्यालय प्रमुख र खरिद इकाई समितिबाट नियमित अनुगमनको व्यवस्थापन गर्ने ।

### १.३.१२ निष्कर्ष,

संगठनको महत्वपूर्ण श्रोत साधनको व्यवस्थापन गर्ने जिम्मेवारी भण्डार शाखामा रहेकोले माथि उल्लेखित समस्यालाई सम्बोधन गरी अभिलेखिकरणको दुरुस्ततालाई चुस्त राख्नुपर्ने देखिन्छ ।कतिपय कानूनी प्रावधानका कारण खरिद प्रकृया झन्झटिलो भएता पनि आवश्यक परिमार्जन सहित स्थानीय कानून बनाई आवश्यकता र मागलाई विश्लेषण गर्दै, सार्वजनिक सम्पत्तिको जिम्मेवारीवोध, दायित्ववोध र अपनत्ववोध गराई भौतिक श्रोतको व्यवस्थापन गर्न सकिएमा संगठनको कार्यवातावरणमा चुस्तता आउने, सहज र सरल सेवा प्रवाह हुने देखिन्छ ।

## १.४ राजश्व शाखा

### १.४.१ पृष्ठभूमि

प्रत्यक्ष दायित्व सिर्जना नहुने गरी नगरपालिकाले प्राप्त गर्ने कर र गैरकरलाइ राजश्व भनिन्छ । नगरपालिकाको कोषमा जम्मा हुने सार्वजनिक ऋण बाहेकका रकम राजश्वको रूपमा नगरपालिकाको संचित कोषमा जम्मा हुन्छन र त्यसलाई नगरपालिकाले सार्वजनिक प्रयेजनको लागि खर्च गर्दछ भने त्यो नै राजश्व हो । सार्वजनिक हितको लागि नगरपालिकाले काम गर्न नगरपालिकालाई चाहिने पैसा वा स्रोत नगरपालिकाकै जनताबाट कानुन बनाएर उठाउनु पर्ने हुदा राजश्व आवश्यक पर्दछ ।

### १.४.२ उद्देश्य

- ❖ नगरपालिकाको आन्तरिक आम्दानी बारेमा स्पष्ट पार्ने,
- ❖ शिर्षक अनुसार अघिल्लो आ.व.को राजश्व संकलन र यस आ.व को राजश्व संकलनको तुलना गर्ने,
- ❖ वडाहरुको वार्षिक आय बारेमा स्पष्ट पार्ने ।

### १.४.३ नगरपालिकाको आ.व. ०७६/०७७ र ०७७/०७८ को शिर्षगत राजश्व संकलनको विवरण

| क्र.स | शिर्षक नम्बर | आय शिर्षक नाम | संकलित रकम रु. (आ.व.०७६/०७७) | संकलित रकम रु. (आ.व.०७७/०७८) |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | ६,७५,९०४।- | ७,४८,०३१।- |
| २ | ११३१४ | भूमिकर/मालपोत | ७,६०,४११।५० | ७,१३,११५।- |
| ३ | ११३२१ | घर बहाल कर | ६,१३,८९८।८५ | ७,५५,८०४।०९ |
| ४ | ११६१३ | व्यवसाय रजिष्ट्रेशेन दस्तुर | ५,७५,९७५।- | ४,५६,४२५।- |
| ५ | १४२४२ | नक्सापास दस्तुर | २३,५४,८४३।७७ | ५,९३,३२०।५२ |
| ६ | १४२४३ | सिफारिस दस्तुर | ९,५४,९०४।७६ | ३,५५,६०९।- |
| ७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५००।- | ९००।- |
| ८ | १४२४५ | नाता प्रमाणित दस्तुर | २०००।- | ७०००।- |
| ९ | १४२४९ | अन्य दस्तुर | ९,१५,०२६।२५ | ७,९७,८५४।७६ |
| १० | | निकासी शुल्क दस्तुर संकलन | २१,७६,५९०।- | ५१,८०,०६०।- |
| ११ | | ढुंगा, गिटी, वालुवा संकलन शुल्क | १,०३,५०,०००।- | १,६८,३१,४४७।८६ |
| | | **जम्मा** | **१,९३,८०,०५५।-** | **२,६४,३९,५६८।८६** |

### १.४.४ वडाहरुको आ.व. ०७६/०७७ र २०७७/०७८ को शिर्षगत राजश्व संकलनको विवरण

| क्र.स | शिर्षक नम्बर | आय शिर्षक नाम | संकलित रकम रु. (आ.व.०७६/०७७) | संकलित रकम रु. (आ.व.०७७/०७८) |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | १,३५,८८०।- | ३,२२,१६४।- |
| २ | ११३१४ | भूमीकर/मालपोत | ४८,९५०।- | ४,०६,४२३।- |
| ३ | १४२४३ | सिफारिस दस्तुर | १८,९७,४८०।- | २०,७८,३६५।- |
| ४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ७३,१८०।- | १,३३,२१०।- |
| ५ | १४२४५ | नाता प्रमाणित दस्तुर | १,३९,३००।- | १,५१,०४०।- |
| ६ | १४२४९ | अन्य दस्तुर | २,६८,०५१।- | ७२,९५४।- |
| | | **जम्मा** | **२५,६२,८४१।-** | **३१,६४,१५६।-** |

### १.४.५ वडाहरुको आ.व. २०७६/०७७ र २०७७/०७८ को एकमुष्ठ राजश्व संकलनको विवरण

| क्र.स. | वडा नं. | २०७६/०७७ | २०७७/०७८ | |
|---|---|---|---|---|
| १ | १ | २,१९,०५५।- | १,८७,१६०।- | |
| २ | २ | २,०८,३६७।- | २,६२,७३०।- | |
| ३ | ३ | १,२६,१८५।- | १,७३,९९०।- | |
| ४ | ४ | १,९३,४९६।- | २,६०,६५६।- | |
| ५ | ५ | ३,८५,८५०।- | ६,५६,३६७।- | |
| ६ | ६ | ५,४०,२७८।- | ४,८९,२९१।- | |

| | | | | |
|---|---|---|---|---|
| ७ | ७ | ३,६८,४०९।- | ४,४९,१४९।- | |
| ८ | ८ | ३,०७,६७६।- | ४,४८,७६३।- | |
| ९ | ९ | २,१३,५२५।- | २,३६,०५०।- | |
| | **जम्मा** | **२५,६२,८४१।-** | **३१,६४,१५६** | |

**१.४.६ नगरपालिका र वडाको आ.व. ०७६/०७७ र ०७७/०७८ को शिर्षगत एकमुष्ठ राजश्व संकलनको विवरण**

| **क्र.स** | **शिर्षक नम्बर** | **आय शिर्षक नाम** | **संकलित रकम रु. (आ.व.०७६/०७७)** | **संकलित रकम रु. (आ.व.०७७/०७८)** |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | ८,११,७८४।- | १०,७०,१९५।- |
| २ | ११३१४ | भूमिकर/मालपोत | ८,०९,३६१.५।- | ११,१९,५३८।- |
| ३ | ११३२१ | घर बहाल कर | ६,१३,८९८।८५।- | ७,५५,८०४।०९।- |
| ४ | ११६१३ | व्यवसाय रजिष्ट्रेशेन दस्तुर | ५,७५,९७५।- | ४,५६,४२५।- |
| ५ | १४२४२ | नक्सापास दस्तुर | २३,५४,८४३।७७ | ५,९३,३२०।५० |
| ६ | १४२४३ | सिफारिस दस्तुर | २८,५२,३८४।७६ | २४,३३,९७४।- |
| ७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ७३,६८०।- | १,३४११०।- |
| ८ | १४२४५ | नाता प्रमाणित दस्तुर | १,४१,३००।- | १,५८,०४०।- |
| ९ | १४२४९ | अन्य दस्तुर | ११,८३,०७७।२५ | ८,७०,८०८।७६ |
| १० | | ढुंगा गिटि बालुवा दहत्तर बहत्तर संकलन शुल्क | १,०३,५०,०००।- | १,६८,३१,४४७।८६ |
| ११ | | निकासी शुल्क दस्तुर | २१,७६,५९०।- | ५१,८०,०६०।- |
| | | **जम्मा** | **२,१९,४२,८९६।-** | **२,९६,०३,७२४।८६** |

**१.४.७ सेवा प्रवाह गर्दा अपनाईएका प्रक्रियाहरु**

- ❖ सम्पत्ति कर अनलाइन सफ्टवर्यरबाटै लिने व्यवस्था मिलाइएको,
- ❖ नगरपालिकाबाट उठाइने सम्पूर्ण कर कम्युटर सिस्टम बाटै उठाउने गरिएको,
- ❖ बेरोजगार युवाहरुको बेमेल पैदा हुने गरेकोले ढुंगा गिटी वालुवा सम्बन्धी ठेक्काहरुमा **EBID** बाट ठेक्का बन्दोबस्त गर्न शुरु गरिएको ।

**१.४.८ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरु**

- ❖ सम्पत्तिकरको अनलाइन सफ्टवर्यरमा लगभग ९६१९ करदाताको जग्गा इन्ट्री गरिएको,
- ❖ हालसम्म नगरपालिका भित्र संचालन भएका ५९३ व्यवसायीलाई व्यवसाय करको दायरामा ल्याइएको,
- ❖ वडा नं १ र ९ बाहेक अन्य वडाहरुबाटै सम्पत्तिकर तथा भूमीकर लिइने व्यवस्था मिलाइएको,
- ❖ गत आ.व. २०७६/०७७ भन्दा २०७७/०७८ को आम्दानीमा ३७% राजश्व बुद्धि भएको ।

**१.४.९ कार्यसम्पादन गर्दा आइपरेका समस्याहरु**

- ❖ जनशक्ति अभावका कारणले पूर्णरुपमा वडाहरु बाट नै सम्पत्तिकर उठाउने व्यवस्था मिलाउन नसकिएको,

- ❖ नगरपालिकाका सम्पुर्ण व्यवसायीहरुलाई व्यवसाय करको दायरामा ल्याउन नसकिएको,
- ❖ दर्ता भएका व्यवसायीहरुलाई पनि पूर्ण रुपमा नविकरण प्रक्रियामा ल्याउन नसकिएको,
- ❖ वडाहरुमा अझै पनि हाते नगदी रसिदको प्रयोग गरिएको ।

### १.४.१० समस्या समाधानका उपायहरु

- ❖ राजश्व व्यवस्थापनमा विधुतिय प्रणालीको प्रयोगमा जोड दिदै राजश्व व्यवस्थापन पारदर्शि र पूर्वअनुमान योग्य बनाउने,
- ❖ आमनागरीकलाई राजश्व छल्नु दण्डनिय आर्थिक अपराध हो भनी बोध गराउदै आफै राजश्व तिर्न प्रयत्नशिल हुने गरी जागरूक तुल्याउने,
- ❖ करको दर कम गर्दै दायरा फराकिलो बनाउने ।

### १.४.११ निष्कर्ष

राजश्व नगरपालिकाकै लागि एकमात्र आम्दानी हो र यसबाटै पालिकाले लोककल्याणकारी काम गर्ने हुँदा यसको चुहावटले पालिकालाई र जनतालाई हानी गरी रहेको हुन्छ । एक संमृद्ध पालिका निर्माणका लागि प्रभावकारी राजश्व संकलन र खर्च आवश्यक पर्ने हुँदा राजश्व संकलन, भण्डारण र खर्चलाई व्यवस्थित तुल्याइनु आजको आवश्यकता हो । संघीय संरचना अनुसार स्थानीय सरकारको रुपमा स्थापित नगरपालिकाले राजश्वका संभावित सबै श्रोतहरुको पहिचान गरी कर/शुल्कको दर बृद्धिमा भन्दा दायरा बृद्धि गर्नु आवश्यक छ ।

## १.५ सूचना प्रविधि शाखा

### १.५.१ पृष्ठभूमि

- ➢ सूचना संचार एवं प्रविधि क्षेत्रमा भएको युगान्तकारी परिवर्तन सँगै एक्काईसौं शताब्दीको यात्रामा लागेको वर्तमान समयले आजको युगलाई विज्ञान र प्रविधिको युग हो भन्ने पुष्टि गरीसकेको छ,
- ➢ नेपालमा हाल आएर सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारणको बढ्दो रुची तथा प्रविधिको पहुँचले सेवा प्रवाहमा स्थानीय निकायहरुले सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु पर्ने संकेत गरीरहेको छ। यसले सेवाप्रदायक र सेवाग्राहीलाई दुवैलाई फाइदा पुग्ने देखिन्छ । स्थानीय निकायका कर्मचारी तथा सेवाग्राही नागरीकहरू यसबाट प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा लाभान्वित हुन्छन्,
- ➢ हरेक कार्यको निम्ति आधारभूत औजारको रुपमा रहेको सूचना र सञ्चार प्रविधिले मुलुकको सर्वाङीण विकासमा विशिष्ट महत्व राख्दछ भन्ने कुरामा दुईमत छैन,
- ➢ कुनै पनि कार्य सम्पादनको लागि सूचनालाई शक्तिको रुपमा लिइन्छ । यसै शक्तिलाई प्रयोग गरी भिमाद नगरपालिकाको कागजी प्रयोगमा कमी गर्दै समयानुकूल प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन प्राथमिकता दिनु पर्ने छ,
- ➢ प्रविधि प्रयोजनका लागि प्रविधिको साथसाथै कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्ने र स्थानीय रुचीका अलवा सेवाग्राही जनताको चेतनास्तर पहुँचको राम्रो ख्याल गरी गुणस्तरीय सेवा प्रदान गर्नु पर्दछ,
- ➢ नेपालमा अझै पनि ठुला ठुला फाईलहरुको चांगले ओगटेको कार्यालयहरुमा देख्न सक्छौं । सर्वसाधारणले सूचना माग गर्यो भने ती ठुला ठुला फाइलहरू खोज्ने र किराले खाएका तथा भग्नवशेष रुपमा देखिएका ढड्डा पल्टाउने गरीन्छ । हामीले खोजेको सूचना पत्ता लगाउन धेरै समय खर्चिने हुन्छन्।यति गर्दा पनि हाम्रो काम बन्छ कि बन्दैन टुंगो हुँदैन । यसले हाम्रा सरकारी कार्यालयको कार्यशैलीलाई प्रतिबिम्बित

गर्छ जहाँ सेवा प्रदायक र सेवाग्राही दुवै पीडित छन् यस्तो परिपाटीलाई परिवर्तन गर्न पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिन आवश्यक देखिन्छ ।

### १.५.२ उद्देश्य

- घटना दर्ता, दर्ता चलानी तथा सिफारिस लाई digitization गर्ने,
- भिमाद नगरपालिकाका नगर प्रोफाइल सम्प्न्न गर्न,
- नगरपालिका अन्तर्गतका सबै कार्यालयहरुमा इन्टरनेटको पहुँच अभिवृद्धि गर्ने,
- सामाजिक सञ्जालको प्रयोग गरी सूचना अद्यावधिक गर्ने र गराउने ।

### १.५.३ विद्यमान अवस्था

- इन्टरनेटको पहुँच सबै वडाहरुमा रहेको र घटना दर्ता तथा राजस्व संकलन जस्ता कामहरु सिस्टम मार्फत वडा बाटै गर्ने गरिएको छ,
- वडा नम्बर ९ र ३ बाहेक सबै वडाहरुमा कर्मचारी संख्या अनुरुप पर्याप्तरुपमा कम्प्यूटरहरुको व्यवस्था गरिएको छ ।

### १.५.४ भिमाद नगरपालिका अन्तर्गतका डिजिटल प्रोफाईलबाट प्राप्त केही तथ्याङ्कहरु

| | |
|---|---|
| Male Population | 16903 |
| Female Population | 16133 |
| Others | 0 |
| Missing Population | 3737 |
| Total Population | 36773 |







OVERALL: HOUSEHOLD BY RELIGION
Source: Household survey 2077
क्रिश्चियन / ईसाई(Christianity): 1.1 %
मुस्लिम(Islam): 1.2 %
किरात: 0.0 %
बौद्ध: 4.5 %
हिन्दु: 93.1 %
मुस्लिम(Islam)
बौद्ध
हिन्दु
किरात
क्रिश्चियन / ईसाई(Christianity)


OVERALL: HOUSEHOLD BY ETHNICITY ( PIE CHART )
Source: Household survey 2077
मुस्लिम: 1.3 %
भुजेल: 1.4 %
क्षेत्री: 2.1 %
गुरूङ: 2.7 %
कुमाल: 2.8 %
ठकुरी: 5.0 %
परियार (दमाई, दर्जी, सुचीकार, नगर्ची, ढोली, हुड्के): 5.7 %
सार्की (मिजार, चर्मकार, भूल): 6.5 %
नेवार: 7.5 %
विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनँरा, पार्की, टमाटा): 8.1 %
बाह्मण: 15.6 %
मगर: 40.6 %


OVERALL: HOUSEHOLD BY MOTHER TONGUE
Source: Household survey 2077
नेपालभाषा: 7.3 %
उर्दु: 1.2 %
गुरुङ: 2.3 %
तामाङ: 0.0 %
राई: 0.0 %
मगर: 40.5 %
नेपाली: 48.6 %
भोजपुरी: 0.0 %
उर्दु
मगर
भोजपुरी
नेपाली
राई
तामाङ
गुरुङ
नेपालभाषा


OVERALL: POPULATION BY DISABILITY
Source: Household survey 2077
बहिरा: 5.4 %
हातखुट्टा नचल्ने: 22.4 %
अन्य: 19.1 %
दृष्टिबिहिन: 5.7 %
बोल्न नसक्ने: 14.4 %
सुस्त मनस्थिति: 19.3 %
न्यून दृष्टि: 8.2 %
सुस्त श्रवन: 5.4 %
बहिरा
अन्य
सुस्त मनस्थिति
सुस्त श्रवन
न्यून दृष्टि
बोल्न नसक्ने
दृष्टिबिहिन
हातखुट्टा नचल्ने




### १.५.५ कार्यक्रम कार्यान्वयन गर्दा अपनाइएका प्रक्रियाहरु

- घटना दर्ताको digitization, नगर प्रोफाइल तयार जस्ता कार्यहरु टेन्डर प्रक्रियामार्फत सम्पन्न गरीयो,
- Digitization र नगर प्रोफाइल डाटा संकलन को लागि तालिम संचालन गरीयो ।

### १.५.६ सञ्चालन हुन नसकेको कार्यक्रम

- दर्ता चलानी तथा सिफारिश प्रणाली Testing Phase मा रहेको छ ।

### १.५.७ सम्बन्धित विषयमा हाल भइरहेका असल अभ्यास र गतिविधिहरु

- कार्यालयका चिठी, प्रतिवेदन, फारम, गतिविधि, योजना, बैठकका निर्णय लगायत विविध विषयलाई कम्प्यूटरमा प्रविष्ट गरी मागेको समयमा सूचना दिने व्यवस्था गरिएको छ। साथै प्रत्येक कोठामा डेष्टक र प्रिन्टरको व्यवस्था गरिएको छ। सेवाग्राहीले मागेका सूचनाहरु तुरुन्त दिन र अद्यावधिक गरी सूचना दिन सहयोग भएको छ,
- कागजी प्रयोगलाई कम गर्ने कार्यालाई प्रोत्सान दिँदै वेबसाइट, एसएमएस, कमप्यूटर, पेनड्राइभ, पोर्टेवल हार्डडिस्क, ल्यापटप लगायत मोबाइल एप्सको प्रयोगमा वृद्धि भएको छ। फाईलको ढड्डाई बिस्तारै कम प्रयोगमा ल्याउने कार्यमा प्रोत्सान दिईएको छ,
- सूचना प्रविधिमैत्री बनाउनका लागि इमेल, इन्टरनेट, वेभपेज, मोवाइल एप, LED Message Display, डिजिटल नागरीक वडापत्र, ग्रुप एस एम एस, आदि ले संचार प्रविधिमैत्रीका लागि विभिन्न साधनहरु जस्तै कम्प्युटर ल्यापटप मोबाइल, टेलिफोन, फोटोकपी, प्रिन्टर, प्रोजेक्टर आदि प्रयोगमा आईरहेको,
- भिमाद नगरपालिकाको गतिविधि वेबसाईट, मोबाइल एप्सबाट देख्न सकिन्छ भने नगरको वृस्तित जानकारीमूलक विषयहरु श्रव्यदृश्यवाट देख्न सकिन्छ,
- सबै कर्मचारीहरुलाई क्षमता अभिबृद्धी गर्न बेला बेलामा कम्प्यूटर तथा सूचना प्रविधि सम्बन्धि तालिम दिने व्यवस्था गरिएको छ, साथै कर्मचारीहरुलाई कम्प्यूटर वा ल्यापटपको पनि व्यवस्था कार्यलयबाट गरिएको छ। आफ्ना शाखाको जिम्मेवारी अनुसार सफ्टवेयर निर्माण गर्दै लगिने व्यवस्था गरिएको छ,
- डिजिटल नागरीक वडापत्रको व्यवस्थापन एवं कार्यन्वयन भएको छ,

- नागरीकले घरमै बसीबसी कार्यालयका सूचनाहरु नगरको इमेल, वेभपेज, मोवाईल एप, सामाजिक संजाल आदिबाट प्राप्त गर्न सक्छन्,
- ईमरजेन्सी बैठक, प्रकोप व्यवस्थापन समितिको बैठक, परिषद्को लागि सहभागी, सार्वजनिक सुनुवाईका सहभागीहरु, नगर सभा, कार्यपालिका वैठक र अन्य महत्वपूर्ण छलफल एवं अभिमुखीकरण कार्यक्रममा निमन्त्रणा एवं सहभागी गराउनका लागि समूहगत एसएमएस प्रणाली प्रयोगमा आइरहेको छ,
- नगरको इमेल वा प्रत्येक कर्मचारीको इमेलमार्फत माग गरेको विवरण तथा कागजातहरु पठाउन सकिने व्यवस्था छ भने इमेलमार्फत जानकारी दिने सहभागी गराउने र आवश्यक विवरणहरु नगरले प्राप्त गर्ने व्यवस्था छ । समुहगत इमेलबाट गतिविधिहरुको जानकारी दिने लिने कार्य भइरहेको छ,
- वडाहरुमा आइपरेको कम्प्यूटर सम्बन्धि सामान्य समस्याहरु अनलाइन बाटै र जटिल समस्याहरुको समाधान भौतिक उपस्थिति मार्फत गर्ने गरिएको छ ।

### १.५.८ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरु

- पालिकाको पुरानो ढाँचाको Website फेरि नयाँ ढाँचाको लागु गरिएको। साथै Website मा नियमित सूचनाहरु राख्ने गरिएको,
- पालिकामा प्रयोग भइरहेका Software Systems हरु संचालन गर्नका लागि प्राविधिक सहयोग उपलब्ध गराएको,
- पालिकाको समाजिक संजालहरु प्रयोगमा ल्याइ नियमित अपडेट गरिएको,
- पालिकामा कार्यरत ICT/कम्प्यूटर अपरेटर/सूचना अधिकारी लगायत अन्य सूचना संग सम्बन्धित कर्मचारीहरुलाइ ICT सम्बन्धि ज्ञान तथा आवश्यक सहयोग प्रधान गरिएको,
- विद्धुतीय शासन स्थापनाको लागि आवश्यक उपकरण र उपायहरुको अध्ययन गरी पालिकामा स्थापना गरिएको।
- पालिकाको बिभिन्न विषयगत शाखाहरुमा रहेका आवश्यक दस्तावेजहरु Digital Format मा सुरक्षित गरी राखिएको। साथै हाल कार्यान्वयन गरीसकेका तथा हाल कार्यान्वयन गरीरहेका परियोजनाहरुको लगत व्वस्थितरुपमा राख्न सहयोग गरिएको,
- श्रोत नक्साङ्कनलाइ डिजिटाइजेसन गर्ने लगायत नगरपालिकाको प्रोफाइल बनाउन सहयोग पुर्यायको,
- पालिकाको बिभिन्न विषयगत शाखाहरुको इमेल तयार गरी संचालनमा ल्याइएको,
- पालिकामा रहेको इन्टरनेट सेवा सुचारुमा बेला बेलामा आएका वाधाहरु समाधान गरिएको साथै सेवाग्राहिहरुको लागि Free Wi-Fi सेवा सुचारु गरिएको,
- स्थानिय भित्र रहेका सवै सरकारि कार्यलयहरुमा आवश्यक सहयोग प्रादन गरिएको ।

### १.५.९ कार्यक्रम कार्यान्वयनमा आइपरेका प्रमुख समस्याहरु

- इमेलमार्फत वडामा पठाएका सूचना र माग गरीएका विवरणहरु कर्मचारीद्वारा हेरेर वा नहेरीकन वेवास्ता गरिनु,
- वडा कार्यलयहरुमा जान आउन सवारी साधनको अभाव,
- सूचना प्रविधिलाई लक्षित गरी वार्षिक कार्ययोजनामा पर्याप्त बजेट विनियोजन नगरीनु ।

### १.५.१० समस्या समाधानका उपायहरु

- सम्बन्धित कर्मचारीहरुले कम्तिमानि कार्यलय आइपुगेपछि, दिउसो र कार्यलय छोड्नु भन्दा केहि घण्टा अगाडि इमेल चेक गर्नुपर्ने र आफ्नो मोबाइलमा पनि लग इन गरेर राख्नु पर्ने,
- कार्यलय द्वारा वडा कार्यलय जाँदा कार्यलयको साधनको वा निजि साधन प्रयोग गर्दा सर्भिसिङ्गको व्यवस्था गरीनु पर्ने,
- जनताको सबै भन्दा नजिकको सरकार स्थानिय तह भएको हुनाले सूचना प्रविधिलाई प्राथमिकतामा राखेर सेवा प्रदायक र सेवा ग्राहि जनताको चेतनास्तर र पहुंचको राम्रो ख्याल गरी गुणस्तरिय कार्यक्रमहरु वार्षिक कार्ययोजनामा समावेश गर्ने जुन सूचना प्रिविधिको प्रयोगले छिटो छरितो र पारदर्शि हुन जान्छ ।

### १.५.११ निष्कर्ष

- सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट मात्र सुशासन हुनसक्छ भन्ने विश्वव्यापी मान्यतालाई अंगिकार गर्नुपर्ने देखिएको छ,
- E-Governance अर्थात् विद्युतीय शासनको अवधारणा कार्यान्वयन गर्न सूचना तथा संचार प्रविधि अपरिहार्य छ,
- E-Governance ले स्थानीय निकायको उत्तरदायित्व र पारदर्शितामा जोड दिन्छ जुन असल शासन र तीव्र विकास का सूचक हुन्, तसर्थ राष्ट्रको समग्र विकासको लागि स्थानीय निकायहरु सूचना तथा सञ्चार प्रविधिमा प्रविधिमैत्री हुन आवश्यक देखिन्छ,
- सूचना तथा सञ्चार प्रविधिको सक्षमता र प्रभावकारितामा बिकास निर्भर रहने हुनाले समुदायलाई जागरुक र चेतनशील तुल्याई सभ्य, सुसंस्कृत एवं समनता समाजको निर्माण गर्न सम्पादन गरीने सम्पूर्ण क्रियाकलाप व्यवस्थित ढङ्गले सञ्चालन गर्न यस क्षेत्रको विकास विस्तार प्रयोग र परिचालन अनिवार्य हुन्छ तसर्थ समुदायलाई र कर्मचारीहरुलाई चेतनामुलक साथै क्षमता अभिवृद्धि तालिम दिनुपर्ने देखिन्छ,
- आगामी समयमा दर्ता चलानी सफ्टवेयर तथा अनलाइन इन्ट्रि गरी सुद्धिकरण गर्दै लगिनेछ ।

## २. सामाजिक विकास क्षेत्र

### २.१ शिक्षा, युवा तथा खेलकुद शाखा

### २.१.१ पृष्ठभूमि

विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न, शैक्षिक गुणस्तर एवम् सान्दर्भिकतामा अभिवृद्धि गर्न तथा संस्थागत क्षमतामा सुधार गर्न विद्यालय शिक्षामा थुप्रै प्रयत्नहरू भईआएका छन् । शिक्षाको अवसरबाट कुनै पनि बालबालिकाहरू वञ्चित हुन नपरोस् र गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन सकियोस् भन्ने उद्देश्यले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारका साथै विभिन्न संघसंस्था तथा समुदायबाट शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा पारी ठूलो मात्रामा लगानी हुँदै आइरहेको छ ।नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सबैका लागि गुणस्तरीय शिक्षाको प्रत्याभूति गराउने संकल्प गरी सो अनुरूपका कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ ।

नेपालको संविधान २०७२ को अनुसूची ८ ले आधारभूत र माध्यमिक शिक्षालाई एकल अधिकार रुपमा स्थानीय तहलाई निक्षेपित गरेको छ । उक्त अधिकारको कार्यान्वयनका लागि जारी गरिएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ज ले विद्यालय शिक्षासँग सम्बन्धित नीति, कानुन, मापदण्ड, योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने, विद्यालयको अनुमति स्वीकृति, सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको

व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमनलगायतका २३ वटा अधिकारहरु स्थानीय तहलाई दिएको छ । अधिकार सम्पन्न स्थानीय तह गठन भएपश्चात नै विद्यालय शिक्षासम्बन्धी वार्षिक योजना तथा कार्यक्रमहरु स्थानीय तह अन्तर्गत सञ्चालन भै आएका छन् । नेपाल सरकारले गुणस्तरीय विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न साथै संस्थागत सक्षमता सुदृढ बनाउनका लागि कार्यान्वयनमा ल्याएको विद्यालय क्षेत्र विकास योजना अन्तर्गतका कार्यक्रमहरू ससर्त अनुदानको रूपमा स्थानीय तहमार्फत विद्यालयमा सञ्चालन भई आएका छन् । नेपाल सरकारले ससर्त अनुदानमार्फत प्रदान गरेको कार्यक्रमका अतिरिक्त शिक्षा क्षेत्रका वास्तविक समस्याहरू सम्बोधन गर्ने गरी भिमाद नगरपालिकाले स्थानीय सरकार गठन भएदेखि नै प्राथमिकतामा विभिन्न कार्यक्रमहरू सञ्चालन गरी शिक्षामा वर्षेनी ठूलो लगानी गरीरहेको अवस्था छ । यसै सन्दर्भमा आर्थिक वर्ष २०७७।०७८ मा यस भिमाद नगरपालिकाअन्तर्गत शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगति, गरीएका प्रयासहरू, कार्यान्वयनमा आइपरेका समस्याहरू समावेश गरी यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ ।

### २.१.२ उद्देश्य

आ.व. २०७७/०७८ मा भिमाद नगरपालिकामा सञ्चालित शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन प्रगतिको अवस्था बोध गराउनु यस प्रतिवेदनको मुख्य उद्देश्य रहेको छ । यस प्रतिवेदनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

(१) भिमाद नगरपालिका शैक्षिक अवश्थाको जानकारी दिनु,

(२) आ.व. २०७७/०७८ मा सञ्चालित कार्यक्रमहरूको भौतिक तथा आर्थिक प्रगतिको अवश्था बोध गराउनु,

(३) भावी शैक्षिक कार्यदिशा तय गर्न सहयोग गर्नु ।

### २.१.३ विद्यमान अवस्था

#### २.१.३.१ साक्षरता सम्बन्धी विवरण

भिमाद नगरपालिकाको नगर प्रोफायल २०७७ अनुसार यस नगरपालिकाको जनसंख्या तथा साक्षरतासम्बन्धी विवरण देहायअनुसारको तालिकामा देखाइएको छ ।

**तालिका १ : नगरपालिकाको घरधुरी संख्या, जनसंख्या तथा साक्षरतासम्बन्धी विवरण २०७७**

| वडा | घरधुरी संख्या | जनसंख्या | | | ५ वर्षमाथिको जनसंख्या | | | साक्षरता (५+ वर्ष) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| १ | ८१९ | १९७१ | २१०१ | ४०७२ | १८५४ | १९७७ | ३८३१ | ७६.७ | ८६.१ | ८१.६ |
| २ | ९१२ | २४७९ | २५५२ | ५०३१ | २३५७ | २४१० | ४७६७ | ८०.६ | ९१.७ | ८६.२ |
| ३ | ३५० | ९३६ | ९४८ | १८८४ | ८७९ | ८७८ | १७५७ | ८३.५ | ९४.३ | ८८.९ |
| ४ | ४२० | १०५१ | १११० | २१६१ | ९७५ | १०१९ | १९९४ | ८४.३ | ९४.१ | ८९.३ |
| ५ | ८८९ | २१३२ | २२६६ | ४३९८ | १९७९ | २०८५ | ४०६४ | ८२.८ | ९१.९ | ८७.५ |
| ६ | १२६५ | २९५६ | ३०७५ | ६०३१ | २८४७ | २९३६ | ५७८३ | ८९.४ | ९७.५ | ९३.५ |
| ७ | ५४९ | १४११ | १५०४ | २९१५ | १३१९ | १३७६ | २६९५ | ९०.५ | ९७.० | ९३.८ |
| ८ | ६०८ | १४७० | १५२४ | २९९४ | १३७० | १४३१ | २८०१ | ९०.० | ९६.७ | ९३.४ |
| ९ | ५६७ | १७२७ | १८२३ | ३५५० | १६३१ | १७०२ | ३३३३ | ८२.८ | ९५.२ | ८९.१ |
| **जम्मा** | **६३७९** | **१६१३३** | **१६९०३** | **३३०३६** | **१५२११** | **१५८१४** | **३१०२५** | **८४.४** | **९३.७** | **८९.१** |

*स्रोतः नगर प्रोफाइल २०७७*

### २.१.३.२ शिक्षण संस्थाहरूको विवरण

शैक्षिक सत्र २०७७।२०७८ सम्ममा भिमाद नगरपालिकामा नेपालमा कूल ५५ विद्यालय रहेका छन् । तीमध्ये सामुदायिक विद्यालय ४३ र संस्थागत विद्यालय १२ (एक विद्यालय सञ्चालन नभएको) रहेका छन् भने स्नातक तह सञ्चालित क्याम्पस १ रहेका छन् । यसैगरी संघीय स्रोतबाट ३३, नगरस्रोतबाट १६ र संस्थागत विद्यालयमा आवद्ध रही १२ गरी जम्मा ६१ वटा प्रारम्भिक बालविकास केन्द्र वा पूर्व प्राथमिक विद्यालय सञ्चालनमा रहेका छन् । नगरपालिकाको शैक्षिक संस्थाहरुको विवरणलाई देहायको तालिकामा देखाइएको छ :

**तालिका २ : शिक्षण संस्थाहरूको विवरण २०७७।०७८**

| सि.नं. | विवरण | सामुदायिक | नगर स्रोत | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास केन्द्र वा पूर्व प्राथमिक विद्यालय | ३३ | १६ | १२ | ६१ |
| २ | विद्यालय विवरण | | | | |
| २.१ | आधारभूत (कक्षा १-३) | ४ | | १ | ५ |
| २.२ | आधारभूत (कक्षा १-५) | १९ | | ४ | २३ |
| २.३ | आधारभूत (कक्षा १-८) | ६ | | २ | ८ |
| २.४ | माध्यमिक (कक्षा १-१०) | ८ | | ३ | ११ |
| २.५ | माध्यमिक (कक्षा १-१२) | ५ | | २ | ७ |
| २.६ | माध्यमिक (कक्षा ६-१२) | १ | | | १ |
| | जम्मा विद्यालय | ४३ | | १२ | ५५ |
| ३ | क्याम्पस (स्नातक तहसम्म) | १ | | | १ |

यस नगरपालिकामा सञ्चालित तहअनुसार वडागत विद्यालयहरुको विवरणलाई देहाय अनुसार रहेको छ :

**तालिका ३ : वडागत रूपमा शिक्षण संस्थाहरूको विवरण २०७७।०७८**

| वडा | जम्मा विद्यालय (इकाइ) | सञ्चालित कक्षा अनुसारको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आधारभूत (कक्षा १-३) | आधारभूत (कक्षा १-५) | आधारभूत (कक्षा १-८) | माध्यमिक (कक्षा १-१०) | माध्यमिक (कक्षा १-१२) | माध्यमिक (कक्षा १-१२) |
| १ | १० | | ५ | २ | १ | १ | १ |
| २ | ८ | २ | ३ | | ३ | | |
| ३ | ३ | | २ | | १ | | |
| ४ | ४ | | १ | २ | १ | | |
| ५ | ६ | | ४ | | २ | | |
| ६ | १० | | २ | २ | ३ | ३ | |
| ७ | २ | | २ | | | | |
| ८ | ७ | १ | २ | २ | | २ | |
| ९ | ५ | २ | २ | | | १ | |
| **जम्मा** | **५५** | **५** | **२३** | **८** | **११** | **७** | **१** |

उल्लेखित तालिकाबाट हेर्दा वडागत रुपमा सबैभन्दा बढी विद्यालय वडा नं.१ र ६ मा १०/१० वटा र सबैभन्दा कम वडा नं.७ मा २ वटा रहेका छन् । यसैगरी वडा नं. ७ मा माध्यमिक विद्यालय रहेको छैन भने वडा नं. १, ६, ८ र ९ मा मात्र माध्यमिक (११-१२) सञ्चालन भएका विद्यालयहरुको पहुँच रहेको छ । यसैगरी वडा नं. ३, ४, ७ र ९ मा संस्थागत विद्यालयहरु रहेका छैनन् ।

### २.१.३.३ विद्यार्थी विवरण २०७७

शैक्षिक सत्र २०७७ मा नगरपालिकाभर प्रारम्भिक बालविकासमा १५१७, आधारभूत (कक्षा १-५) मा ३४०९, आधारभूत (कक्षा ६-८) मा १८२९, माध्यमिक (कक्षा ९-१०) मा १३२० र माध्यमिक - कक्षा ११-१२) मा ७९६ गरी कूल ८८७१ जना विद्यार्थी अध्ययनरत छन् । उक्त विद्यार्थीमध्ये जनजाति समुदायका विद्यार्थीको हिस्सा ५६ प्रतिशत र दलित समुदायका विद्यार्थीको हिस्सा २५.२ प्रतिशत रहेको छ । शैक्षिक सत्र २०७७ को कक्षागत जम्मा, जनजाति तथा दलित विद्यार्थीको कक्षागत विवरण निम्नअनुसारको तालिकामा देखाइएको छ :

**तालिका ४ : कक्षागत विद्यार्थी विवरण २०७७**

| कक्षा | जम्मा विद्यार्थी | | | जनजाति विद्यार्थी | | | | दलित विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | प्रतिशत | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| **बालविकास** | **६८९** | **८२८** | **१५१७** | **३८१** | **४५८** | **८३९** | **५५.३** | **१८८** | **२२३** | **४११** | **२७.१** |
| कक्षा १ | ३८१ | ४२५ | ८०६ | २१० | २४८ | ४५८ | ५६.८ | १०६ | ९३ | १९९ | २४.७ |
| कक्षा २ | २८७ | ३६० | ६४७ | १५२ | १८५ | ३३७ | ५२.१ | ८४ | १०८ | १९२ | २९.७ |
| कक्षा ३ | ३२४ | ३५८ | ६८२ | १७४ | १८८ | ३६२ | ५३.१ | ७८ | १०४ | १८२ | २६.७ |
| कक्षा ४ | ३०८ | ३१२ | ६२० | १६३ | १५९ | ३२२ | ५१.९ | ९७ | १०२ | १९९ | ३२.१ |
| कक्षा ५ | ३३० | ३२४ | ६५४ | १८४ | १६५ | ३४९ | ५३.४ | ८७ | ८१ | १६८ | २५.७ |
| कक्षा १-५ | **१६३०** | **१७७९** | **३४०९** | **८८३** | **९४५** | **१८२८** | **५३.६** | **४५२** | **४८८** | **९४०** | **२७.६** |
| कक्षा ६ | २६६ | ३०० | ५६६ | १५० | १७२ | ३२२ | ५६.९ | ७१ | ७९ | १५० | २६.५ |
| कक्षा ७ | ३०५ | ३०७ | ६१२ | १८० | १७७ | ३५७ | ५८.३ | ६७ | ७१ | १३८ | २२.५ |
| कक्षा ८ | ३५७ | २९४ | ६५१ | १९४ | १५९ | ३५३ | ५४.२ | ९३ | ७६ | १६९ | २६.० |
| **कक्षा ६-८** | **९२८** | **९०१** | **१८२९** | **५२४** | **५०८** | **१०३२** | **५६.४** | **२३१** | **२२६** | **४५७** | **२५.०** |
| कक्षा ९ | ३३७ | ३२० | ६५७ | १९१ | १९१ | ३८२ | ५८.१ | ७६ | ६८ | १४४ | २१.९ |
| कक्षा १० | ३५१ | ३१२ | ६६३ | १९९ | १९२ | ३९१ | ५९.० | ७८ | ५३ | १३१ | १९.८ |
| **कक्षा ९-१०** | **६८८** | **६३२** | **१३२०** | **३९०** | **३८३** | **७७३** | **५८.६** | **१५४** | **१२१** | **२७५** | **२०.८** |
| कक्षा ११ | २२६ | २०५ | ४३१ | १३० | १३५ | २६५ | ६१.५ | ५१ | ३१ | ८२ | १९.० |
| कक्षा १२ | २११ | १५४ | ३६५ | १३५ | ९६ | २३१ | ६३.३ | ३७ | ३४ | ७१ | १९.५ |
| **कक्षा११-१२** | ४३७ | **३५९** | ७९६ | २६५ | **२३१** | ४९६ | ६२.३ | ८८ | ६५ | **१५३** | १९.२ |
| कूल (ECD-१२) | ४३७२ | ४४९९ | ८८७१ | २४४३ | २५२५ | ४९६८ | ५६.० | १११३ | ११२३ | २२३६ | २५.२ |

शैक्षिक सत्र २०७७ मा नगरपालिकामा प्रारम्भिक बालविकासदेखि कक्षा १२ गरी विद्यालय तहमा जम्मा ८८७१ जना विद्यार्थी अध्ययनरत रहेकोमा सामुदायिक विद्यालयमा ६४०३ (७२.२ प्रतिशत) र संस्थागत विद्यालयमा २४६८ (२७.८ प्रतिशत) विद्यार्थी अध्ययनरत रहेका छन् । तल्ला कक्षाहरुका तुलनामा माथिल्ला कक्षाहरुमा

संस्थागत विद्यालयको हिस्सा क्रमशः घट्दै गएको देखिन्छ । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको कक्षागत विवरण निम्नअनुसारको तालिकामा देखाइएको छ:

**तालिका ५ : सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थी विवरण २०७७**

| कक्षा | जम्मा विद्यार्थी | | | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | प्रतिशत | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| **बालविकास** | **६८९** | **८२८** | **१५१७** | **४१६** | **४८२** | **८९८** | **५९.२** | **२७३** | **३४६** | **६१९** | **४०.८** |
| कक्षा १ | ३८१ | ४२५ | ८०६ | २६७ | २७८ | ५४५ | ६७.६ | ११४ | १४७ | २६१ | ३२.४ |
| कक्षा २ | २८७ | ३६० | ६४७ | १७४ | २२२ | ३९६ | ६१.२ | ११३ | १३८ | २५१ | ३८.८ |
| कक्षा ३ | ३२४ | ३५८ | ६८२ | २२६ | २२८ | ४५४ | ६६.६ | ९८ | १३० | २२८ | ३३.४ |
| कक्षा ४ | ३०८ | ३१२ | ६२० | २२६ | २११ | ४३७ | ७०.५ | ८२ | १०१ | १८३ | २९.५ |
| कक्षा ५ | ३३० | ३२४ | ६५४ | २३३ | २२३ | ४५६ | ६९.७ | ९७ | १०१ | १९८ | ३०.३ |
| कक्षा १-५ | **१६३०** | **१७७९** | **३४०९** | **११२६** | **११६२** | **२२८८** | **६७.१** | **५०४** | **६१७** | **११२१** | **३२.९** |
| कक्षा ६ | २६६ | ३०० | ५६६ | २०१ | २२३ | ४२४ | ७४.९ | ६५ | ७७ | १४२ | २५.१ |
| कक्षा ७ | ३०५ | ३०७ | ६१२ | २५५ | २३३ | ४८८ | ७९.७ | ५० | ७४ | १२४ | २०.३ |
| कक्षा ८ | ३५७ | २९४ | ६५१ | २९९ | २३८ | ५३७ | ८२.५ | ५८ | ५६ | ११४ | १७.५ |
| **कक्षा ६-८** | **९२८** | **९०१** | **१८२९** | **७५५** | **६९४** | **१४४९** | **७९.२** | **१७३** | **२०७** | **३८०** | **२०.८** |
| कक्षा ९ | ३३७ | ३२० | ६५७ | २९२ | २६७ | ५५९ | ८५.१ | ४५ | ५३ | ९८ | १४.९ |
| कक्षा १० | ३५१ | ३१२ | ६६३ | २९२ | २५२ | ५४४ | ८२.१ | ५९ | ६० | ११९ | १७.९ |
| **कक्षा ९-१०** | **६८८** | **६३२** | **१३२०** | **५८४** | **५१९** | **११०३** | **८३.६** | **१०४** | **११३** | **२१७** | **१६.४** |
| कक्षा ११ | २२६ | २०५ | ४३१ | २१३ | १८१ | ३९४ | ९१.४ | १३ | २४ | ३७ | ८.६ |
| कक्षा १२ | २११ | १५४ | ३६५ | १६२ | १०९ | २७१ | ७४.२ | ४९ | ४५ | ९४ | २५.८ |
| **कक्षा११-१२** | **४३७** | **३५९** | **७९६** | **३७५** | **२९०** | **६६५** | **८३.५** | **६२** | **६९** | **१३१** | **१६.५** |
| **कूल (ECD-१२)** | **४३७२** | **४४९९** | **८८७१** | **३२५६** | **३१४७** | **६४०३** | **७२.२** | **१११६** | **१३५२** | **२४६८** | **२७.८** |

भिमाद नगरपालिकामा उच्च शिक्षा प्रदायक संस्थाको रुपमा जनज्योति क्याम्पस सञ्चालित छ । उक्त क्याम्पसमा शिक्षाशास्त्र र व्यवस्थापन संकाय गरी दुई संकायमा स्नातक तहका शैक्षिक कार्यक्रमहरु सञ्चालित छन् । दुवै संकायको प्रथमदेखि चौथो वर्षसम्म कूल ३२९ जना विद्यार्थी अध्ययनरत रहेका छन् । उच्च शिक्षाको स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीको कक्षागत विवरण निम्नअनुसारको तालिकामा देखाइएको छ :

**तालिका ६ : क्याम्पस तह (स्नातक) को विद्यार्थी विवरण २०७७**

| वर्ष | शिक्षाशास्त्र संकाय | | | व्यवस्थापन संकाय | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रथम | ५६ | १३ | ६९ | ५४ | ११ | ६५ | ११० | २४ | १३४ |
| दोस्रो | ३१ | ५ | ३६ | ३८ | २२ | ६० | ६९ | २७ | ९६ |
| तेस्रो | १८ | १ | १९ | १९ | १२ | ३१ | ३७ | १३ | ५० |

| वर्ष | शिक्षाशास्त्र संकाय | | | व्यवस्थापन संकाय | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| चौथो | ९ | ३ | १२ | ३० | ७ | ३७ | ३९ | १० | ४९ |
| जम्मा | ११४ | २२ | १३६ | १४१ | ५२ | १९३ | २५५ | ७४ | ३२९ |

*स्रोत : जनज्योति क्याम्पस*

उल्लेखित तालिका हेर्दा भिमाद नगरपालिकाको एकमात्र क्याम्पस जनज्योति क्याम्पसमा शिक्षाशास्त्र संकायतर्फ १४१ जना र व्यवस्थापन संकायतर्फ १९३ जना विद्यार्थी अध्ययनरत रहेका छन् । चार वर्षे कार्यक्रममध्ये पहिलो वर्षमा सबैभन्दा धेरै १३४ जना विद्यार्थी अध्ययनरत छन् भने दोस्रो, तेस्रो र चौथो वर्षमा क्रमशः ९६, ५० र ४९ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

### २.१.३.४ शिक्षक विवरण

भिमाद नगरपालिकामा प्राथमिकदेखि उच्च माध्यमिक तहसम्म स्वीकृत दरवन्दी २५५ र शिक्षक अनुदान कोटा (राहत) दरवन्दी ३८ गरी जम्मा २९३ दरवन्दी रहेको छ । यसैगरी विभिन्न तहको निजी स्रोतमा १७१ जना शिक्षक कार्यरत रहेका छन् । शिक्षक सम्बन्धी विवरण निम्नअनुसारको तालिकामा देखाइएको छ :

**तालिका ७ : शिक्षक विवरण**

| तह | दरवन्दी | राहत | जम्मा | स्थायी | | | अस्थायी | राहत | निजी स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम | द्वितिय | तृतीय | | | |
| प्राथमिक | १७८ | ११ | १८९ | ४ | ३३ | ८० | ६१ | ११ | १०९ |
| निम्नमाध्यमिक | ४० | १४ | ५४ | | ५ | १६ | १९ | १४ | ३७ |
| माध्यमिक | ३३ | ९ | ४२ | | ५ | १८ | १० | ९ | १५ |
| उच्च माध्यमिक | ४ | ४ | ८ | | | | ४ | ४ | १० |
| **जम्मा** | **२५५** | **३८** | **२९३** | ४ | ४३ | **११४** | **९४** | **३८** | **१७१** |

उल्लेखित तालिका अनुसार कूल सरकारी दरवन्दी २९३ मध्ये प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहमा क्रमशः १८९, ५४, ४२ र ८ दरवन्दी रहेका छन् । यीमध्ये ११४ जना स्थायी, ९४ जना अस्थायी, ३८ जना शिक्षक अनुदान कोटा (राहत) र निजी स्रोतमा कार्यरत १७१ रहेका छन् ।

### २.१.३.५ अनुपात

शैक्षिक सत्र २०७७ को विद्यालय विद्यार्थी, विद्यालय विद्यार्थी तथा शिक्षक विद्यार्थी अनुपातलाई निम्नअनुसारको तालिकामा देखाइएको छ :

**तालिका ८ : विद्यालय विद्यार्थी, विद्यालय विद्यार्थी तथा शिक्षक विद्यार्थी अनुपात**

| तह | विद्यालय विद्यार्थी (जम्मा) | विद्यालय विद्यार्थी (सरकारी) | शिक्षक विद्यार्थी (जम्मा) | शिक्षक विद्यार्थी (सरकारी) | विद्यालय शिक्षक (जम्मा) | विद्यालय शिक्षक (सरकारी) |
|---|---|---|---|---|---|---|
| प्राथमिक | १:२५ | १:१९ | १:२१ | १:१९ | १:१.२ | १:१ |
| निम्नमाध्यमिक | १:६३ | १:५४ | १:११ | १:१२ | १:५.५ | १:४.५ |
| माध्यमिक | १:६८ | १:७३ | १:२१ | १:२७ | १:३.२ | १:२.७ |
| उच्च माध्यमिक | १:६९ | १:७९ | १:२३ | १:२६ | १:३ | १:३ |

| तह | विद्यालय विद्यार्थी (जम्मा) | विद्यालय विद्यार्थी (सरकारी) | शिक्षक विद्यार्थी (जम्मा) | शिक्षक विद्यार्थी (सरकारी) | विद्यालय शिक्षक (जम्मा) | विद्यालय शिक्षक (सरकारी) |
|---|---|---|---|---|---|---|
| उच्च माध्यमिक | १:१०० | १:१११ | १:४४ | १:८३ | १:२.३ | १:१.३ |

उल्लेखित तालिका हेर्दा प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपात सबैभन्दा कम र उच्च माध्यमिक तहमा सबैभन्दा बढी रहेको देखिन्छ । शिक्षक विद्यार्थी अनुपात प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको शिक्षक विद्यार्थी अनुपात क्रमशः ११, २१, २३ र ४४ रहेको देखिन्छ ।

### २.१.३.६ शैक्षिक उपलब्धिका सूचकहरू

विभिन्न शैक्षिक सूचकहरुमा नगरपालिकाको स्थिति र राष्ट्रिय स्थितिलाई तुलनात्मक रुपमा देहायको तालिकामा देखाइएको छ :

- कुल जम्मा स्वीकृत योजनाहरुः ११३ वटा
- कार्यान्वयन भएका योजनाहरुः ११० वटा, संचालन नभएकाः ३ वटा

इ) सघिय सरकारबाट हस्तान्तरित कार्यक्रमहरुको प्रगति

| संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम | | | बजेट रु हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सि.न. | योजनाको नाम | इकाई | भौतिक | | | वित्तीय | | |
| | | | लक्ष्य | प्रगति | प्रगति | वार्षिक बजेट | वार्षिक खर्च | खर्च % |
| १ | सतिकोट, डाँडाजोर क्षेत्र पर्यटन पूर्वाधार निर्माण योजना | | मन्दिर ,रेलिङ, ट्रस, सिढी | सम्पन्न | | १००० | ९०७.२८८ | ९०.७३ |
| २ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | २ | | | ३२३३० | ११९९७.४७१ | ३७.१२ |
| २.१ | १५ शैय्याको आधारभुत अस्पताल निर्माण | | पेश्की रकम भुक्तानी भएको | काम शुरु | | सम्झौता ११५२०९.९६३ | ९९९९ | |
| २.२ | १५ शैय्याको आधारभुत अस्पताल डिपिआर (कन्टिन्जेन्सीबाट) | | डिपिआर | सम्पन्न | | १९९८.४७१ | १९९८.४७१ | |

ई) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) तर्फको योजना तथा कार्यक्रमहरुको प्रगती

वजेट रु हजारमा

| सि.नं. | क्रियाकलाप/योजनाको नाम | इकाई | भौतिक | | | वित्तीय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक बजेट | वार्षिक खर्च | खर्च % |
| १. | भि.सी.नेत्र बहादुर मोटरमार्ग | १ | कालोपत्रे | | | ५००० | ५००० | १०० |

उ) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) तर्फको योजना तथा कार्यक्रमहरुको प्रगतिः

वजेट रु हजारमा

| सि.नं. | क्रियाकलाप/योजनाको नाम | भौतिक | | | वित्तीय | | |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक बजेट | वार्षिक खर्च | खर्च % |
| १. | चिहानडाँडा मोहोरिया सिद्धगुफा सडक क्रमागत | कालोपत्रे | | ५० | ५००० | ० | ० |

ऊ) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) तर्फको योजना तथा कार्यक्रमहरुको प्रगतिः

**वजेट रु हजारमा**

| सि.न. | योजनाको नाम | भौतिक | | | वित्तीय | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक बजेट | वार्षिक खर्च | खर्च % | |
| १ | फुलबारी विरुवाटार मोटरमार्ग (जिलाङ्ग-कोटथर-जौपानी | ढलान, नाला, कटिङ,वाल | सम्पन्न | १०० | ५००० | २३९५.१०९ | ४७.९० | ठेक्काबाट |
| २ | वरपोखरी पाथर्दी सडक | ढलान, नाला, कटिङ, वाल | काम शुरु | ८० | ५००० | १००६.६३७ | २०.१३ | ठेक्काबाट |
| ३ | तमु छोज धि भिमाद-६ भवन निर्माण | भवन निर्माण | सम्पन्न | १०० | २००० | १८९२.६२१ | ९४.६३ | |
| ४ | ज्ञानी आमा समूह भवन तथा मोटरमार्ग निर्माण | भवन/ बाटो ढलान | सम्पन्न | | २००० | १८९९.१८१ | ९४.९६ | |
| ५ | बरन्छागा मोटरमार्ग भिमाद-४ | नयाँ ट्र्याक | सम्पन्न | | १००० | ९७५ | ९७.५० | |
| ६ | मिछुर्लुङ धारादी खानेपानी भवनको पहिरो नियन्त्रण र संरक्षण | रिटेनिङ बाल निर्माण | सम्पन्न | | १००० | ९६१.८३४ | ९६.१८ | |
| ७ | भिमाद रंगशाला (नाला निर्माण) | नाला निर्माण | सम्पन्न | | २५०० | २४३७.५ | ९७.५ | |
| | **जम्मा** | | | | **१८५००** | **११५६७.८८२** | **६२.५३** | |

ऋ) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फको योजना तथा कार्यक्रमहरुको प्रगतिः

**वजेट रु हजारमा**

| सि.नं. | क्रियाकलाप/योजनाको नाम | इकाई | भौतिक | | | वित्तीय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक बजेट | वार्षिक खर्च | खर्च % |
| १ | उत्तर दक्षिण मोटर मार्गको छाब्दि बाराही मन्दिर देखि सिगार भन्ज्याङ खण्ड स्तरवृध्दि तथा फाँचेथर कोटथर पर्यटकीय पैदलमार्ग | १ | बाटो विस्तार तथा पैदल सिढी निर्माण | सम्पन्न | ९५ | १५०० | १३९२.२०८ | ९२.८१ |

| सि.नं. | क्रियाकलाप/योजनाको नाम | इकाई | भौतिक | | | वित्तीय | | |
|---|---|---|---|---|---|---|---|---|
| | निर्माण समेत | | | | | | | |
| २ | लोकतान्त्रिक मार्ग स्तरोन्नती जलौदी देखि सुनाकोटसम्म | १ | पक्की नाला तथा ग्राभेल | सम्पन्न | १०० | १००० | ९७५ | ९७.५ |
| ३ | खरखरे खानेपानी योजना सुविधा विस्तर | १ | एक घर एक धारा जडान | सम्पन्न | १०० | १५०० | १४६२.५ | ९७.५ |
| ४ | नेवाखल भवन निर्माण र जनज्योति मा.वि.को क्यान्टिन छाना समेत | १ | भवन निर्माण तथा छाना मर्मत | सम्पन्न | १०० | ११४० | ११११.०९५ | ९७.४६ |
| ५ | भिम देउराली मोटरमार्ग स्तरोन्नती | १ | पक्की नाला निर्माण | सम्पन्न | १०० | १००० | ९७५ | ९७.५ |
| ६ | बालज्योति आधारभूत विद्यालय तला थप गर्ने | १ | हवाइ ढलान | सम्पन्न | १०० | १००० | ९१८.०५८ | ९१.८० |
| | **जम्मा** | ६ | | | | ७१४० | ६८३३.८६१ | ९५.७१ |

### ३.१.७ संचालन हुन नसकेका योजना/कार्यक्रमहरु

**वजेट रु हजारमा**

| सि.नं. | योजना/कार्यक्रमको नाम | बजेट | संचालन हुन नसक्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १. | भिमकाली राजमार्ग अन्तर्गत जिरोको पहिरो नियन्त्रण | ५० | वजेट नपुग भएको र पहिरो ठुलो भएकोले सम्झौता हुन नसकेको | नगरकार्यपालिकाको निर्णयानुसार विनियोजित |
| २. | ३ नं. वडा कार्यालय जाने नाला निर्माण | १००० | अविरल वर्षाको कारण सम्पन्न हुन नसकेको | नगरकार्यपालिकाको निर्णयानुसार विनियोजित |
| ३. | बोमाटार सार्वजनिक शौचालय निर्माण | १३१.४०४ | उपभोक्तावाट सम्झौता गर्न नआएको | नगरकार्यपालिकाको निर्णयानुसार विनियोजित |
| ४. | ८ नं. वडा कार्यालय भवन निर्माण | ३००० | जग्गाको प्रक्रिया पूरा नभएको | नगरसभाबाट विनियोजित |
| ५ | सिप विकास तालिम कार्यक्र | ५०० | कोविडको कारणले | न.पा. |
| ६. | ल्यान्डफिल्ड साइटको पहिचान तथा व्यवस्थापन | ५०० | स्थान अभाव पहिचान गर्न नसकिएको | न.पा. |
| ७. | बायो ग्यास जडान | २०० | कोविडको कारण | संघिय शसर्त अनुदान चालु |
| ८. | सुधारिएको चुलो बायोमास प्रविधि जडान | २०० | कोविडको कारण | संघिय शसर्त अनुदान चालु |

| | | | | |
|---|---|---|---|---|
| ९. | सौर्य उर्जा प्रविधि जडान | ३०० | कोविडको कारण | संघिय शसर्त अनुदान चालु |
| | **जम्मा** | **५८८१.४** | | |

### ३.१.८ असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु

- योजना तथा कार्यक्रम संचालन गर्दा उपभोक्ताहरुलाई सहज हुने गरी कार्यान्वयन तालिका स्वीकृत गरिएको,
- ठुला र जटिल प्रकृतिका कार्यहरु ठेक्का प्रक्रिया मार्फत संचालन गरिएको,
- जटिल प्रकृतिका काम गर्दा प्राविधिकको प्रतक्ष्य रोहवरमा गर्ने गरिएको,
- लागत सहभागिता सहितको वजेटवाट वजार क्षेत्रमा अधिकांस सडक कालोपत्रे गरिएको,
- लागत सहभागितामा कार्य गर्न ग्रामीण क्षेत्रका वडाहरुवाट पनि यथेष्ट माग भै आउने गरेको,
- उपभोक्ता समिति सम्वन्धी कार्यविधि लगायतका कानूनहरुको पालनामा जोड दिइएको
- नगर यातायात गुरुयोजनाको कार्यान्वयनमा जोड दिइएको,
- ३ नं वडा कार्यालय भवन निर्माण सम्पन्न भएको साथै ४ नं वडा कार्यालय भवन सम्पन्न हुने चरणमा रहेको,
- १५ शैयाको आधारभुत अस्पतालको ठेक्का सम्झौता भइ निर्माण कार्य शुरुवात भएको,
- आ.व. ०७७/७८ मा ३० वटा योजनाको अनुगमन गरी भुक्तानी सिफारिस गरिएको

### ३.१.९ समग्र कार्यक्रमका प्रमुख उपलब्धीहरु

- वडा कार्यालयको भवन निर्माण वडा नं ३ र ४,
- १५ शैयाको आधारभुत अस्पताल निर्माण शुरु,
- योजना कार्यक्रमहरुको भुक्तानी तोकिएको समयमै सम्पन्न,
- सडक, खानेपानी तथा सिंचाइ, एक घर एक धारा कार्यक्रम,
- वडा नं. ७ को वडा कार्यालय भवन निर्माण सुरुवात,
- धार्मिक तथा पर्यटकीय स्थलहरु संरक्षण एवं सम्वर्द्धन,
- योजना अनुगमन निरन्तरता,
- कच्चीकुलो मुक्त नगरपालिका अभियान ।

### ३.१.१० कार्यक्रम कार्यान्वयनमा आइपरेका प्रमुख समस्याहरू

- नगरवाट योजनामा रकम विनियोजन नभैकन योजना सम्झौता/सुरुवात हुनु.,
- मार्गनिर्देशन, योजना किताव, निर्णयहरु, प्रक्रियाको अध्ययनमा कमी,
- वडामा कर्मचारीको अभावले उपभोक्ताको कागजातहरु मिलेर नआउनु,
- समयमै उपभोक्ता समिति गठन नहुने जसले गर्दा आर्थिक मसान्तमा मात्र भुक्तानीको चाप वढि,
- वडा/प्राविधिकवाट नगरसभा र नगरकार्यपालिकावाट स्वीकृत निर्णय एवं वार्षिक नगर विकास योजनाको

किताव नहेरी योजनाको नाम फरक फरक राखि सम्झौता/लागत अनुमान हुने गरेको,

- ठेक्का मार्फत हुने कार्यको गुणस्तर कम/लापरवाही/तोकिएको समयमा सम्पन्न हुन कठिन,
- तोकिएको मापदण्ड अनुसार जनसहभागिता औपचारिकतामा मात्र सीमित,
- तोकिएको कानून तथा मार्गनिर्देशनहरु अनुसार कार्यान्वयनमा जटिलता,
- समयमा योजना अनुगमन तथा मुल्यांकनको नहुनु ।

### ३.१.११ समस्या समाधानका उपायहरू

- उपभोक्तालाई योजना संचालनको प्रक्रियाको वारेमा योजना सुरुवात हुनु पूर्व नै जानकारी गराउनु पर्ने,
- वडा/प्राविधिकवाट इस्टिमेट/सम्झौता गर्दा योजनाको किताव र नगरकार्यपालिकाको निर्णय अनिवार्यरुपमा हेरी सम्झौता एवं अन्य प्रक्रिया अपनाउनु पर्ने,
- वडा / नगरवाट योजना संचालन भैरहेको स्थानको नियमितरुपमा अनुगमन गरीनु पर्ने,
- योजनाको प्रभावकारीता र दिगोपनको लागि उपभोक्ताहरु स्वयं नै सचेत र जिम्मेवार हुनुपर्ने,
- वडावाट सिफारिस गरेर पठाउदा सम्पूर्ण कागजात मिलाएर (चेकलिष्ट) योजनाको अभिलेख राखी पठाउने,
- उपभोक्ता समिति गठन तथा परिचालन सम्वन्धी कार्यविधि, योजना तथा कार्यक्रम कार्यान्वयन तालिका तथा मार्गनिर्देशनको पूर्णरुपमा पालना गर्नु पर्ने,
- नगरकार्यपालिकाको निर्णय, खर्चको मापदण्ड लगायत खरिदका विधि, ऐन कानुनहरुको पूर्णरुपमा पालना गरीनु पर्ने,
- निरन्तर योजना अनुगमन गरी राय सुझाव लिने दिने गर्नु पर्ने ।

### ३.१.१२ निष्कर्ष

कोरोना भाइरसको संक्रमणले सिर्जना गरेको असहज परिस्थितिका अवस्थामा योजना शाखावाट गरीनुपर्ने विभिन्न कार्यक्रमहरु सम्पन्न गर्न सकिएन । योजना कार्यान्वयन तालिका अनुसार समयमै उपभोक्ता समितिहरु सक्रिय नभैदिनाले आर्थिक वर्षको अन्तमा भुक्तानीमा अत्यधिक मात्रामा चाप वढ्ने क्रम यो वर्ष पनि निरन्तर नै रहयो । तथापी तोकिएको समयमा नै सवै योजना तथा कार्यक्रमहरुको भुक्तानी गरिएको छ । वार्षिक नगर विकास योजना स्वीकृत भएर योजना तथा कार्यक्रम संचालन गर्ने सन्दर्भमा शाखा उपशाखाहरुको व्यवस्था नभएको हुँदा कार्यक्रम संचालन गर्दा अन्योल समेत देखिएको छ । अतः वार्षिक नगर विकास योजना स्वीकृत भए पश्चात तत्कालै कार्यक्रम गर्ने जिम्मेवारी तोकिदिएमा योजना शाखालाई सहज हुने देखिन्छ । ठेक्का प्रक्रिया मार्फत संचालन भएका योजनाहरुमा ठेकेदारको लापरवाही एवं कम गुणस्तरीय सामाग्री प्रयोग गर्ने क्रम वढिरहेको हुँदा नियमितरुपमा अनुगमन गर्नुपर्ने देखिन्छ साथै वजेटको सुनिश्चितता हुनु भन्दा अगावै योजनाको आवश्यकता र औचित्यताको पहिचान गरी प्राविधिक लागत अनुमान

तयार गरी वजेट विनियोजन गर्ने परिपाटीको विकास गर्नु पर्ने देखिन्छ । समग्रमा योजना शाखावाट कर्मचारी अभाव/दोहोरो जिम्मेवारीका वावजुद पनि तोकिएको समयमा स्वीकृत योजना तथा कार्यक्रमहरु अधिकांश संचालन गरी कार्यान्वयन गर्न योजना शाखा सफल भएको छ ।

## ३.२ प्राविधिक शाखा

### ३.२.१ पृष्ठभूमि

वि.सं २०७३ सालमा यस भिमाद नगरपालिकाको स्थापना भए पछि नगरपालिका भित्र संचालन हुने सम्पुर्ण भौतिक निर्माणका योजनाहरु संचालन तथा सम्पन्न गराउने कार्य अन्तर्गतको प्राविधिक पक्षहरुको जिम्मेवारी यस शाखाको रहेको छ । आ.व २०७३/७४ देखी यस भिमाद नगरपालिका, सम्पुर्ण वडा कार्यालयहरु, प्रदेश तथा केन्द्रका भौतिक निर्माणका योजनाहरु सफलताका साथ संचालन एवं सम्पन्न गर्दै आएको छ।नियमित कार्यक्रम वाहेकका भौतिक निर्माण योजनाहरु जस्तैः विपद व्यवस्थापन, लागत सहभागिता, कृषि तथा पशु शाखाबाट किसानहरुलाई प्रदान गरीने अनुदान अन्तर्गतका निर्माण तथा कृषि समाग्रि खरिदमा प्राविधिक सहयोग, सव डिभिजन वन कार्यालय अन्तर्गतको कार्यक्रमहरुको समेत प्राविधिक कागजातहरु तयार गरी योजना संचालन एवं सम्पन्न गराउने जिम्मेवारी यस शाखाले वहन गरेको छ। नगरपालिका स्थापना हुनु पुर्व बनेका घरहरुको अभिलेख राख्ने (घर कायम गर्ने) र नयाँ घर नक्सा पास प्रक्रिया, निर्माण ईजाजत पत्र र सम्पन्न प्रमाणपत्र सम्बन्धि कार्यहरु यस शाखाबाट संचालन भएका छन।

### ३.२.२ वार्षिक कार्यक्रमका उद्देश्य

१. नगर सभा तथा कार्यपालिका बाट स्वीकृत भएका भैतिक निर्माणका योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्ने,

२. भैतिक निर्माणका योजनाहरुको लागत अनुमान तयार गर्दा दिगो बिकासको प्रक्रियालाई अपनाई उत्थानशिल संरचनाको निर्माण गर्न सहयोग गर्ने।

### ३.२.३ वार्षिक समिक्षा प्रतिवेदनको उद्देश्य

१. नगरपालिकाको प्राविधिक शाखा बाट हुने सेवा प्रवाहको जानकारी तथा सेवा तथा योजना संचालनका प्रक्रियाको जानकारी गराउन,

२. नगर सभा तथा कार्यपालिका बाट विनियोजन भएको बजेट बाट भएको विकासका पुर्वाधारको भौतिक प्रगतिको जानकारी गराउन,

३. नगरपालिका द्धारा बिभिन्न क्षेत्रमा संचालित योजनाहरुको बजेटभार क्षेत्रगत रुपले प्रस्तुत गर्ने,

४. विगतका आ.व को योजनाहरुको समिक्षा गर्दै आगामी आ.व को बजेट तथा योजना बनाउन मार्ग निर्देशन गर्ने।

### ३.२.४ विद्यमान अवस्था

**भिमाद नगरपालिका अन्तर्गतका भौतिक निर्माण सम्वन्धी विवरण**

| सि नं | कार्य विवरण | आ.व ७४/७५ | आ.व ७५/७६ | आ.व ७६/७६ | आ.व ७७/७८ | हाल सम्मको जम्मा |
|---|---|---|---|---|---|---|
| १ | कालोपत्रे/ढलान सडक निर्माण योजना ( मिटर) | १९१९ | ४८६४ | ५३१९ | १५८३ | **१३६८५** |
| २ | नयाँ ट्र्याँक निर्माण (मिटर) | २०५०० | ११९४० | २८९४७ | ३९३७९ | **१००७६६** |
| ३ | मन्दीर पाटी पौवा निर्माण (संख्या) | १५ | २ | २७ | १६ | **६०** |
| ४ | सडक चौडाइ विस्तार (मिटर) | १४०४० | १२०५५ | २६९१९ | २१२९७ | **७४३११** |
| ५ | कज वे निर्माण (मिटर) | ० | १८ | ५८ | ८३ | **१५९** |
| ६ | कल्भर्ट निर्माण (संख्या) | २ | २ | १० | २ | **१६** |
| ७ | खानेपानी पाइपलाइन विस्तार (मिटर) | २२५०० | १७०० | २०१९२ | २५७२६ | **७०११८** |
| ८ | खानेपानी टंकी निर्माण (घ.मी.) | ५५ | ११८ | ४९ | १८६ | **४०८** |
| ९ | पक्की कुलो निर्माण तथा स्तरोन्नति (मिटर) | ३५२ | १८५ | १०३४ | ८६३ | **२४३४** |
| १० | साना तथा काठे पुल मर्मत (संख्या) | ० | १ | १ | १ | **३** |
| ११ | ग्राभल सडक निर्माण (मिटर) | ७९६० | ३५२० | ५४११ | ३२३० | **२०१२१** |
| १२ | भवन निर्माण तथा मर्मत (संख्या) | १०१ | १७ | ४४ | २८ | **१९०** |
| १३ | गेवियन वाल निर्माण (संख्या) | १९८ | २३ | २७५ | १२२ | **६१८** |
| १४ | रिटेनिङ्ग वाल निर्माण (मिटर) | ५९४ | २०८ | २५९ | १३५२ | **२४१३** |
| १५ | शार्वजनिक शौचालय निर्माण (संख्या) | ५ | २ | ११ | २४ | **४२** |
| १६ | कच्ची नाली निर्माण (मिटर) | ४२५० | ५२५० | ६३४४ | ६०४४ | **२१८८८** |
| १७ | टिक नाली निर्माण (मिटर) | ० | ६८० | १३०२ | ८७६ | **२८५८** |
| १८ | पक्की नाली निर्माण (मिटर) | ८३४ | १६१६ | २७६३ | ३२३६ | **८४४९** |

### ३.२.५ कार्यक्रम कार्यान्वयन गर्दा अपनाईएका प्रक्रियाहरू

### ३.२.५.१ योजना संचालन

**क. नगर सभा बाट पारित भएका योजनाहरु संचालन गर्ने प्रक्रिया**

१. योजना उ.स गठन गरी सम्बन्धित वडाको सिफारिस सहित लागत अनुमानको लागि निवेदन पेश गर्ने,

२. प्राविधिक शाखा बाट फिल्ड नापजाँच गरी लागत अनुमान तयार गर्ने,
३. प्राप्त जनश्रमदान सहितको लागत अनुमान अंक राखि योजना शाखमा निश्चित समय अवधिमा कार्य सम्पन्न गर्ने गरी सम्झौता गर्ने,
४. निर्माण क्षेत्रमा भिमाद नगरपालिकाले तयार गरेको ढाँचाको सुचना पाटि टाँस गरी प्राविधिक लागत अनुमान बमोजिम निर्माण कार्य सुरु गर्ने,
५. निर्माण कार्यमा कुनै समस्या वा जटिलता आईपरेमा नगरपालिकाको प्राविधिक शाखामा सम्पर्क गर्ने,
६. निर्माण कार्य सम्पन्न भईसके पछि सम्बन्धित वडाको योजना सम्पन्न सिफारिस सहित स्थलगत निरिक्षण, मुल्याङ्कन गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरीदिनको लागि नगरपालिकामा निवेदन दिने,
७. नगरपालिकाको प्राविधिक शाखा बाट नाप जाँच भई कार्य सम्पन्न प्रतिवेदन तयार भएपछि उक्त रिपोर्ट र बिल भरपाई सहित भुक्तानिका लागि निवेदन पेश गर्ने।

### ३.२.५.२ घर नक्शा पास

१. निवेदक द्धारा नयाँ घर वा घर कायम सम्बन्धि राजश्व शाखाबाट किताब खरिद गर्ने।(घर कायम सम्बन्धी किताबको लागि सम्बन्धित वडाको सिफारिस चाहिने)
२. नयाँ घर नक्सा पास वा घर कायमका लागि तयारी नक्सा सहित प्राविधिक शाखामा निवेदन दिने।
३. प्राविधिक शाखा बाट घर कायम सम्बन्धि ७ दिने वा नयाँ घर नक्सा सम्बन्धि १५ दिने सुचना प्रकाशित गरी साँध सधियारालाई संलग्न गराई सुचना टाँसको मुचुल्का गराउने।
४. नक्सापास सम्बन्धि कुनै उजुरी नआएमा पुनः घर कायम वा नयाँ घर नक्सापास को लागि सर्जमिन मुचुल्का गराउने र घर कायमको लागि सिफारिस गरी प्रमाणपत्र प्रदान गर्ने वा नयाँ घर निर्माणका लागि प्रथम चरणको ईजाजत जारी गर्ने।
५. प्रथम चरणको निर्माण (डि.पि.सी लेभल सम्म) को निर्माण नक्सा बमोजिम सम्पन्न गरीसके पछि दोस्रो चरणको (सुपरस्ट्रक्चर) निर्माणका लागि ईजाजत पत्र जारी गर्ने।
६. दोस्रो चरणको (सुपरस्ट्रक्चर) निर्माण पनि नक्सा बमोजिम निर्माण भईसकेपछि घर निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने।

## ३.२.६ कार्यक्रम/योजनाको वार्षिक प्रगति प्रतिशत

### ३.२.६.१ आ.व २०७७/७८ को भौतिक निर्माण विवरण (ठेक्का तर्फ)

| सि.नं. | योजनाको नाम | प्रगति प्रतिशत |
|---|---|---|
| १ | वडा भवन निर्माण वडा नं ७ निर्माण योजना | सम्झौता गरी कार्य आरम्भको चरणमा रहेको |
| २ | १५ शैयाको अस्पताल निर्माण योजना | सम्झौता गरी कार्य आरम्भको चरणमा रहेको |
| ३ | फुलबारी विरुवाटार मोटर मार्ग निर्माण योजना | १०० |
| ४ | बरपोखरी पाथर्दी मोटरमार्ग निर्माण योजना | ४० |

| सि.नं. | योजनाको नाम | प्रगति प्रतिशत |
|---|---|---|
| ५ | भिमकाली मार्ग मर्मत योजना (सडक बोर्ड नेपाल) | ८० |
| ६ | लागत सहभागितामा कृषि सामाग्री खरिद योजना | १०० |
| ७ | नगरपालिकामा पहिलो तला ट्रस निर्माण योजना | १०० |
| ८ | भिमकाली मार्ग कटिङ्ग योजना | १०० |
| ९ | ह्युम पाईप खरिद योजना | १०० |

### ३.२.६.२ आ.व २०७७/७८ को घर कायम तथा नयाँ घर निर्माण सम्बन्धि विवरण

| सि.नं. | घर नक्शा प्रकार | सम्पन्न संख्या | कैफियत |
|---|---|---|---|
| १ | नयाँ घर नक्सा | ३ | |
| ३ | पुरानो घर कायम | १४५ | |

### ३.२.७ असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु

१. सव डिभिजन वन कार्यालय तनहुँको आर्थिक सहयोग र भिमाद नगरपालिकाको प्राविधिक समन्वयमा निर्माण भएको वडा नं ९ मोहरिया स्थित अग्लो ढुङ्गा पार्कको निर्माण गरी यस भिमाद नगरपालिकालाई देश भित्र तथा विदेश सम्म चिनाउने कार्य भएको।

### ३.२.८ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू

१. नगर, प्रदेश तथा संघ स्तरिय योजना तथा कार्यक्रमहरुको निर्धारित समयमै कार्य सम्पन्न,

२. नगरपालिका अन्तर्गत विभिन्न स्थानमा खानेपानी,स्वास्थ्य,सडक आदि विकासका पुर्वाधार निर्माण सम्पन्न गरी दैनिक जीवन सहज भएको,

३. कार्यक्रम कार्यान्वयनमा आइपरेका प्रमुख समस्याहरू (कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता समस्याहरू देखापरे बुँदागत रूपमा प्रस्तुत गर्ने)

४. नयाँ घर नक्शा कार्यान्वयनमा कठिनाई भएको,

५. प्राविधिक जनशक्तिको तुलनामा योजना संख्या निकै धेरै भएकाले नियमित सुपरिवेक्षणमा समस्या भएको,

६. योजना मुल्याङ्कन तथा भुक्तानिको लागि असार मसान्तरमा बढी चाप हुने गरेको,

७. उपभोक्ता समितिको गठन मा ढिलाई/उ.स का पदाधिकारीहरु योजना संचालन/सम्पन्न गर्ने प्रक्रिया बारे कम जानकार रहेको ।

### ३.२.९ समस्या समाधानका उपायहरू

१. घर नक्शा पास सम्बन्धि सुचना प्रवाह तथा अनियमित निर्माण अनुगमनमा कडाई गर्ने,

२. योजना संचालनका लागि वडा स्तरमा प्राविधिक जनशक्ति परिचालन गर्ने,

३. सम्पुर्ण योजनाहरुको कार्य सम्पन्न गर्नुपर्ने अवधि तथा म्याद थप सम्वन्धि विषेश नियम तथा योजना बनाउने,

४. उपभोक्ता समितिका पदाधिकारीहरुलाई प्रभावकारी तालिम प्रदान गर्ने।

**३.२.१० निष्कर्ष**

१. लागत सहभागितामा संचालित योजनाहरु (६०/४०,५०/५०) र उपभोक्ताहरुको दैनिक जिवनमा प्रतक्ष्य प्रभाव पर्ने योजनाहरु (खानेपानी, सिचाँई, पुल, कल्भर्ट आदि) मा उपभोक्ताहरुको बढि संलग्नता भई प्रभावकारी रुपले योजना संचालन तथा सम्पन्न हुने गरेको,

२. प्रदेश तथा संघिय सरकार सँगको लागत सहभागिता हुने योजना तथा कार्यक्रम संख्या थप गर्दा ठुला योजनाहरु संचालन तथा सम्पन्न गर्न सकिने ।

**३.३ प्रधानमन्त्री रोजगार कार्यक्रम**

**न्युनतम रोजगार**:- एक आर्थिक बर्षमा न्युनतम १०० दिनको रोजगार अबधी सम्झनुपर्दछ।

**बेरोजगार ब्यक्ति**:- एक आर्थिक बर्षमा न्युनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तिमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको १८-५९ वर्ष समुहलाई बुझाउछ।

**लाभग्राहि परिचय पत्र**:- स्थानिय तहले पहिचान गरी सूचिकृत गरेका बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउन पूर्व प्रदान गर्ने परिचय पत्र सम्झनुपर्दछ।

**३.३.१ पृष्ठभूमि**

नेपालको संबिधान,२०७२ को धारा ३३ मा मौलिक हकको रुपमा प्रत्येक नेपाली नागरीकलाई रोजगारिको हक हुनेछ भन्ने भएको ब्यवस्थालाई कार्यन्वयन गर्न बनेको रोजगारिको हक संबन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नेपाली नागरीकलाई न्यूनतम रोजगारिको प्रत्याभूति गर्नका लागी आन्तरिक रोजगारिका अवसरहरु सिर्जना गर्न नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याएको हो।सरकारले आर्थिक बर्ष २०७५/७६ को निति तथा कर्यक्रम र बजेट मार्फत सार्बजनिक बिकास निर्माणका कार्यहरुमा रोजगारिका अवसरहरु सिर्जना गरी आगामि ५ बर्ष भित्रमा कुनैपनि नेपाली नागरीक बाध्यत्मक बैदेशिक रोजगारिमा जानु पर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको थियो। सोहि अनुसार वि.सं. २०७५ फाल्गुन १ गते सम्मानीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो।

आ.ब २०७७/७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको कामका लगि पारिश्रमिकमा आधारित आयोजना मार्फत बेरोजगारलाई न्युनतम रोजगारिमा सहभागी गराउने उद्देश्यले ।IDA र नेपाल सरकारको अनुदानमा यस भिमाद नगरपालिका अन्तर्गत संञ्चालनमा आएका आयोजनाहरु सञ्चालन गर्ने अवसर मिल्यो। कोबिड-१९ को कारण स्वदेश तथा विदेशमा रोजगार गुमाउनु परेका नेपाली नागरीकलाई आफ्नै स्थानिय स्तरमा सामुदायीक पुर्वधारको मर्मत संभारमा युवा रोजगारिको लागी रुपान्तरण आयोजना र नयाँ बिकास निर्माणका लागी कामका लागी

पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु यो प्रधानमन्त्री रोजगारकार्यक्रमले संचालन गरेको हो । उक्त कार्यक्रम अन्तर्गत यस भिमाद नगरपालिकामा सुचिकृत भएका ३२७ जना बेरोजगारहरु मध्ये १४२ जना बेरोजगारलाई प्रथामिकताको आधारमा रोजगारिमा संलग्न गराउन केहि वडाहरु सक्षम रहेको पाइयो भने केहि वडाहरु असक्षम रहेको पाइयो । कार्यक्रम संचालनको समयमा आयोजनाको अनुगमनको साथ साथै वडा अध्यक्ष, वडा प्रतिनिधि, सर्वसाधरण तथा श्रमिकहरु सँग अन्तरक्रिया समेत गरीयको थियो । उक्त समयमा यो कार्यक्रम मार्फत  बेरोजगार व्यक्तिहरु साथै सर्वसाधरण हरु पनि लाभान्वित भयको पाइयो। यस कार्यक्रमले आफ्नो जिवन स्तरमा सुधार भयको र आफ्नै गाँउ ठाँऊको बिकासका कामहरु भएकाले बेरोजगार निकै खुसि पनि भएको पाइयो ।

### ३.३.२ कार्यक्रमको उद्देश्य

- बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने,
- दक्ष तथा सक्षयम जनशक्ति विकास गरी आन्तरिक रोजगारिको बिकास गर्ने,
- आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नितिगत र संरचनात्मक व्यवस्था गर्ने,
- सार्वजनिक पुर्वधारहरुको निर्माण, स्तरोन्नति र संरक्षण गर्ने ।

### ३.३.३ कार्यक्रमको लक्ष्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले स्वदेशमा नै रोजगारीका अवसरहरु सृजना गरी आगामी ५ बर्ष भित्र बैदेशिक रोजगारीमा जाने बाध्यात्मक अवस्थाको अन्त्य गर्नका लागी “आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन” लक्ष निर्धारण गरेको छ ।

### ३.३.४ विद्यमान अवस्था

**बेरोजगार व्यक्तिको लगत सङ्कलन**

रोजगारीको हक सम्बन्धि ऐन, नियमावलिमा भएको व्यवस्था तथा मन्त्रालयको परिपत्र अनुसार आ.ब २०७७/७८ मा वडा कार्यलयबाट बेरोजगारहरुको निवदन संकलनको काम सुरु गरिएको थियो ।

### ३.३.४.१ लिङ्गको आधारमा बेरोजगारहरुको विवरण

लिङ्गका आधारमा यस भिमाद नगरपालिकामा रहेका जम्मा ९ वटा वडाहरु बाट आ.व ७७/७८ मा सुचिकृत भएका जम्मा बेरोजगार ३२७ जनामा २४३ (७४%) जना पुरुष र ८४ (२६%) जना महिला रहेका छन्। यस डेटाले के संकेत गर्च भने यम नगरपालिकामा पुरुषहरु तुलनात्मक रुपमा बढि बेरोजगार रहेका छन्( यो पछिको कारण यो पनि हुन सक्छकि कोविड-१९ का कारण पुरुषहरु बैदेशिक रोजगारि बाट फर्किएका र महिलाहरु धेरै जसो घरको काममा मात्र सिमित हुने)। उक्त विवरण लाई तल प्रस्तुत गरिएको छ ।

| लिङ्ग | संख्या |
|---|---|
| पुरुष | २४३ |
| महिला | ८४ |

### ३.३.४.२ उमेर समूहको आधारमा बेरोजगार व्यक्तिहरुको विवरण

यस कार्यक्रम नेपालकै पहिलो बेरोजगार व्यक्तिहरुको पहिचान गरी बेरोजगारहरुलाई कम्तिमा १०० दिनको न्युनतम रोजगारी प्रदान गर्ने कार्यक्रम हो। कुल बेरोजगारहरु मध्ये ११७ अर्थात ३५.७९% व्यक्ति १८ देखि २९ वर्ष समुहका, ९२ अर्थात २८.१३% व्यक्तिहरु ३० देखि ४० र ११८ अर्थात ३६.०८% व्यक्तिहरु ४१ देखि ५९ उमेर समुहका रहेका छन्। जसको विस्तृत विवरण तल प्रस्तुत गरिएको छ ।

| उमेर समुह | जम्मा संख्या |
|---|---|
| १८-२९ | १७७ |
| ३०-४० | ९२ |
| ४१-५९ | ११८ |




### ३.३.४.३ वडा अनुसार बेरोजगार व्यक्ति विवरण

बेरोजगार व्यक्तिलाई न्यूनतम १०० दिनको रोजगारिमा समेल गराउने भनि सञ्चालन गरिएको यस कार्यक्रममा वडा कार्यलयमा सूचिकृत बेरोजगार व्यक्तिहरुको मध्ये सबै भन्दा बढि वडा नं.१ मा २९% रहेका छन् भने सबै भन्दा कम वडा नं.३ मा १% रहेका छन्। जसको विवरण तल प्रस्तुत गरिएको छ।

| वडा | बेरोजगार संख्या |
|---|---|
| वडा नं.१ | ९६ |
| वडा नं.२ | ३४ |
| वडा नं.३ | ४ |
| वडा नं.४ | १३ |
| वडा नं.५ | ३९ |
| वडा नं.७ | २९ |
| वडा नं.८ | ७१ |
| वडा नं.९ | ४१ |




### ३.३.४.४ रोजगारीमा संलग्न व्यक्तिहरुको विवरण

यस आ.ब भिमाद नगरपालिकामा जम्मा ९९ जना बेरोजगार व्यक्तिहरु ५९२० दिन रोजगारिमा संलग्न सम्लग्न भए भने सबै भन्दा बढि रोजगारिमा सम्लग्नहुने बेरोजगार संख्या वडा नं. १ का रहेका छन्।जसको विवरण तल प्रस्तुत गरिएको छ।

| वडा | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ९ | २१ | ३० |
| २ | ० | ७ | ७ |
| ७ | ४ | १५ | १९ |
| ८ | ६ | १४ | २० |
| ९ | १६ | ७ | २३ |
| जम्मा | | | ९९ |

**तस्विर १- आ.ब ०७७/७८ रोजगारिमा संलग्न व्यक्तिहरुको विवरण**



### ३.३.४.५ रोजगार सेवा केन्द्रमा दरबन्दि विवरण

| क्र.स | पद | श्रेणी | सेवा | कायम रहेको दरवन्दी संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | स्विकृत संख्या | रिक्त | |
| १ | रोजगार संयोजक | शाखा अधिकृत | प्रशासन | १ | ० | करार |
| २ | प्रविधिक सहायक | ना.सु | प्राविधिक | १ | ० | करार |

### ३.३.५ कार्यक्रम कार्यन्वयन प्रक्रियाहरु

### ३.३.५.१ बेरोजगार छनौट




### ३.३.५.२ आयोजना छनौट र कार्यान्वयन




- ❖ रोजगार सेवा केन्द्रले आयोजना सञ्चालनको लागि सूचना प्रकाशन,
- ❖ वडा कार्यालयले बेरोजगार ब्यक्तिहरुलाई सहज पर्ने गरी उपभोक्ता समिति गठन,
- ❖ योजना सम्झौताको लागि वडाले रोजगार सेवा केन्द्र समक्ष सिफारिस,
- ❖ वडाको सिफारिस प्रविधिक लागत अनुमान र आवश्यक कागजात सहित सम्झौता,
- ❖ उपभोक्ता समितिलाई रोजगार सेवा केन्द्रबाट अभिमुखीकरण तालिम,
- ❖ योजना सम्पन्न भएपछी, योजना सम्पन्नको सिफारिस, अनुगमन प्रतिवेदन प्राविधिक मुल्याङकन र आवश्यक कागजात सहित भुक्तानिको लागि सिफारिस।

### ३.३.६ वार्षिक समष्टिगत बजेट र खर्चको अवस्था

### ३.३.६.१ ससर्त (संघीय सरकारबाट हस्तान्तरित)

**तालिका १ - वार्षिक समष्टिगत बजेट र खर्चको अवस्था (ससर्त)**

| सि.नं. | बजेट उपशिर्षक | बजेट उपशिर्षकको नाम | वार्षिक बजेट | वार्षिक खर्च रकम | वित्तिय प्रगति % |
|---|---|---|---|---|---|
| १ | २११२१ | प्राविधिक सहायकको पोसाक | १०००० | १०००० | १००% |
| २ | २११२१ | रोजगार संयोजकको पोसाक | १०००० | १०००० | १००% |
| ३ | २२३११ | रोजगार सेवा केन्द्रको सँचालन खर्च | ६४००० | ३३०३५ | ५१.६२% |
| ४ | २२४१३ | रोजगार संयोजकको तलब | ४६८००० | ३५१५०२ | ७५.११% |
| ५ | २२४१३ | प्रबिधिक सहायकको तलब | ३६७००० | २७४४८० | ७५.७९% |
| ६ | २२५२२ | विपन्न श्रमिकको ज्याला | ५१७०००० | ३०६०६४० | ५९.२०% |
| ७ | २२५२२ | कामका लागि पारिश्रमिक (विपन्न श्रमिकको ज्याला) | २०१७००० | ० | ० |
| ८ | २२५२२ | कामका लागि पारिश्रमिक (विपन्न श्रमिकको ज्याला) | १५५००० | ० | ० |
| ९ | २२५२२ | रोजगार सेवा केन्द्रको सुदृढिकरण | १८९००० | ० | ० |
| १० | २२५२२ | विपन्न श्रमिकको ज्याला | २२००० | ० | ० |
| **जम्मा** | | | **८४७२०००** | **३७३९६५७** | **४४.१४%** |

### ३.३.६.२ आन्तरिक स्रोत भिमाद नगरपालिका तर्फ

**तालिका २**

| सि.नं. | बजेट उपशिर्षक | बजेट उपशिर्षकको नाम | वार्षिक बजेट | वार्षिक खर्च रकम | वित्तिय प्रगति % |
|---|---|---|---|---|---|
| १ | N/A | औजार खरिद | १००००० | ९२००० | ९२% |

### ३.३.७ आयोजना अनुसार खर्चको विवरण

**तालिका ३**

| वडा | आयोजनाहरुको नाम | ज्याला रकम रु. |
|---|---|---|
| १ | हुक्का कृषि औजार भवन जाने गोरेटो बाटो मर्मत योजना। | १०४४३४ |
| १ | उडसिङ काहुले पक्कि मोटर मार्ग सफाई योजना। | ८५३०५ |
| १ | ठन्डिसा खनाल डाँडा गोरेटो बाटो निर्माण योजना | ८९९५८ |
| २ | शिव पञ्चायन मन्दिर सरसफाई योजना | ११९४२७ |
| २ | टेक्रे वडा कार्यलय रहेको भवन देखि फुचुङ सम्म पुग्ने पैदल मार्ग | १०३९१७ |

| वडा | आयोजनाहरुको नाम | ज्याला रकम रु. |
|---|---|---|
| | निर्मण | |
| ७ | अगेनाखोला देखि सिद्धगुफा सम्म पैदल मार्ग निर्माण योजना। | ९०३७१६ |
| ८ | मदन आश्रित मोटरमार्ग मर्मत संभार। | ९४१४५७ |
| ९ | अस्पाग्दि बुचा स्कुल बाटो मर्मत संभार। | ५८८१९१ |
| ९ | वडा कार्यालय प्रङगण सरसफाइ एवं सिंडि निर्माण योजना। | ५३७६८ |
| ९ | मोहोरिया टेक्रे पिपल गोरेटो बाटो मर्मत संभार योजना। | ७४४४८ |
| | जम्मा | ३०६४६२१ |

## ३.३.८ वडा स्तरमा सञ्चालन गरिएका आयोजनाहरु

| वडा नं. | क्र.सं. | योजनाको नाम | योजना स्थल | सम्पादित कामहरु |
|---|---|---|---|---|
| १ | १ | उड्सिङ् काउले पक्की मोटर मार्ग सरसफाई योजना | उड्सिङ् काउले | ➢ मोटर मार्गमा खसेको पहिरो फाल्ने<br>➢ सडक छेउ छाउमा रहेका खाडल पुर्ने<br>➢ सडक भत्केको ठाऊमा सुक्का गाह्रो लगाउने |
| | २ | हुक्का कृषि औजार जाने गोरेटो बाटो मर्मत योजना | | ➢ ढुङ्गा बोक्ने<br>➢ सिंडिको बेस लेवल खन्ने<br>➢ ढुङ्गा लगाउने, सोलिङ् गर्ने<br>➢ सुक्का गाह्रो लगाउने |
| | ३ | ठन्डिसा खनाल डाँडा गोरेटो बाटो मर्मत संभार योजना | | ➢ ढुङ्गा बोक्ने<br>➢ सिंडिको बेस लेवल खन्ने<br>➢ ढुङ्गा लगाउने, सोलिङ् गर्ने<br>➢ गाह्रो लगाउने |
| २ | १ | शिवपञ्चायन मन्दिर सरसफाई | | ➢ पक्कि सिंडि निर्माण<br>➢ ढुङ्गा लगाउने, सोलिङ् गर्ने<br>➢ प्राङगण ढलान<br>➢ ढुङ्गा फुटाउने |
| | २ | टेक्रे वडा कार्यलय रहेको भवन देखि फुचुङ सम्म पुग्ने पैदल मार्ग निर्माण | | ➢ ढुङ्गा बोक्ने<br>➢ सिंडिको बेस लेवल खन्ने<br>➢ ढुङ्गा लगाउने, सोलिङ् गर्ने |
| ७ | १ | अगेना खोला देखि सिद्ध गुफा सम्म पैदल मार्ग | | ➢ ढुङ्गा बोक्ने<br>➢ सिंडिको बेस लेवल खन्ने<br>➢ ढुङ्गा लगाउने, सोलिङ् गर्ने |

| वडा नं. | क्र.सं. | योजनाको नाम | योजना स्थल | सम्पादित कामहरु |
|---|---|---|---|---|
| | | निर्माण योजना | | ➢ गाह्रो लगाउने<br>➢ झाडि फाड्ने |
| ८ | १ | मदन आश्रीत मोटर मार्ग मर्मत संभार | | ➢ मोटर मार्गमा खसेको पहिरो खनेर फाल्ने<br>➢ सडक छेउ छाउमा रहेका खाडल पुर्ने<br>➢ सडक भत्केको ठाऊमा सुक्खा गाह्रो लगाउने<br>➢ पानीले खोलेको ठाँउमा ढुङ्गा माटोले पुर्ने<br>➢ ढुङ्गा फोर्ने, बोक्ने |
| ९ | १ | वडा कार्यालय प्राङगण सरसफाइ एवं सिंडि निर्माण योजना। | | ➢ पक्कि सिंडि निर्माण<br>➢ ढुङ्गा लगाउने, सोलिङ् गर्ने<br>➢ प्राङगण ढलान<br>➢ ढुङ्गा फुटाउने, बोक्ने |
| | २ | अस्पाग्दी वुचा स्कुल बाटो मर्मत संभार | | ➢ ढुङ्गा बोक्ने<br>➢ सिंडिको बेस लेवल खन्ने<br>➢ ढुङ्गा लगाउने, सोलिङ् गर्ने<br>➢ गाह्रो लगाउने<br>➢ झाडि फाड्ने |
| | ३ | मोहोरिया टेक्रे पिपल बाटो मर्मत संभार | | ➢ ढुङ्गा बोक्ने<br>➢ सिंडिको बेस लेवल खन्ने<br>➢ ढुङ्गाको सिंडि लगाउने |

## ३.३.९ सञ्चालन हुन नसकेका योजनाहरु

**तालिका ४**

| सि.नं. | योजनाको नाम | बजेट | सञ्चालन हुन नसक्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | वोमा सुनार गाँउ गोरेटो बाटो निर्माण योजना | N/A | निर्माण सामाग्रिको अभाव, दक्ष श्रमिकको अभाव, औजारको अभाव। | |
| २ | गरगरे गोरेटो बाटो निर्माण योजना | N/A | समन्वयको अभाव। | |
| ३ | मौलाकालिका मन्दिरमा सिंडि निर्माण योजान | N/A | निर्माण सामाग्रिको अभाव, दक्ष श्रमिकको अभाव, औजारको अभाव। | |
| ४ | भागर कुलो सुधार कार्यक्रम | N/A | निर्माण सामाग्रिको अभाव, दक्ष श्रमिकको अभाव, औजारको अभाव। | |
| ५ | सखेप पँधेरो सिंडि निर्माण | N/A | निर्माण सामाग्रिको अभाव, दक्ष श्रमिकको | |

| | | | | |
|---|---|---|---|---|
| | | | अभाव, कम समय अवधि। | |
| ६ | थाङ्ग्रेथर सुनरिथर गोरेटो बाटो निर्माण | N/A | निर्माण सामाग्रिको अभाव, दक्ष श्रमिकको अभाव। | |

### ३.३.१० असल अभ्यासहरु

- ❖ श्रमिकको गुनासो योजना सञ्चालन स्थलमा गई समाधान गरिएको,
- ❖ बैंक खाता मार्फत भुक्तानि गरिएको,
- ❖ बैंक खाता खोल्न सहजिकरण गरिएको,
- ❖ उपभोक्ता समिति गठन कार्यमा सहजिकरण गरिएको,
- ❖ उपभोक्ता समितिहरुलाई अभिमुखिकरण गरिएको,
- ❖ लाभग्राहि परिचय पत्र वितरण गरिएको ।

### ३.३.११ समग्र कार्यक्रमका उपलब्धिहरु

- ❖ काममा खटिएका श्रमिकहरुको बैंक खाता खोल्ने काम भयो,
- ❖ बैंक खाता मार्फत भुक्तानि गरीयो,
- ❖ EMIS-प्रबिष्टि र प्रयोगलाई चुस्त दुरुस्त बनाईयो,
- ❖ लगभग ६०% योजनाहरु सम्पन्न गरीयो ।

**सिकाई**

❖ व्यवस्थापन र प्रक्रियागत दुबै कार्यलाई सन्तुलन गरेर कार्यसम्पादन गरेमा सहज र उपलब्धिमुलक हुने।

### ३.३.१२ कमजोरीहरु (समस्या)

- ❖ उपयुक्त पारिश्रमिक ब्यवस्था गर्न नसकिएको,
- ❖ प्रयाप्त निर्माण, सुरक्षा सामाग्रि र औजार सामाग्रि उपलब्ध गराउन नसकिएको,
- ❖ दक्ष श्रमिकको ब्यवस्था गर्न नसकिएको ।

### ३.३.१३ समस्या र समाधानका उपायहरु

| **समस्याहरु** | **समाधानका लागि गत बर्ष गरीयका प्रयासहरु** |
|---|---|
| आयोजनामा आवश्यकता अनुसारको औजारहरुको अप्रयाप्तता। | स्थानिय श्रमिकहरु स्वयमको घरमा उपल्बध औजारहरुको प्रयोग गरिएको । |
| सुरक्षा सामाग्रि खरिद गरी उपलब्ध गराउन नसक्दा जोखिम मोलेर काम गर्नु परेको। | श्रमिकहरु आफैले ल्याएको र नहुनेहरुले जोखिमका साथ गरेको। |
| प्रर्याप्त निर्माण सामाग्रि नहुँदा सोचे जस्तो काम हुन नसकेको र कठिनाई भएको। | आवस्यक सामाग्रि खरिदको लागि नगरपालीका सामु अनुरोध गरिएको। |
| Raincoat नहुँदा काम गर्न कठिन भएको। | श्रमिकहरु आफैले ल्याएको र नभएको समयमा काम |

| समस्याहरु | समाधानका लागि गत बर्ष गरीयका प्रयासहरु |
|---|---|
| | रोकिएको। |
| आयोजनाको नियमित अनुगमन नगरिएको। | वडा समितिलाई नियमित अनुगमनको लागि निर्देशन गरीएको । |
| हाल माहामारिको रुपमा रहेको कोरोना भाईरसको समयमा काम गर्दा माक्स तथा सेनिटाईजर उपलब्ध नभएको । | श्रमिकहरु आफैले व्यवस्था गरेको। |
| दक्ष श्रमिक नभएकाले काम संचालनमा कठिनाई भएको। | स्थानिय स्तरमा भएका दक्ष श्रमिकलाई समन्वय गर्न अनुरोध गरिएको। |
| फिल्डमा जानको लागि सवारि साधनको अभाव। | आफ्नै सवरि साधन प्रयोग गरिएको । |
| सुचिकृत भएका श्रमिकहरु काम गर्नमा चासो नराख्ने र चासो राख्नेहरु सुचिकृत नभएको । | समन्वय गरी काम गराईएको र केहि कठिनाई भोग्नु परेको । |

### ३.३.१४ निष्कर्ष

यस प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोनाहरु संचालनमा यस भिमाद नगरपालीकामा सुचिकृत भएका ३२७ बेरोजगार मध्ये ९९ जनाले रोजगारि पाए संगै उनिहरुको दैनिक गुजाराको आर्थिक पक्ष पहिलेको भन्दा सहज भएको पाईयो। प्राकृतिक प्रकोपले छेद विच्छेद गरोका ठुलो धन रासि खर्च गरी निर्माण गरीएका सडकहरुको मर्मत भएको छ। स्थानिय बसिन्दाको दैनिक घाँस दाउरा गर्न कठिन भएका गोरेटो बाटोहरु मर्मत तथा निर्माण भएको छ।साथै अबको आर्थिक बर्षमा लागत साझेदारिका आयोजना संचालन गर्न सके कामको गुणस्तर बृद्धि हुने साथै काम प्रभावकारि समेत हुने छ। नियमित रोजगार दिनुको सट्टा बेरोजगार हरुलाई स्वरोजगार बनाउन तर्फ सम्बन्धित निकायहरुले जोड दिन सके बाध्यात्मक बैदेशिक रोजगार अन्त्य हुनुको साथै बिकासले गति लिने कुरामा दुईमत छैन।

## ४. आर्थिक विकास क्षेत्र

### ४.१ कृषि तथा पशुसेवा शाखा

### ४.१.१ पशु सेवा शाखा

#### ४.१.१.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भए पछि राज्यको केन्द्रिकृत शासन प्रणालीबाट संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार रहने गरी संघीय शासन प्रणालीमा परिवर्तन भयो । सोही मुताविक स्थानीय सरकारको रुपमा नेपाल सरकारको निर्णय अनुसार मिति २०७३ फाल्गुण २७ गते भिमाद नगरपालिकाको स्थापना भएको हो । सोही मिति र संरचनाको आधारमा नेपालको संविधान २०७२अनुसूची-८ मा उल्लेखित स्थानीय तहको अधिकारको सूची १५ नं मा उल्लेख स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार भिमाद नगरपालिकाको आर्थिक विकास शाखा अन्तरगत पशुसेवा शाखा स्थापना भएको हो । "भिमाद नगरपालिकाको आधारः पर्यटन,

कृषिमा यान्त्रिकीकरण तथा आर्थिक समृद्धिको पूर्वाधार" भन्ने मूल नारा रहेको र कृषि बाट नै संमृद्धिको आधार तय गर्ने भएकाले पनि भिमाद नगरपालिकाले पशुसेवा क्षेत्रलाई उच्च महत्व दिइकन पशुसेवा शाखाको स्थापना भएको हो । कृषकहरुको माग, भिमाद नगरपालिकाका को पञ्चवर्षिय योजना, समृद्धिको लागि लिइएको लक्ष र राष्ट्रिय रुपमा समग्र नेपाललाई दुध फुल र माछामासुमा आत्मनिर्भर बनाइ निर्यात समेत गरेर समृद्धि हासिल गर्ने गरी कृषि विकास रणनीति लगायतका कार्यक्रमहरु सञ्चालनमा सहयोग पुग्ने गरी यस शाखाले कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।आर्थिक वर्ष २०७७/७८मा पनि सोही मुताविकका कार्यक्रमहरु तयार गरी सञ्चालन गर्दै आइरहेको छ ।

### ४.१.१.२ उद्देश्य

- आ.व.२०७७/७८ मा सञ्चालन भएका कार्यक्रमहरुको कार्यान्वयन तथा प्रगतिको बोध गराउने,
- सञ्चालित कार्यक्रमको भौतिक तथा आर्थिक प्रगतिको विद्यमान अवस्था र भावि कार्यदिशाको बारेमा जानकारी गराउनु ।

### ४.१.१.३ कार्यक्रम कार्यान्वयन गर्दा अपनाइएका प्रक्रियाहरु

कार्यक्रमको प्रकृति र अवस्था अनुसार कार्यान्वयन प्रक्रिया पनि फरकफरक रहेका छन् । त्यैपनि अधिकाँश कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया यस प्रकार रहेको छ ।

१. कार्यविधि निर्माण
२. सूचना प्रकाशन
३. आवेदन संकलन
४. समुह गठन
५. कार्ययोजना माग
६. सम्झौता
७. अनुगमन मुल्याङ्कन
८. भुक्तानी

### ४.१.१.४ वार्षिक समष्टिगत बजेट र खर्चको अवस्था

**वजेट रु हजारमा**

| सि.नं. | क्रियाकलाप/योजनाको नाम | इकाइ | भौतिक | | | वित्तीय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक बजेट | वार्षिक खर्च | खर्च % |
| १ | २० भन्दा बढि माउ कम्तिमा १०० भन्दा बढी स्थानीय कुखुरा पालन गर्ने फाम सहयोग कार्यक्रम | संख्या | ५ | ३ | ६० | २५० | १४२.४८ | ५६.९९ |

| सि.नं. | क्रियाकलाप/योजनाको नाम | इकाइ | भौतिक | | | वित्तीय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक बजेट | वार्षिक खर्च | खर्च % |
| २ | ५० प्रतिशत अनुदानमा कथर्दी सिंहाले खोर तथा नश्ल सुधार बोका खरिद कार्यक्रम | संख्या | २ | २ | १०० | ५० | ५० | १०० |
| ३ | ५० प्रतिशत अनुदानमा उन्नत जातका ब्याड बोका तथा राँगा वितरण | संख्या | १० | ० | ० | २०० | ० | ० |
| ४ | ५० प्रतिशत अनुदानमा बहुवर्षे र डाले घाँसका विउ वितरण | पटक | १ | १ | १०० | २०० | ६३.२५ | ३१.६३ |
| ५ | ५० प्रतिशत अनुदानमा बहुवर्षे र डाले घाँसका वेर्ना वितरण | पटक | १ | १ | १०० | १०० | १९५.४३ | १९५.४३ |
| ६ | आधारभुत प्रयोगशाला स्थापना तथा सञ्चालन | पटक | १ | १ | १०० | ३५० | ३४०.९५ | ९७.४१ |
| ७ | उन्नत जातका बाख्रा श्रोत केन्द्र पर्वर्द्धन | पटक | १ | | ० | २५० | ० | ० |
| ८ | कटनछाप बाख्रा प्रवर्द्धन कार्यक्रम | पटक | १ | १ | १०० | ३०० | ३०० | १०० |
| ९ | कोरोना प्रभावित विपन्न परिवार बट्टाईपालन कार्यक्रम | संख्या | १ | २ | २०० | १०० | २८ | २८ |
| १० | खरी जातका बाख्रा श्रोत केन्द्र स्थापना मोहरिया | पटक | १ | १ | १०० | ४०० | ३७७.९ | ९४.४७ |
| ११ | गरीबी निवारणको लागि कालो च्वाँचे वितरण कार्यक्रम | संख्या | १० | १० | १०० | १०० | ९७.५ | ९७.५ |
| १२ | जुनोसिस रोग सम्बन्धी स्कुल शिक्षा मा वि मा | संख्या | १४ | ३ | २१.४३ | १४० | ४०.३५ | २८.८२ |
| १३ | जै र टियोसेन्टी को विउ उत्पादनको लागि कन्ट्याक्ट फार्मिङ | रोपनी | ५०० | १०० | २० | ५०० | ६१.६ | १२.३२ |
| १४ | डाले तथा भुईं घाँसका नर्सरी स्थापना | संख्या | २ | | ० | २०० | ० | ० |
| १५ | थामडाँडा कालो च्वाचे खोर सुधार तथा व्यवसाय प्रवद्धन कार्यक्रम | पटक | १ | १ | १०० | ३०० | २९५.५ | ९८.५ |
| १६ | दिवश तथा समारोह मनाउने कार्यक्रम | पटक | ३ | २ | ६६.६७ | ८० | ६५.१५ | ८१.४४ |
| १७ | दुग्ध चिस्यान केन्द्र स्थापनामा सहयोग | संख्या | १ | १ | १०० | २५० | २५० | १००. |

| सि.नं. | क्रियाकलाप/योजनाको नाम | इकाइ | भौतिक | | | वित्तीय | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक बजेट | वार्षिक खर्च | खर्च % |
| | कार्यक्रम | | | | | | | |
| १८ | दुध संकलन व्यवस्थापन कार्यक्रम | संख्या | १ | १ | १०० | ३०० | ३०० | १००. |
| १९ | पशु उपचार निशुल्क औषधी सहित | पटक | २ | २ | १०० | ५०० | २२७.७३ | ४५.५५ |
| २० | पशु तथ्याङ्क संकलन तथा फार्म इन्भेन्ट्री तयार | पटक | १ | १ | १०० | ३०० | २७७. | ९२.३३ |
| २१ | पशु नस्ल सुधार कृत्रिम गर्भाधान सामाग्री तथा लजिस्टिक सामाग्री खरिद कार्यक्रम | पटक | २ | १ | ५० | ३०० | २०२.८८ | ६७.६३ |
| २२ | पशुस्वास्थ्य शिविर सञ्चालन | पटक | १ | ० | ० | १०० | ० | ० |
| २३ | बाख्राको पकेट क्षेत्र विकास कार्यक्रम | संख्या | १ | १ | १०० | ५०० | ३७६.९४ | ७५.३९ |
| २४ | बाख्राको पकेट तथा ब्लक स्थापना प्याकेज | संख्या | १ | १ | १०० | ८२० | ७३७.२९ | ८९.९१ |
| २५ | मत्स्यपालन कार्यक्रम | संख्या | १ | १ | १०० | २०० | १६३.५८ | ८१.७९ |
| २६ | माछापोखरी पर्वर्द्धन कार्यक्रम | संख्या | १ | १ | १०० | ३०० | ० | ० |
| २७ | मासुपसल सुधारमा सहयोग कार्यक्रम | संख्या | ३ | २ | ६६.६७ | १५० | १०० | ६६.६७ |
| २८ | मोहरिया बंगुरपालन योजना | पटक | १ | १ | १०० | ४०० | ३७७.९ | ९४.४७ |
| २९ | रेबिज खोरेत भ्यागुते चर्चरे खोप कार्यक्रम | पटक | २ | २ | १०० | ५०० | १९७.५ | ३९.५ |
| ३० | वन्टयाङखोला बहुउद्देशिय कृषक माछापालन कार्यक्रम | संख्या | १ | १ | १०० | ३०० | २९१ | ९७. |
| ३१ | लोकल कुखुरा पकेट क्षेत्र प्रोत्साहन कार्यक्रम | संख्या | २ | १ | ५० | ४०० | १८१.९९ | ४५.५ |
| ३२ | स्थानीय च्वाँचेको श्रोतकेन्द्र स्थापना | संख्या | १ | १ | १०० | ५२० | ५०३.१५ | ९६.७६ |
| ३३ | सबै टोलमा खोर सुधार कार्यक्रम | संख्या | १० | १० | १०० | २०० | २०० | १०० |
| | **जम्मा** | | | | | **९५६०** | **६४४५** | **६७.४२** |

### ४.१.१.५ सञ्चालन हुन नसकेका योजना/कार्यक्रमहरु

| सि.न. | योजना/कार्यक्रमको नाम | बजेट | सञ्चालन हुन नसक्नुको कारण |
|---|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा उन्नत जातका ब्याड बोका तथा राँगा वितरण | २०० | समन्वयको अभाव |
| २ | उन्नत जातका बाख्रा श्रोत केन्द्र पर्वर्द्धन | २५० | अघिल्लो आ.व.मा गठन भएको श्रोत केन्द्रलाई सपोर्ट गर्ने भनिएकोमा अन्तिममा उक्त कार्यक्रम नभएको |
| ३ | पशुस्वास्थ्य शिविर सञ्चालन | १०० | कोभिड/लकडाउनको कारण |

### ४.१.१.६ असल अभ्यास तथा नवप्रवर्तनात्मक कार्यक्रमहरु

- भिमाद नगरपालिकामा पशुपन्छीको पूर्ण गणना विधिमार्फत तथ्याङ्क संकलन गरी पुस्तिका तयार पारिएको,
- बाख्रामा CIDR को प्रयोग गरी करिब १५० बाख्रामा कृत्रिम गर्भाधान गरिएको ।

### ४.१.१.७ समग्र कार्यक्रममा प्रमुख उपलब्धीहरु

- बाख्रा पकेट कार्यक्रम अन्तरगत  ५ वटा कृषक समुहमा आवद्ध कृषकहरुलाई खोरगोठ सुधारमा अनुदान दिइएको,
- २ स्थानमा स्थानीय च्वाँचेको श्रोतकेन्द्र स्थापना भएको,
- ३६० पशुमा कृत्रिम गर्भाधान भएको,
- नगरपालिकाका २०००० भन्दा बढी पशुहरुले PPR/खोरेत तथा रेबिज रोग विरुद्धको खोप पाएका,
- यस शाखाबाट सञ्चालन भएको पशु उपचार सेवा मार्फत यो आथिक वर्षमा  १२००० पशुपन्छीको उपचार गरी २१६३ कृषकहरुलाई निशुल्क औषधी वितरण गरिएको ।

### ४.१.१.८ समस्या र समाधानका उपायहरु

| क्र.सं. | समस्या | समाधानका उपाय |
|---|---|---|
| १. | कृषि र पशुसेवा शाखाको क्षेत्र अनुसार विज्ञ कर्मचारी कम हुनु । | विज्ञ कर्मचारी नियुक्त गर्नुपर्ने । |
| २ | शाखामा ट्रेविज लगायत पशुउपचारका लागि आवश्यक स्थान नभएको । | ट्रेविज बनाउन पर्ने । |
| ३ | शाखामा स्थान अभाव भएकाले  उन्नत घाँस लगायतका विउ तथा विरुवा राख्ने ठाउँ नभएको । | कृषि र पशुसेवा शाखा को लागि सुविधा जनक भवन बनाउनुपर्ने । |
| ४ | समृद्धिको आधार पशुपालन पनि हो भन्ने सबैलाई जानकारी हुदाहुदै व्यवहारमा नआएको । | व्यवहारमा ल्याउनुपर्ने । |

### ४.१.१.९ निष्कर्ष

भिमाद नगरपालिका बोर बाख्राको श्रोतकेन्द्रको रुपमा राष्ट्रिय स्तरमै पहिचान बनाईसकेको छ यसलाई कायम राख्दै बाख्राको नगर बनाउन सकिन्छ भने नगरका फाँटहरुमा गाईभैसीको प्रवर्द्धन गरी दुध उत्पादनमा समेत अगाडी ल्याउन सकिन्छ ।

## ४.१.२ कृषि विकास शाखा

### ४.१.२.१ पृष्ठभूमि

तनहुँ जिल्लाको भिमाद नगरपालिक कृषि तथा पर्यटन क्षेत्रको लागी उपयुक्त मानिदै आइरहेको ठाँउ हो । यस नगरपालिक सवै वडाहरुमा विभिन्न वालीहरुको व्यवसायीक तथा निर्वाहमुखी रुपमा खेती गर्दै आइरहेको छ। जसमा फलफुल,तरकारी,खाद्यान्न, मसला,रनगदे वाली उपयुक्त रहेको मानिन्छ।यस क्षेत्रका कृषकहरुले तरकारी,फलफुल र मसला वालीमा व्यवसायिक रुपमा अगाडी बढि आयआर्जन गरीआइरहेको पाइएको छ।खेती वालीलाई व्यवस्थित र दिर्घकालिन बनाउनको साथे आर्थिक समृद्धको मुख्य आधार खडा गर्नको लागी भिमाद नगरपालिकाले आफ्नो स्थापना सगै कृषि विकास शाखाको स्थापना गरेको हो।कृषि सेवा नायव प्राविधिक सहायक २ जना मार्फत भिमाद नगरपालिक ९ वटा वडामा सेवा प्रभाव भईरहेको छ।यस शाखाले विभिन्न उन्तजातका बिउ बिजन फलफुल विरुवा ५०%अनुदानमा कार्यक्रम संचालन भएको छ।साथै मेशिनरी औजार,पलाष्टिक टनेल,मौरी घार,पकेट क्षेत्र कार्यक्रम संचालन भईरहेको छ।र माटो परिक्षण कार्यक्रम संचालन भएको छ।साना कृषकहरुलाइ आवद्व गराई समुह परिचालन गरी गठन गर्ने कार्यक्रम संचालन भईरहेको छ।

### ४.१.२.२ उद्देश्य

- कृषिमा आधुनिकरण र व्यवसायिकरण गरी खाद्य र पोषण सुरक्षा गर्दै निर्यात गर्ने अवस्था सिर्जना गर्ने,
- एकिकृत कृषि,पशु सेवा,भुमि र सहकारी क्षेत्रमा सेवा प्रवाहमा सुनिश्चित गरी वृहतर उत्पादन क्षेत्रमा अगाडी बढाउने,
- परम्परा निर्वाहमुखि अवस्थामा रहेका साना कृषकहरुलाई समुहमा आवद्व गराउने।

### ४.१.२.३ कार्यक्रक कार्यान्वयन गर्दा अपनाईका प्रकियाहरु

- सुचना प्रकाशित गर्ने,
- तोकियको समय भित्र माग संकलन गर्ने,
- कार्यक्रमअनुसार माग संकलनको अधारमा छनौट गर्ने,
- टिपणी उठाई कार्यक्रम संचालन गर्ने,
- विशेष गरी समुह,सहकारी,कृषि फर्म दर्ता भएकाहरुलाई प्राथमिकता दिने।

### ४.१.२.४ असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु

- कृषकहरुको माग संकलन अनुसार मात्र अनुदानको सामान खरिद गरीने,
- कृषकहरुबाट अनुदानको दुरुप्रयोग नहुन ५०% सहभागीता ।

### ४.१.२.५ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरु

- समुह गठन तथा परिचालनमा आकर्षित भएको,
- उन्नत जातका बिउ बितरण मार्फत उत्पादनमा बृद्धि भएको,
- कृषि औजार तथा समाग्रीहरुको प्रयोग आधुनिक प्रबिधिबाट अग्रसर भएको ।

### ४.१.२.६ कार्यक्रम कार्यान्वयनमा आईपरेका प्रमुख समस्याहरु

- माग भए अनुसारको सामाग्री नलगेको,
- सुचना अनुसारको तोकिएको समयमा माग उपलब्ध हुन नसकेको,
- अझैपनि कृषि बिकासको अवयब हो भन्ने धारणा बनिसकेको छैन,
- कृषकहरुको सही तथ्याङ्ग नभएको ।

### ४.१.२.७ समस्या समाधानका उपायहरु

- सकेसम्म माग भए अनुसारको सामाग्री लाने,
- सुचना अनुसारको तोकिएको समयमा माग उपलब्ध गराउने,
- कृषि विकासको मेरुदण्ड हो भने कृषकलाई कुरा बुझाउनु पर्ने,
- कृषकहरुको सही तथ्याङ्क हुनलाई कार्यक्रम हुनुपर्ने।

### ४.१.२.८ निष्कर्ष

यस प्रकारको कार्यक्रम हुनाले यहाँका कृषकहरुलाई विभिन्न बालीनालीको खेति प्रबिधिको बारेमा जानकारी हुनाले व्यवसायिक खेति गर्नाले ठूलो टेवा पुग्ने कुराको बारेमा जानकारी पाइयो।यस आर्थिक वर्षको अन्तरमा यस्ता कार्यक्रमहरु अगामी वर्षमा र अन्य कार्यक्रम पनि थप नयाँ प्रबिधिको गराउनु पर्ने कुराको सुझावहरु यहाँ जनप्रतिनिधि ज्यूहरु,कृषकहरुबाट प्राप्त भयो।सम्बन्धित कार्यक्रम माग भएका वा सम्बन्धित कृषकहरुमा प्रभावकारी हुने देखियो।कृषिको कार्यक्रम गर्दा अन्य नँया प्रविधिकको गर्नसके किसानले राम्रोसँग व्यवहारिक ज्ञान हासिल गर्न सकिने देखियो।

## ४.२ गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MED-PA)

### ४.२.१ पृष्टभूमि

गरीब तथा पिछाडीएका वर्गलाई उद्यम विकासको माध्यम बाट माथि उकास्न र दिगो रुपमा व्यावसायिक सेवाहरुको पहुँच पुऱ्याउने उद्देश्यले लक्षित वर्ग छनोट गर्ने र उद्यम व्यावसायका लागी आवश्यक पर्ने सबै व्यावसायिक सेवाहरुको पहिचान योजना तर्जुमाको शुरुवात देखि नै गरी ती सेवाहरुको उपलब्धता सुनिश्चित गर्ने ती व्यावसायिक सेवाहरुलाई प्यकेजका रुपमा स्थानिय तह संग सम्झौता गरी लघु उद्यम विकास कार्यक्रमको नमुना ( MED-Model ) अनुसार गरी उद्यम विकास तथा विस्तार गरीने छ।यसैगरी श्रृजना भैसकेका उद्यम तथा

उद्यमीहरुको अवश्था बुझी अवसर तथा समस्या पहिचानका आधारमा व्यावसायिक सेवाहरुको पहुँच पुऱ्याई ती पुराना उद्यमीहरुलाई विस्तार तथा प्रर्वद्धन गर्ने कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

यसरी कार्यक्रम संचालन प्रकृया र यसको प्रभावकारीतालाई मध्यनजर गरेर नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ देखी गरीबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम ( MED-PA) संचालनका लागी रकम विनियोजन भई भिमाद नगरपालिकाको आयोजनामा संचानल भएको यस कार्यक्रममा गरीयका क्रियाकलापहरुको बारेमा बार्षिक प्रगति प्रतिवेदन तयार पारिएको छ ।

### ४.२.२ उद्देश्य

मेड्पा (MED-PA) कार्यक्रमका उद्देश्यहरु निम्नानुसार छन्,

१. आर्थिक र सामाजिक रुपमा विपन्न परिवारहरुको अवस्थामा लघु उद्यम व्यवसायको माध्यम बाट सुधार गर्दै गरीबि निवारण गर्ने,

२. उद्यमशिलताको माध्यम बाट उद्यमी श्रृजना गरी रोजगारी एवं स्वरोजगारको अवसर प्रदान गर्ने,

३. आर्थिक रुपमा सक्षम बनाउने ।

### ४.२.३ विद्यमान अवस्था

गरीबि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम ( मेड्पा ) ले आ. व. २०७७/०७८ मा यस भिमाद नगरपालिकाको ४,६,७ र ८ नं वडाहरु मा गरीयका कार्यक्रमहरु निम्नअनुसार प्रस्तुत गरीयको छ ।

| क.स. | क्रियाकलापहरू | इकाई | लक्ष्य | प्रगति सङ्ख्या | महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण/ क्षेत्री/अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँ लघु उद्यमी सिर्जना तर्फ | | | | | | | | | |
| २ | पि.आर.ए. सम्पन्न | वटा | | १४९ | १०० | ४९ | १४९ | ४५ | ७९ | २५ |
| ३ | घरधुरी सर्वेक्षण सम्पन्न (फाराम ए) | जना | १०० | ९७ | ५५ | ४२ | ९७ | ३६ | ३८ | २३ |
| ४ | सम्भाव्य लघु उद्यमीका रूपमा सहभागीहरूको छनौट(फाराम बी) | जना | १०० | ९१ | ४९ | ४२ | ९१ | ३२ | ३६ | २३ |
| ५ | मौजुदा उद्यमीहरू जो सम्भाव्य लघु उद्यमीका रूपमा पहिचान भएका (फाराम सी) | जना | | | | | | | | |
| ६ | ग्राहक वा बजार सर्वेक्षण | वटा | ५ | ५ | | | | | | |

| क्र.स. | क्रियाकलापहरू | इकाई | लक्ष्य | प्रगति सङ्ख्या | महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण/ क्षेत्री/अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्पन्न (फाराम डी) | | | | | | | | | |
| ७ | सीप तथा उपयुक्त प्रविधि सर्वेक्षण सम्पन्न (फाराम ई) | जना | ५ | ५ | | | | | | |
| ८ | श्रोत सर्वेक्षण सम्पन्न (फाराम एफ) | वटा | ५ | ५ | | | | | | |
| ९ | वातावरण परीक्षण सम्पन्न (फाराम जी) | वटा | | | | | | | | |
| १० | लघु उद्यम समूहमा लघु उद्यमीको सङ्ख्या र लघु उद्यमी समूहको सङ्ख्या | जना/वटा | ८० | ८० | ४१ | ३९ | ८० | ३० | ३६ | १४ |
| ११ | उद्यमशीलता विकास तालिम (टोपे/टोसे तालिम) लिने उद्यमीहरूको सङ्ख्या | जना | ८० | ८० | ४१ | ३९ | ८० | ३० | ३६ | १४ |
| १२ | व्यावसायिक योजना तयार गरेको सङ्ख्या | वटा | ८० | ३० | २८ | २ | ३० | १७ | १२ | १ |
| १३ | प्राविधिक सीप विकास तालिम लिने लघु उद्यमीहरूको सङ्ख्या (सीप विकास तालिमको छुट्टै विवरण संलग्न गर्ने यहां सङ्ख्या मात्र उल्लेख गर्ने) | जना | ८० | ३० | २८ | २ | ३० | १७ | १२ | १ |
| १४ | लघु कर्जा लिएका उद्यमीको सङ्ख्या | जना | | | | | | | | |
| १५ | प्रविधि सहयोग प्राप्त भएका लघु उद्यमीको सङ्ख्या | जना | | | | | | | | |
| १६ | बजारीकरणमा सहयोग प्राप्त गरेका लघु उद्यमीको | जना | | | | | | | | |

| क्र.स. | क्रियाकलापहरू | इकाई | लक्ष्य | प्रगति सङ्ख्या | महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्राम्हण/ क्षेत्री/अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | | | | | | |
| १७ | नयाँ उद्यमीहरूको सङ्ख्या | जना | ८० | १५ | २ | १३ | १५ | १५ | | |
| १८ | नयाँ उद्यमीहरूको सङ्ख्या (वैदेशिक रोजगारबाट फर्किएका) | जना | | | | | | | | |
| १९ | नयाँ उद्यमीहरूको सङ्ख्या (स्वदेशमा रोजगार गुमाएकाहरू) | जना | | | | | | | | |

### ४.२.४ कार्यक्रम कार्यान्वयन गर्दा अपनाईएका प्रक्रियाहरु

१. गरीबि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजम कार्यक्रम संचालन गरीयको,

२. MED-Model का ६ वटा चरण अनुसार गरीयको,

३. सामाजिक परिचालन,

४. उद्यमशिलता विकास तालिम,

५. प्राविधिक सिप विकास तालिम,

६. लघुवित्तमा पहुँच,

७. उपयुत्त प्रविधिमा पहुँच,

८. बजार र बजारीकरण ।

### ४.२.५ आर्थिक बर्ष २०७७/०७८ का कार्यक्रमहरु (ससर्त अनुदान)

| क्र.स. | कार्यक्रमको नाम | विनियोजत रकम | खर्च | खर्च प्रतिशत | मौज्दात रकम |
|---|---|---|---|---|---|
| १ | सामाजिक परिचालन | ६८४०० | ३०००० | ४३.८ | ३८४०० |
| २ | उद्यमशिलता विकास तालिम | २०५२०० | १७६००० | ८५.७ | २९२०० |
| ३ | सिप विकास तालिम | ९३४८०० | ६१००० | ६.५ | ८७३८०० |

### ४.२.६ संचालन हुन नसकेका कार्यक्रमहरु

| क्र.स. | कार्यक्रमको नाम | बजेट | संचालन हुन नसक्नुको कारण |
|---|---|---|---|
| १ | सिप विकास तालिम | ८७३८०० | Covid 19 र लकडाउनको कारणले |
| २ | प्रबिधिमा पहुँच | ३८७६०० | Covid 19 र लकडाउनको कारणले |
| ३ | लघुकर्जामा पहुँच | ६८४०० | कार्यक्रम ढिला सुरु भएकाले |
| ४ | बाजरिकरण | ६८४०० | कार्यक्रम ढिला सुरु भएकाले |

### ४.२.७ असल कामहरु

- छोटो अबधि र विश्व भरि फैलियको कोरोना भाइरस (covid-१९) को बावजुत पनि PRA उद्यमशिलता विकास तालिम र छोटो अबधिका सिप विकास तालिम समापन गरीयो ।

### ४.२.८ उपलब्धी

- भिमाद नगरपालिका को वडा नं ४ मा ३२ जनामा पि आर ए संचालन गरी छनोट भएका ११ जनालाई उद्यमशिलता विकास तालिम सम्पन्न,
- भिमाद नगरपालिका वडा नं ६ मा ४६ जनामा पि आर ए संचालन गरी छनोट भएका २० जनालाई उद्यमशिलता विकास तालिम सम्पन्न,
- वडा नं ६ मा १५ जनालाई सिलाईकटाई सिप विकास तालिम संचालन,
- भिमाद नगरपालिका वडा नं ७ मा ३३ जनामा पि आर ए संचालन गरी छनोट गरीयका १६ जनालाई उद्यमशिलता विकास तालिम सम्पन्न,
- वडा नं ७ मा १६ जना लाई बाख्रा पालन सिप विकास तालिम सम्पन्न,
- भिमाद नगरपालिका वडा नं ८ मा ३८ जनामा पि आर ए संचालन गरी छनोट भएको ३३ जनामा उद्यमशिलता तालिम सम्पन्न गरीयो।

### ४.२.९ समस्याहरु र चुनौतीहरु

- सहभागीहरुले कार्यक्रमले दिने सेवा सुविधा भन्दा बढि आशा अपेक्षा राख्नु,
- सहजकर्ता लाई काम गर्नका लागी computer desktop को व्यवस्था नहुनु ।

### ४.२.१० निष्कर्ष

समग्रमा भन्नु पर्दा आर्थिक बर्ष २०७७/०७८ मा भिमाद नगरपालिकाले आयोजना गरेको गरीबि निवरणका लागि लघु उद्यम विकास कार्यक्रम (MED-PA) २०७७ पैष १ गते देखि लागु भएको थियो। यो कार्यक्रम ढिला संचालन भएको र संचालन भईरहदा विश्व भरि फैलियको कोरोना भाईरस ( covid-19) का कारणले बिचैमा रोक्नु परेकाले कार्यक्रम पुरै संचालन गर्न सकियन। यस आर्थिक बर्ष २०७८/०७९ मा यो कार्यक्रम श्रवण देखि नै कार्यक्रम लागु भएको हुदा यस बर्षका कार्यक्रमहरु समयमै समापन गर्ने छौ भन्ने पुर्ण विश्वास लिएका छौ।

## ५. न्यायिक समिति

### ५.१ पृष्ठभुमि

नेपालको संविधानको धारा २१७ को उपधारा( १) मा कानुन बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न गाँउपालिका वा नगरपालिकाले प्रत्येक गाँउपालिकाका उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने संवैधानिक व्यवस्था रहेको

छ । नेपालको संविधानको धारा २२१ को उपधारा (१ ) बमोजिम स्थानीय तहको व्यवस्थापिकीय अधिकारको अनुसार भिमाद नगरपालिका न्यायिक समिति कार्यविधि सम्वन्धि ऐन २०७५ वनाई सोहि बमोजिम भिमाद नगरपालिकाको न्यायिक समिति मार्फत न्याय सम्पादनका कार्यहरु भैरहेको छ ।

न्यायिक समितिले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ र २ का अतिरिक्त संघिय वा प्रदेश कानुनले तोकिएको विवादहरुलाई निरुपण गर्न पाउने कानुनी व्यवस्था रहेकोमा भिमाद नगरपालिका न्यायिक समितिले भने मेलमिलापलाई नै प्रमुख प्राथमिकतामा राखि विवादहरुको समाधान गर्ने प्रयत्न गरेको छ ।

## ५.२ उद्देश्य

न्यायिक समितिलाई संविधानले न्यायको पहुँच स्थानीय स्तरमै सुनिश्चित गर्ने अभिप्रायले अगाडि सारेको पाईन्छ । संविधान प्रदत्त यस अधिकारको प्रयोग गर्दे आफ्ना अधिकार क्षेत्रभित्रका विवादहरु छिटो ,सुलभ र सहज तरिकाले न्यायमा पहुँच स्थापित गर्दै तथा विवादका दुवै पक्षले जित महसुस हुने गरी मेलमिलापलाई प्रमुख प्राथमिकतामा राखि न्याय सम्पादन गर्नु भिमाद नगरपालिका न्यायिक समितिको उदेश्य रहेको छ ।

## ५.३ आ.व ०७७/०७८ का गतिविधिहरू

विश्वव्यापी रुपमा मानव जगत्कै लागि अभिशाप र चुनौतीको रुपमा देखा परेको कोरोना भाईरस (कोभिड १९) बाट न्यायिक समितिबाट सम्पादन हुने कार्य समेत यस आर्थिक वर्षमा अलग रहन सकेन । सोही कारण समेत विगतका वर्षहरुको तुलनामा भिमाद नगरपालिका न्यायिक समितिमा प्राप्त भएका निवेदन तथा फछ्र्यौट को संख्यामा कमी आएको छ । यस आर्थिक वर्षमा सम्पादित कार्यविवरण तपसिल बमोजिम रहेको छ ।

| सि.नं. | मुद्दाको विवरण | बाटो सम्बन्धी | लेनदेन | साँध सिमाना जग्गा सम्बन्धी | माना चामल | घर बहाल | पारिवारिक वेमेल र गाली बेइज्जती | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | जम्मा निवेदन | ६ | ३ | ११ | १ | २ | ८ | ३१ |
| २ | समाधान भएका | ४ | २ | ९ | ० | २ | ६ | २३ |
| ३ | मेलमिलाप | ४ | २ | ९ | ० | २ | ६ | २३ |
| ४ | फैसला | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | तामेली | २ | १ | २ | १ | ० | १ | ७ |
| ६ | दरपीठ | | | | | | १ | १ |

- जम्मा प्राप्त निवेदन संख्या : ३१
- समाधान भएका विवाद संख्या : २३
- फैसला : ०
- तामेलीमा रहेको : ७
- दरपीठ गरिएको : १
- न्यायिक समितिको बैठक संख्या : २५

## ५.४ कार्यसम्पादनका समस्याहरु

- दक्ष जनशक्तिको अभाव,
- निर्णय कार्यान्वयनमा समस्या,
- न्यायिक समितिका कर्तव्य र अधिकार सम्वन्धमा सर्वसाधारण लाई पर्याप्त जानकारी नहुनु,
- कानुनी रुपमा नै न्यायिक समिति संयोजक एवं समितिका सदस्यहरुको कार्यकारिणी अधिकार र न्यायिक अधिकार कुन कुन अवस्थामा के कसरी फरक तरिकाले प्रयोगमा ल्याउने भन्नेमा स्थानीय सरकार सञ्चालन ऐनकै व्यवस्थाहरु द्धिविधात्मक हुनु,
- न्युनतम न्यायको मान्य सिद्धान्त साथै मुलुकी संहिता तथा नेपाली कानुनका अतिरिक्त अन्तराष्ट्रिय न्यायिक समितिहरुको वारेमा समितिलाइ पर्याप्त प्रशिक्षण नहुनु,
- बजेटको कमी ।

## ५.५ समस्या समाधानका उपायहरु

न्यायिक समितिको औचित्य पुष्टिका लागि समिति आफ्नो कामवाट मुल रुपमा जिम्मेवार रहेतापनि यो संवैधानिक,लैङ्गिक समानता , सामाजिक न्याय विषय समेत भएकाले सुशासन र दिगो विकासका लक्ष्यको अंशको रुपमा समेत आत्मसात् गरि स्थानिय तहले नै यसको अपनत्व ग्रहण गर्नु जरुरी छ । न्यायिक समितिमा न्युनतम न्यायको मान्य सिद्धान्तको ज्ञान वृद्धि गरिनु का साथै मुलुकी संहिता तथा नेपाली कानुनका अतिरिक्त अन्तर्राष्ट्रिय न्यायिक समितिहरुको वारेमा यस समितिलाई जानकारी हुन अत्यन्तै जरुरी छ । आफ्नो पालिका बाट प्रदान गरिने न्याय सेवा सम्वन्धमा सर्वसाधारणहरुलाई जानकारी गराउन तथा मेलमिलापकर्ताहरुलाई समेत आवश्यक प्रशिक्षण दिनु जरुरी रहेको छ । साथै यसको सशक्तिकरणका लागि आवश्यक योजना र कार्यक्रम सहितको बजेट विनियोजन जरुरी रहेको छ ।

## ५.६ निष्कर्ष

न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवादहरु छिटो, सहज तथा स्थानीय जनतालाई व्ययभार कम हुने गरी निरुपण गर्नु सो समितिको संवैधानिक दायित्व हो । न्यायिक विवेक तथा निष्पक्षताको गुणको उच्चतम् प्रयोग गर्दे जनविश्वास रहने गरी न्याय निरुपण गर्दै जनविश्वास जिन्नका लागि न्यायिक समिति मात्र नभई स्थानीय सरकार नै यसका लागि लागि पर्नु अपरिहार्य देखिएको छ ।

# ६. नापी शाखा

## ६.१ पृष्ठभुमि

भिमाद नगरपालिका क्षेत्रभित्रका विभिन्न प्रकृतिका जग्गाहरुको मापन ,हकभोग ,साँध सिमाना तथा स्वामित्व सम्वन्धमा कुनै अस्पष्टता भई स्पष्टता कायम गर्नुपर्ने भएमा सो को नापजाँच तथा अन्य कार्य गर्ने प्रयोजनका लागि भिमाद नगरपालिकामा हाल १ जना अमिन कर्मचारी नियुक्त गरि कार्य सम्पादन गरिएको छ ।

## ६.२ कार्यक्षेत्र

भिमाद नगरपालिका क्षेत्रभित्रका विभिन्न प्रकृतिका जग्गाहरुको आधुनिक तथा त्रुटिरहित तरिकाले जिल्ला सदरमुकाममा रहेको नापी कार्यालय समेतको सहयोगमा आवश्यक मापन तथा प्रकृति अनुसार बर्गीकरण गर्ने तथा सो को उपभोगका क्रममा भएको समस्याहरुलाई समाधान गर्नका लागि निजि जग्गाको हकमा नियमानुसारको राजश्व लिई सहज,सुलभ हिसावले क्षेत्रफल तथा सिमाना छुट्याउने तथा सार्वजनिक प्रति जग्गाको हकमा मापन गरि अतिक्रमण हुन नदिई सो को संरक्षण गर्ने यस शाखाको मुख्य उद्देश्य एवम् कार्य रहेको छ।

## ६.३ आ.व ०७७/०७८ को मा सम्पादित कार्यहरूको अवस्था

| सि.नं. | विषय | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घर नक्सा सम्बन्धी विवाद | ३८ | |
| २ | बाटो सम्बन्धी विवाद | २७ | |
| ३ | कुलो सम्बन्धी विवाद | १७ | |
| ४ | पर्ति वा सार्वजनिक जग्गा सम्बन्धी | ११ | |
| ५ | निजी जग्गासम्बन्धी निवेदन | ६१ | |
| ६ | नदी, खोला अतिक्रमण तथा घाट लगाउने प्रयोजनार्थ नापजाँच | ४ | |
| ७ | वडा कार्यालय भवन निमार्णका लागि नापजाँच | वडा नं. ३, ४, ५ र ८ | |
| ८ | न्यायिक समितिमा परेका निवेदन उपर स्थलगत नापजाँच गरी प्रतिवेदन पेस | २३ वटा | |

## ६.४ समस्याहरू

- जग्गाधनी प्रमाण पुर्जा नभएको अव्यवस्थित बसोवास मापन गर्न कठिन,
- सिमित जनशक्तिले धेरै कार्य गर्नुपर्ने बाध्यात्मक अवस्थाले कतिपय अवस्थामा सेवा प्रवाहमा ढिलाई हुन गएको,
- जग्गा मापन गर्न जाँदा सँधियार अनुपस्थित हुने तथा नापजाँचका लागि आवश्यक कागजपत्र कार्यालयमा नहुनु,
- मापनका हिसावले जग्गाको भुवनोटका कारण समयमा कार्य सम्पन्न गर्न नसकिएको ।

## ६.५ समस्या समाधानका उपायहरु

- आवश्यक संख्यामा कर्मचारीको ब्यवस्थापन मिलाउने,
- आवश्यक उपकरण तथा कागजपत्रहरुको उपयुक्त प्रवन्ध गर्ने,
- नापी विभागको सहयोगमा पुनःनापी गर्ने,
- अदालतमा विचाराधिन जग्गा सम्वन्धमा के गर्न भन्ने सम्वन्धमा सरोकारवालाहरु विच सहमति गर्ने ।

## ६.६ निष्कर्ष

भिमाद नगरपालिका भित्रका विभिन्न प्रकारका जग्गाहरु आधुनिक प्रविधिको प्रयोग मार्फत नापजाँच गरि सो सम्वन्धमा भएका समस्याहरु समाधानका कार्य गर्नु नगरपालिकाको दायित्व हो । यसका लागि नगरपालिका मात्रै नभई यहाँका सम्पुर्ण राजनितिक दल ,पेशा व्यवसायी ,विधार्थी एवं सम्पुर्ण जनताको सहयोग हुनु जरुरी देखिन्छ ।

## ७. पूनर्निर्माण शखा

२०७२ सालको महाभूकम्पबाट घर क्षति भएका निजी आवासहरु मध्ये आंशिक क्षति भएको हरुको मर्मत एवं पूर्ण क्षति भएकाहरुको पुनर्निर्माण गरी नागरिकको बासको सुनिश्चतता गर्नका लागि स्थापना भएको पुनर्निर्माण प्राधिकरण अन्तरगत भिमाद नगरपालिकाभित्र कार्य गर्ने गरी स्थापना भएको यस शाखाबाट हालसम्म सम्पादन भएका कार्यहरुको प्रगति स्थिति देहाय वमोजिम उल्लेख गरिएको छ ।

| वडा न. | जम्मा लाभग्राही | अनुदान सम्झौता | सम्झौता गर्न बाकि | प्रथम किस्ता प्राप्त | दोश्रो किस्ता प्राप्त | तेश्रो किस्ता प्राप्त | निर्माण सम्पन्न घरहरु | प्राविधिक पुग्नु अगाडि बनेका घर हरु | घर नबनाउने |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४९ | १४१ | ८ | १४० | १३१ | १२९ | ३५ | २७+१ | ९ |
| २ | ५७ | ५७ | ० | ५७ | ५४ | ५४ | २७ | १३ | ३ |
| ३ | ९६ | ८६ | १० | ८६ | ७४ | ७४ | ५८ | ७ | १२ |
| ४ | १५० | १२८ | २२ | १२९ | १०७ | १०५ | ५४ | ८ | २२ |
| ५ | ५२ | ४६ | ६ | ४५ | ४० | ४० | १८ | ८ | ५ |
| ६ | १६ | १६ | ० | १६ | १५ | १४ | १० | २ | १ |
| ७ | ११४ | ९९ | १५ | ९९ | ९६ | ८५ | ४३ | २+१ | ३ |
| ८ | १८४ | १६६ | १८ | १६४ | १३८ | १३३ | ८४ | ६ | २६ |
| ९ | ३०७ | २६० | ४७ | २५७ | २२० | २२० | १३५ | १७ | ३७ |
| **जम्मा** | **११२५** | **९९९** | **१२६** | **९९३** | **८७५** | **८५४** | **४६४** | **६१** | **११८** |

# परिच्छेद ४ : वडा कार्यालयहरूको प्रगति

भिमाद नगरपालिकाको राजनैतिक विभाजन अनुसार ९ वटा वडाहरूमा विभाजन गरिएको छ । वडा कार्यालयहरूले जनताका दैनिक सरोकारित विषयहरू घटना दर्ता, सिफारिस लगायत विकास निर्माणका कार्यहरू सम्पादन गर्ने गर्दछन् । यस परिच्छेदमा वडाको भौगोलिक, सामाजिक एवम् जनसांख्यिक अवस्थासहितको परिचय, आ.व. २०७७।०७८ मा प्रवाह गरिएको सेवाको स्थिति, विकास निर्माण र कार्यक्रम कार्यान्वयनका प्रगतिको अवस्था प्रस्तुत गरिएको छ । यसैगरी कार्यक्रम कार्यान्वयनका उद्देश्य, कार्यक्रम कार्यान्वयनका आधार, कार्यक्रमअनुसारको भौतिक एवम् वित्तीय प्रगति, कार्यक्रम कार्यान्वयन एवम् सेवा प्रवाहका क्रममा गरीएका असल अभ्यास, आइपरेका समस्या तथा समाधानका उपायहरूसमेत प्रस्तुत गरिएको छ ।

## १. १ नं. वडा कार्यालय

### १.१ पृष्ठभूमि

#### १.१.१ वडा नं. १ को संक्षिप्त परिचय

विश्व मान चित्रमा यो भिमाद नगरपालिका वडा नं. १ २७.९१ डिग्री देखि २७.९७ डिग्री सम्मको उत्तरी अक्षांस र ८३.९७ डिग्री देखि ८४.०२ डिग्री पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ । यस भिमाद नगरपालिका वडा नं. १ पूर्वमा भिमाद नगरपालिका वडा नं.२ अरुणोदय र माझकोट,पश्चिममा हरिनास गाउँपालिका स्याङ्जा जिल्ला,उत्तरमा अरुणोदय, दक्षिणमा घिरिङ गाउँपालिका पर्दछ । ९ वटा वडाहरु बिभाजित गरी प्रशासनिक कार्यलय साविक किहुँ गा.वि.स वडा नं. ४ काहुले देखि कार्यलयबाट सेवा प्रवाह हुने गरेको छ ।

भिमाद नगरपालिका हुनु भन्दा अगाडि किहुँ गा.वि.स.को नामाङ्कनमा चिनिन्थो । यस गा.वि.स नामाकरण कसरी आएको भन्ने एकिन र तथ्य जानकारी काही नभेटिए पनि यस क्षेत्रभित्रका किंवदन्ति, जनश्रूतिका भनाईलाई आधार मान्ने हो भने यस क्षेत्र वरपरका डाडामा गुरुङ्गहरुको बसाई रहेको र यहाँ प्रशस्त पानी पाइने भएकोले गूरुङ भाषामा पानीलाई क्यु भनिने हुदाँ पछि सो शब्द अपभ्रस भई किहु भएको एकथरी मानिसहरुको विचार रहेको छ भने अर्कोथरी मानिसको विचार अनूसार यस क्षेत्रमा किहूं काफल प्रशास्त पाईने हूदाँ त्यसैको नामबाट यस क्षेत्रको नाम किहू रहन गएको भन्ने भनाई स्थानिय स्तरमा सुनिन्छ । र हाल संघिय संरचनाको निर्धारण भए पश्चात गजरकोट गा.वि.स वडा नं.९ र साविक किहू गा.वि.स १-९ समावेश गरी भिमाद नगरपालिका वडा नं.१ को स्थापना भएको हो ।

#### १.१.२ क्षेत्रफल तथा भौगोलिक अवस्थिति

भिरालो धरातलिय स्वरुपले बनेको यस वडा कार्यलय समूद्र सतहबाट ४१७.६१मिटर देखि ११२० मिटर सम्मको उचाईमा फैलिएर रहेको छ । कूल क्षेत्रफल करिब १८.८३वर्ग किलोमिटर मा यस वडा कार्यलय रहेको छ ।

कृषि भूमि ६४.९६%

जंगल क्षेत्र २८.२९%

झाडी, बूट्यान र चरन क्षेत्र ५.७८%

खोलानाला,अवास तथा अन्य क्षेत्र ०.९७%

## १.२ उद्देश्य

आ.ब. २०७७/०७८ मा भिमाद नगरपालिका वडा नं.१ बाट प्रवाह हुने सबै कार्यक्रमहरुको कार्यन्वयन प्रगतिको अवस्था बोध गराउनु यस प्रतिवेदनको प्रमुख उद्देश्य रहेको छ । यस प्रतिवेदनका प्रमुख उद्देश्य निम्ननुसार छन ।

१. वडा नं.१ को सेवा प्रवाहको विशेष जानकारी दिनु,

२. आ.ब. २०७७/०७८ मा सन्चालित कार्यक्रमहरुको भौतिक तथा आर्थिक प्रगतिको अवस्था बारे तत्कालिन बोध गराउनु,

३. नगरबाट वडामा उपलब्ध भएका सूचना प्रतिनिधी, टोल संयोजक तथा प्रत्यक्ष स्थानिय सँग सूचना प्रवाह गराउनु,

## १.३. विद्यमान अवस्था

**जनसंख्या तथा साक्षरता सम्बन्धी विवरण**

भिमाद नगरपालिकाको नगर प्रोफायल २०७७ अनुसार यस नगरपालिकाको जनसंख्या तथा साक्षरतासम्बन्धी विवरण देहाय अनुसारको तालिकामा देखाइएको छ ।

**तालिका १: नगरपालिकाको घरधुरी संख्या, जनसंख्या तथा साक्षरता सम्बन्धी विवरण २०७७**

| वडा | घरधुरी संख्या | जनसंख्या | | | ५ वर्षमाथिको जनसंख्या | | | साक्षरता (५+वर्ष) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| १ | ८१९ | १९७१ | २१०१ | ४०७२ | १८५४ | १९७७ | ३८३१ | ७६.७ | ८६.१ | ८१.६ |

यस भिमाद नगरपालिका वडा नं. १मा मगर समूदायको बाहूल्यता रहेको छ । कूल जनसंख्याको आधरमा ३३.८० प्रतिशत मगरहरु रहेका छन् । त्यस्तै बाहून २८.७८ प्रतिशत,क्षेत्री ०.२४ प्रतिशत, कामी ७.२३ प्रतिशत, दमै ७.५१ प्रतिशत, सार्की १०.४८ प्रतिशत, मुस्लीम १०.१६ प्रतिशत, घर्ती १.८० प्रतिशत यसरी बसोबास गर्ने विभिन्न जातिका मानिसहरु रहेका छन ।

## १.४ बार्षिक आम्दानी बार्षिक आम्दानी विवरण

### १.४.१ मासिक आम्दानी विवरण (एकमुष्ठ)

| क्र.स. | महिनाको नाम | आम्दानी रकम रु. |
|---|---|---|
| १ | साउन | ९६९० |
| २ | भदौ | ५२९० |

| क्र.स. | महिनाको नाम | आम्दानी रकम रु. |
|---|---|---|
| ३ | असोज | ११,२४० |
| ४ | कार्तिक | २५००० |
| ५ | मंसिर | १४४२० |
| ६ | पुस | २६१९० |
| ७ | माघ | ३२३८० |
| ८ | फागुन | २०,८३० |
| ९ | चैत्र | १९९९० |
| १० | बैशाख | १५१५० |
| ११ | जैठ | ९०० |
| १२ | असार | ५६०० |
| | **जम्मा** | **१,८६,६८०** |

## १.४.२ आ.ब. २०७७/०७८ को शिर्षक अनुसार बार्षिक आम्दानी

| महिना | व्य.घटना | सिफारिस | नाता प्रमाणित | निवेदन | जम्मा |
|---|---|---|---|---|---|
| साउन | ५५० | ५८१० | ३२२० | ११० | ९६९० |
| भदौ | ७५० | ४००० | ५०० | ४० | ५२९० |
| असोज | १०० | १०,००० | १००० | १४० | ११२४० |
| कार्तिक | २५० | २३९०० | ५०० | ३५० | २५००० |
| मंसिर | १२५० | ९९०० | ३००० | २७० | १४४२० |
| पुस | १२५० | २२६०० | २००० | ३४० | २६१९० |
| माघ | १९०० | २८३०० | २००० | १८० | ३२३८० |
| फागुन | ११५० | १८५३० | १००० | १५० | २०८३० |
| चैत्र | १९५० | १६४७० | १५०० | ७० | १९९९० |
| बैशाख | २३००० | १२७५० | ० | १०० | १५१५० |
| जेठ | २०० | ७०० | ० | ० | ९०० |
| असार | ८०० | ४८०० | ० | ० | ५६०० |
| जम्मा | ३३१५० | १५७७६० | १४७२० | १७५० | १८६६८० |

### १.५ सेवा प्रवाह

### १.५.१ सामाजिक सुरक्षा भत्ता विवरण

| क्र.सं | अवधि | लाभग्राही संख्या | रकम निकासा |
|---|---|---|---|
| १ | प्रथम चौमासिक | ५६८ | ५०४९६८३ |
| २ | द्धितिय चौमासिक | ६८४ | ५९८९८०८ |
| ३ | तृतिय चौमासिक | ७०६ | ६५१४२५१ |
| **जम्मा** | | | **१७५५३७४२।** |

### १.५.२ घटना दर्ता विवरण

| क्र.सं | घटना दर्ता विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | जन्म | ४१ | ४७ | ८८ |
| २ | मृत्यु | २१ | ३२ | ५३ |
| ३ | सम्बन्ध बिच्छेद | ६ | ६ | ६ |
| ४ | विवाह | ३३ | ३३ | ३३ |
| | बसाईसराइ | आएको ७ | गएको १५ | २२ |

### १.६ कार्यक्रम कार्यान्वयन गर्दा अपनाइएका प्रक्रियाहरु

- नगरसभाबाट स्वीकृत वार्षिक नगर बिकास योजना,
- नगर कार्यपालिकाको निर्णय,
- वडा समितिको निर्णय,
- सम्झौता, अनुदान निकासा, अनुदान, अनुगमन मूल्यांकन तथा प्रगतिको आधरमा फछ्यौट ।

### १.७ योजना अनुसार विनियोजित बजेट र खर्च रकम

आ.व. : २०७७/७८ भिमाद नगरपालिका वडा नं.१

८०४३८४०२२०१ भिमाद नगरपालिका वडा नं.१

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | सिद्धार्थ मा बि प्रवेशद्वार ढलान तथा गेट निर्माण | ५,००,००० | ४,८७,५०० | ९७.५० | १२,५०० |
| २ | नेपाली गाउँ आमा समुह भवन मर्मत | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ३ | उडसिङ्ग आमा समुह कृषी तालिम भवन परिसर व्यवस्थापन | ३,००,००० | ३,००,००० | १०० | ० |
| ४ | ईन्द्र चोक दलित सामुदायिक भवन निर्माण योजना | ३,००,००० | २,७९,५३२ | ९३.१८ | २०,४६८ |
| ५ | ज्ञानज्योती प्रा वी गेट निर्माण तथा फर्निचर व्यवस्थापन | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ६ | शिवज्योती महिला समुह भवन निर्माण | ३,००,००० | २,९२,५०० | ९७.५० | ७,५०० |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| ७ | गाडाबार जलौदि गोरेटो बाटो निर्माण योजना | ५०,००० | ४८,२२० | ९६.४४ | १,७८० |
| ८ | उडसिङ्ग डुम्रे नाला निर्माण योजना | ५०,००० | ४६,६३१ | ९३.२६ | ३,३६९ |
| ९ | आम भन्ज्याङ्ग जोर्ते फालढुङ्गा मोटरमार्ग मर्मत योजना | १,००,००० | ८५,३५३ | ८५.३५ | १४,६४७ |
| १० | ठन्डिसा खनालडाँडा गोरेटो बाटो निर्माण योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ११ | थुम्की पुलामी डाँडा गोरेटो बाटो निर्माण योजना | ५०,००० | ४८,७५० | ९७.५० | १,२५० |
| १२ | मुल खोल्सा ठुलाखेत चामबोट कृषी मार्ग निर्माण योजना | २,००,००० | १,८०,७०८ | ९०.३५ | १९,२९२ |
| १३ | आधामारा बाटो बिस्तार योजना | ३,००,००० | ३,००,००० | १०० | ० |
| १४ | कवरस्थान जाने नयाँ मोटरमार्ग निर्माण योजना | १,००,००० | ९१,२५० | ९१.२५ | ८,७५० |
| १५ | अर्चले देखी लामबोट सम्म नयाँ मोटरमार्ग निर्माण योजना | २,००,००० | २,००,००० | १०० | ० |
| १६ | आमा ढाला ठोके नयाँ ट्रयाक निर्माण योजना | २,००,००० | १,८२,०७२ | ९१.०४ | १७,९२८ |
| १७ | भैरव थान मोटरमार्ग नयाँ ट्रयाक निर्माण योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| १८ | जुकेपानी देउराली मोटरमार्ग मर्मत योजना | २,००,००० | १,९५,००० | ९७.५० | ५,००० |
| १९ | आधामारा कृषी मोटरमार्ग निर्माण योजना | २,००,००० | १,९३,३६५ | ९६.६८ | ६,६३५ |
| २० | जलौदि सिसाखानी मोटरमार्ग नयाँ ट्रयाक निर्माण योजना | २,००,००० | २,००,००० | १०० | ० |
| २१ | लेदी जलुके कृषी मार्ग स्तरोन्नती | ७५,००० | ७३,१२५ | ९७.५० | १,८७५ |
| २२ | बेल डाँडा लाहालाङ्ग रघुखोला नयाँ ट्रयाक निर्माण योजना | २,००,००० | १,९५,००० | ९७.५० | ५,००० |
| २३ | खाल्टे बरडाँडा मोटरमार्ग योजना | १,५०,००० | १,५०,००० | १०० | ० |
| २४ | डाँडा गौरी सडक मर्मत योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| २५ | उडसिङ्ग चनौटे कुलाङ्ग मोटरमार्ग स्तरोन्नती योजना | २,००,००० | १,९०,१५५ | ९५.०८ | ९,८४५ |
| २६ | बडर भन्ज्याङ्ग मैदान कुलाङ्ग मोटरमार्ग स्तरोन्नती योजना | ३,००,००० | २,४८,२३६ | ८२.७५ | ५१,७६४ |
| २७ | बेसार डाँडा कृषी मार्ग | २,००,००० | १,६८,३६३ | ८४.१८ | ३१,६३७ |
| २८ | बेसारडाँडा कृषी मार्ग निर्माण योजना | १,००,००० | १,००,००० | १०० | ० |
| २९ | हाडिबन बाह्रबिसे मोटरमार्ग निर्माण योजना | १,००,००० | ८५,१६३ | ८५.१६ | १४,८३७ |
| ३० | वडहरभन्ज्याङ्ग मैदान कुलाङ्ग मोटरमार्ग स्तरोन्नती योजना | ३,००,००० | २,९२,५०० | ९७.५० | ७,५०० |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| ३१ | अर्चले देखी लाम्बोट सम्म नयाँ मोटरमार्ग निर्माण योजना | ५०,००० | ४३,७५० | ८७.५० | ६,२५० |
| ३२ | तल्ला डिहि थाम डाँडा मोटरमार्ग नयाँ ट्रयाक निर्माण योजना | १,५०,००० | १,४६,२५० | ९७.५० | ३,७५० |
| ३३ | बोमा भानिखर मोटरमार्ग निर्माण योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ३४ | टारी डिहि मोटरमार्ग नयाँ ट्रयाक निर्माण योजना | १,००,००० | ५१,७१६ | ५१.७२ | ४८,२८४ |
| ३५ | लिङ्गलिङ्ग कोट मोटरमार्ग नयाँ ट्रयाक निर्माण योजना | २,००,००० | १,९५,००० | ९७.५० | ५,००० |
| ३६ | बोमा सुनारगाउँ गोरेटो बाटो निर्माण योजना | ५०,००० | ४८,७५० | ९७.५० | १,२५० |
| ३७ | सोति कोच लेदि कृषी मार्ग निर्माण योजना | २,००,००० | १,९५,००० | ९७.५० | ५,००० |
| ३८ | वडा समितिको निर्णायानुसार वडा अन्तर्गतका शाखा सडकहरु मर्मत योजना | ४,५०,००० | ३,५४,२६५ | ७८.७३ | ९५,७३५ |
| ३९ | थिदु डुम्रे बेलडाँडा मोटरमार्ग निर्माण योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ४० | छाप डाँडा सडक नयाँ ट्रयाक निर्माण योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ४१ | हुक्का आधामारा सडक मर्मत योजना | २,००,००० | १,८७,०३७ | ९३.५२ | १२,९६३ |
| ४२ | पोखरी गैह्री मोटरमार्ग नयाँ ट्रयाक निर्माण योजना | १,५०,००० | १,३२,७७४ | ८८.५२ | १७,२२६ |
| ४३ | जलौदी सिसाखानी मोटरमार्ग नयाँ ट्रयाक निर्माण योजना | १,००,००० | ९२,५०० | ९२.५० | ७,५०० |
| ४४ | पानि घट्ट जाने बाटोमा नाला बिस्तार योजना | १,००,००० | ९०,९७० | ९०.९७ | ९,०३० |
| ४५ | गरगरे गोरेटो बाटो मर्मत योजना | ५०,००० | ४४,८४६ | ८९.६९ | ५,१५४ |
| ४६ | उब्दी सुनार गाउँ मोटरमार्ग निर्माण योजना | १,००,००० | १,००,००० | १०० | ० |
| ४७ | आमबोटे कुलो मर्मत योजना | १,००,००० | ८९,४८६ | ८९.४९ | १०,५१४ |
| ४८ | भंगेरी कुलो निर्माण योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ४९ | लाहालाङ्ग कुलो निर्माण योजना | ५०,००० | ४८,७५० | ९७.५० | १,२५० |
| ५० | धौलो कुलो निर्माण योजना | १,००,००० | ८८,३७४ | ८८.३७ | ११,६२६ |
| ५१ | उब्दी माथिल्लो कुलो निर्माण योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ५२ | भुल्के कुलो मर्मत योजना | ५०,००० | ४७,८९३ | ९५.७९ | २,१०७ |
| ५३ | उब्दी तल्लो कुलो निर्माण योजना | २,००,००० | १,८५,५३५ | ९२.७७ | १४,४६५ |
| ५४ | लाङ्गलादी कुलो मर्मत योजना | ५०,००० | ४७,५०० | ९५.०० | २,५०० |
| ५५ | ललाती कुलो मर्मत योजना | ५०,००० | ५०,००० | १०० | ० |
| ५६ | खत्रेनि खानेपानी धारा मर्मत योजना | ५०,००० | ४८,७५० | ९७.५० | १,२५० |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| ५७ | खनालडाँडा थामडाँडा खानेपानी मर्मत | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ५८ | कटुस धारा खानेपानी धारा मर्मत तथा सडक विस्तार | १,५०,००० | १,४२,२१७ | ९४.८१ | ७,७८३ |
| ५९ | आलेधारा बडहरभन्ज्याङ्ग लिफ्टिङ्ग खानेपानी योजना | १,००,००० | ० | ०.०० | १,००,००० |
| ६० | थिदु गैह्रि स्वाँरा खानेपानी टंकी निर्माण योजना | १,५०,००० | १,४५,३४५ | ९६.९० | ४,६५५ |
| ६१ | पुरन्डिहि खानेपानी टंकी निर्माण योजना | ५०,००० | ४८,०६२ | ९६.१२ | १,९३८ |
| ६२ | राङ्गसिदि खानेपानी मर्मत योजना | ५०,००० | ४८,७५० | ९७.५० | १,२५० |
| ६३ | मैदान खानेपानी धारा व्यवस्थापन योजना | १,००,००० | १,००,००० | १०० | ० |
| ६४ | थिदु गैह्रिस्वाँरा खानेपानी तारबार | ५०,००० | ४८,७५० | ९७.५० | १,२५० |
| ६५ | भुल्के पँधेरो मर्मत योजना | ५०,००० | ४८,३११ | ९६.६२ | १,६८९ |
| ६६ | मैदान खानेपानी धारा व्यवस्थापन योजना | १,००,००० | ९५,००० | ९५.०० | ५,००० |
| ६७ | आलेधारा बडरभन्ज्याङ्ग लिफ्टिङ्ग खानेपानी योजनाको टंकी निर्माण | १,००,००० | ९३,६५५ | ९३.६६ | ६,३४५ |
| ६८ | थिदु शिवालय मन्दिर मर्मत योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ६९ | महाकाली, महालक्ष्मी, महासरस्वती मन्दिरको मुर्ति खरिद तथा संरचना निर्माण योजना | ८,००,००० | ७,८०,००० | ९७.५० | २०,००० |
| ७० | वडा समितिको निर्णयानुसार सडक तथा भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार | ३,००,००० | २,६८,१४३ | ८९.३८ | ३१,८५७ |
| ७१ | ओम शान्ति शिवालय मन्दिर मर्मत योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ७२ | नेवार गुठि मन्दिर निर्माण योजना | ३,००,००० | २,९२,५०० | ९७.५० | ७,५०० |
| ७३ | शिव शक्ति सामुदायिक बनमा मुर्ती खरिद तथा संरचना निर्माण | ६,००,००० | ५,८५,००० | ९७.५० | १५,००० |
| ७४ | अकला देबी मन्दिर कम्पाउन्ड तथा माछापोखरी निर्माण योजना | १,५०,००० | १,३३,१९८ | ८८.८० | १६,८०२ |
| | **जम्मा** | **१,१७,७५,०००** | **१,१०,१९,०००** | **९३.५७** | **७,५६,०००** |

यस भिमाद नगरपालिका वडा नं.१ मा आ.ब.२०७७/०७८ को आठौ नगरसभाबाट अधुरो तथा काम सम्पन्न हुन बाँकी रहेका योजनाहरुलाइ थप विनियोजित बजेट बाट भौतिक विकासमा निरन्तरतालाइ तालिकामा प्रस्तुत गरिएको छ ।

## नयाँ योजना थप/साविक शिर्षकमा थप

| क्र.स. | योजनाको नाम | हाल विनियोजित बजेट | साविक शिर्षकमा रहेको बजेट | कुल जम्मा रु. |
|---|---|---|---|---|
| १ | टारी डिही मोटरमार्ग नयाँ ट्र्याक | १००,००० | ०.० | १००,००० |
| २ | पोखरी गैही मोटरमार्ग नयाँ ट्र्याक | १५०,००० | ०.० | १५०,००० |
| ३ | उडसिङ्ग डुम्रे नाला निर्माण | ५०,००० | ०.० | ५०,००० |
| ४ | भुल्के कुलो मर्मत योजना | ५०,००० | ०.० | ५०,००० |
| ५ | धौलो कुलो निर्माण योजना | १००,००० | ०.० | १००,००० |
| ६ | डाडागौरी सडक मर्मत योजना | १००,००० | ०.० | १००,००० |
| ७ | लाङलादी कुलो मर्मत योजना | ५०,००० | ०.० | ५०,००० |
| ८ | थिदु गैरीस्वरा खानेपानी तारवार | ५०,००० | ०.० | ५०,००० |
| ९ | आलेधारा वडरभन्याज्याङ खानेपानी लिफ्टिङ | १००,००० | ०.० | १००,००० |
| १० | खनालडाडा थामडाडा खानेपानी मर्मत | १००,००० | ०.० | १००,००० |
| ११ | ज्ञानज्योति प्रावि घेराबार | १००,००० | ०.० | १००,००० |
| १२ | खाल्टे वरडाडा मोटरमार्ग | १५०,००० | ०.० | १५०,००० |
| १३ | लेदी जलुके कृषि मार्ग स्तरोन्नती | ७५,००० | ०.० | ७५,००० |
| १४ | शिवज्योति महिला समूह भवन निर्माण | ३००,००० | ०.० | ३००,००० |
| १५ | नेपाली गाउँ आमा समूह भवन निर्माण | १००,००० | ०.० | १००,००० |
| १६ | सिद्धार्थ मावि प्रवेशद्धार ढलान/गेट निर्माण | ५००,००० | ०.० | ५००,००० |
| १७ | आधामारा बाटो विस्तार | ३००,००० | ०.० | ३००,००० |
| १८ | अर्चलेदेखि लाम्वोट सम्म नयाँ मोटरमार्ग निमार्ण योजना सि.न.३ मा थप | ५००,००० | २००,००० | ५००,००० |
| १९ | वडरभन्ज्याङ मैदान कुलाङ मोटरमार्ग स्तरोन्नती सि.न.२० मा थप | ३००,००० | ३००,००० | ६००,००० |
| २० | जलौदी सिसाखानी मोटरमार्ग नयाँ ट्र्याक निर्माण योजना सि.न.१४मा थप | १००,००० | २००,००० | ३००,००० |
| २१ | वेसारडाडा कृषि मार्ग सि.न.२२मा थप | १००,००० | २००,००० | ३००,००० |
| २२ | मैदान खानेपानी धारा व्यावस्थापन सि.न.४४ मा थप | १००,००० | १००,००० | २००,००० |
| | **कुल जम्मा** | **३,०२५,०००** | **१,०००,०००** | **४,०२५,०००** |

**१.८ लागत सहभागिता तर्फका योजनाहरु**

भिमाद नगरपालिका वडा नं.१ मा लागत सहभागिताको आधरमा बनेका भौतिक पूर्वाधार निर्माण तर्फका यजनाहरु निम्ननुसार छन ।

१. ६०/४० मा मेलमिलाप आमा समूह भवन निर्माण

२. शिव ज्योति आमा समूह भवन डुम्रीवेशी

३. बौद्ध बिहार ट्रस भवन

**१.९ नगर गौरव तर्फका योजनाहरु**

नगरपालिका केन्द्रबाट यस भिमाद नगरपालिका वडा नं.१ मा नगरगौरव तर्फका सम्पन्न भएका पूर्वाधार योजनाहरु

१. साविक किहुँ गा.वि.स.वडा नं.६ दर्काङ्गमा सँस्कृती संरक्षण बाजा खरिद रु १५०,०००।

२. सतिकोट पर्यटन पूर्वाधार विकास कार्यक्रम ।

**१.१० असल अभ्यास तथा नवप्रवर्तनात्क कार्यक्रमहरु**

- जनता र जनप्रतिनिधि बिच सामूहिक छलफल कार्यक्रम,
- सेवाग्राही सँग नरम भाषाको प्रयोग सँगै सेवा प्रदान,
- वडाको पायक पर्ने तथा टोल टोलमा गएर सामाजिक भत्ता वितरण,
- सम्बन्धित मानिस सामाजिक भत्ता लिन उपस्थित हुन नसके जनप्रतिनिधी र संरक्षकको रोहबरमा भत्ता वितरण,
- अनलाइन घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सुचारु,
- विभिन्न संचारका माध्यम बाट वडामा प्राप्त भएका सूचना जनता सँग समक्ष पुर्याउनु,
- कम्प्युटरबाट नै प्रवाह गरी सेवा उपलब्ध गराउने,
- अपङ्गता भएको मानिसहरुलाई बाख्रा पैचो कार्यक्रम,
- प्रत्यक्ष रुपमा वडा कार्यलयमा गई उपमेयर विपन्न असहाय,अशक्त तथा एकल महिला मौरी घार वितरण,
- प्रधानमन्त्री रोजगार कार्यक्रममा स्थानिय व्यक्तिबाट नै गोरेटो बाटो निर्माण,
- दलित महिलाहरुलाई सचेतना तथा उद्यमशिल ३ महिने सिलाइ कटिङ्ग तालिम उपलब्ध ।

**१.११ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरु**

- जनप्रतिनिधिको रोहबरमा सबै टोल विकास संस्थाहरुमा उपभोक्ता समिति गठन हुनु,
- विभिन्न शिर्षकमा विनियोजन भएका बजेटले भौतिक पूर्वाधारमा विकास हुनु,
- छिटो छरितो स्वच्छ निष्पक्ष पारर्दशि सेवा निरन्तरतामा सेवा पुग्नु,
- अनलाइनलाइ विशेष प्रथामिकता दिदै सेवा प्रवाह हुनु,
- राहत वितरण कार्यक्रम,
- जनप्रतिनिधि र कर्मचारी बिच मासिक बैठक तथा छलफल,

- सार्वजनिक स्थलमा सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण,
- स्थानियको जनगुनासोलाइ सुनिचित गरी भौतिक पूर्वाधार उपलब्ध गराउने,
- विनियोजन भएका बजेटहरु वडामा नै सार्वजनिकरण  हुने ।

### १.१२ निष्कर्ष

कोभिड १९ कोरोना भाइरसको महामारी तथा विषाम परिस्थितीका बाबजुद पनि आ.ब.२०७७/०७८को वार्षिक कार्यक्रमको योजना वडागत रुपमा अत्ति नै राम्रो रहयो । भौगोलिक, सामाजिक , आर्थिक, धार्मिक, प्राकृतिक र मानवीय जीवनका हरेक पक्षहरुका बारेमा जानकारी प्राप्त हूने हूनाले वडमा संचालित कार्यक्रमको समीक्षा सूधार,समायोजन वा परिवर्तन गर्न नयाँ योजना आर्थिक बर्षाको सुरुवात सगै कार्यान्वयन भएका योजनाहरुलाइ विशेष प्राथमिकता दिनु,स्थानिय स्तरमा उपलब्ध हुने स्रोत र साधानको परिचालन गर्नु,सामाजिक तथा साँस्कतिक कार्यक्रमको प्रवद्वन गर्नु सके अझै नितीगत कार्यक्रम कार्यन्वयनमा गुणस्तरीयता बढदै जाने देखिन्छ । भिमाद नगरपालिका वडा नं.१ मा कृषियोग्य जमिन प्रशस्त भएकोले व्यवासियक कृषकहरुलाइ पहिचान गरी व्यवसायिकीरणमा उत्प्रेरण गराउन सक्ने र स्थानिय स्तरमा उत्पादनको उपभोग,संकलन प्रशोधन तथा प्रवधर्नको लागि व्यवस्थापन गरी लद्यु उद्यम स्थापना गरेमा कृषकलाइ राम्रो फलदायी तथा सेवामा पहुँच हुने बिदेशमा बेचिएका परिश्रमको सहिसदुपयोग हुने देखिन्छ । यसै गरी बिषयगत बस्तुहरुको अवलम्वन तथा सहि मूल्यांकन निष्कर्ष भए "समृद नेपाल सुखि जनता " हुने छन र चाहे जति नतिजाको अपेक्षा रहने विश्वस्त  देखिन्छ ।

# २.  २ नं. वडा कार्यालय

### २.१  पृष्ठभूमि

यस भिमाद नगरपालिका वडा नं २ भिमाद नगरपालिकाको कार्यालयवाट पश्चिम भागमा पर्दछ। साविक अरुणोदय गा वि स को सवै  वडा  हरु यस भिमाद नगरपालिका वडा नं २ मा पर्दछन् । २७ डिग्री ९४ मिनेट उत्तरी अक्षांस देखि २८  डिग्री उत्तरी अक्षांस तथा ८३ डिग्री ९८ मिनेट देखि ८४ डिग्री ०७ मिनेट पुर्वी देशान्तरमा फैलिएको छ ।पुर्वतर्फ भिमाद नगरपालिकाको वडा नं ६ पश्चिममा  भिमाद वडा नं १ र स्याङजा हरिनास गाँउपालिका उत्तरमा भिमाद न पा वडा नं ९ र स्याङजा जिल्लाको हरिनास गा पा तथा दक्षिणमा भिमाद न पा वडा नं ४ र घिरिङ गा पा पर्दछ ।समुन्द्रि सतहदेखि  १३४० मिटर को  उचाइसम्म अवस्थित छ ।यस भिमाद नगरपालिका वडा नं २ को कार्यालय टेक्रेमा रहेको छ ।जनतासंग सरकारलाइ जोड्ने अग्रक्षेत्रमा रहेको यस कार्यालयवाट निरन्तर रुपमा सेवाग्राहिको माग र सुविधालाइ ध्यानमा राखी विभिन्न सेवा प्रवाह गर्दै आएको  छ । मुस्कान सहितको सेवालाइ जोड दिदै यस भिमाद नगरपालिका वडा नं २ मा सेवा प्रवाहलाइ छिटो छरितो पारदर्शि र प्रविधिमैत्री बनाउदै सुशासन तथा विद्युतिय शासन  जोड दिदै  लगिएको छ । योजना पुर्वाधार विकास घटनादर्ता सामाजिक सुरक्षा नागरीकता सिफारिस लगायत अन्य सिफारिसहरु यस वडा कार्यालयबाट हुने मुख्य सेवाप्रवाह हुन् । यसै सन्दर्भमा आर्थिक वर्ष २०७७।०७८ मा यस भिमाद

नगरपालिकाअन्तर्गत वडा नं २ क्षेत्रमा सञ्चालन गरीएका कार्यक्रमहरुको प्रगति, गरीएका प्रयासहरू, कार्यान्वयनमा आइपरेका समस्याहरू समावेश गरी यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ ।

## २.२ उद्देश्य

आ.व. २०७७/०७८ मा भिमाद नगरपालिकामा वडा नं २ मा सञ्चालित कार्यक्रमहरूको कार्यान्वयन प्रगतिको अवस्था बोध गराउनु यस प्रतिवेदनको मुख्य उद्देश्य रहेको छ ।यस प्रतिवेदनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- भिमाद नगरपालिका वडा नं २ को सेवा प्रवाहको जानकारी दिनु,
- आ.व. २०७७/०७८ मा सञ्चालित कार्यक्रमहरूको भौतिक तथा आर्थिक प्रगतिको अवश्था बोध गराउनु,
- भावी कार्यदिशा तय गर्न सहयोग गर्नु ।

## २.३ विद्यमान अवस्था

### २.३.१ जनसंख्या सम्बन्धी विवरण

भिमाद नगरपालिकाको नगर प्रोफायल २०७७ अनुसार यस नगरपालिकाको जनसंख्या तथा साक्षरतासम्बन्धी विवरण देहायअनुसारको तालिकामा देखाइएको छ :

**तालिका १ : वडाको घरधुरी संख्या, जनसंख्या तथा साक्षरतासम्बन्धी विवरण २०७७**

| वडा | घरधुरी संख्या | जनसंख्या | | | ५ वर्षमाथिको जनसंख्या | | | साक्षरता (५+ वर्ष) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| २ | ९१२ | २४७९ | २५५२ | ५०३१ | २३५७ | २४१० | ४७६७ | ८०.६ | ९१.७ | ८६.२ |

यस भिमाद नगरपालिका वडा नं २ मा ब्राह्मण मगर गुरुङ नेवार भुजेल कामी दमाइ सार्की जातीको बसोबास रहेको छ । ६० प्रतिशत भन्दा बढि मगर जातिको जनसंख्या रहेको छ । हिन्दु धर्मावलम्बीको संख्या ५०१७ रहेको छ ।कोट वाराही पर्यटन पुर्वाधार रघु होमस्टे सिद्धगुफा जस्ता धार्मिक सांस्कृतिक महत्वका स्थलहरु रहेको छ ।

## २.४ वार्षिक आम्दानी विवरण

### २.४.१ महिना अनुसार एकमुष्ठ आम्दानी विवरण

| क्र. सं. | महिना | आम्दानी रकम रु |
|---|---|---|
| १ | साउन | १०८५० |
| २ | भाद्र | ५६४० |
| ३ | आश्विन | ९२४० |
| ४ | कार्तिक | १०८०० |
| ५ | मंसिर | ३०२१० |

| क्र. सं. | महिना | आम्दानी  रकम रु |
|---|---|---|
| ६ | पौष | २९९३० |
| ७ | माघ | ४९९४० |
| ८ | फागुन | ४८५५० |
| ९ | चैत्र | ४२८४० |
| १० | बैशाख | २२००० |
| ११ | जेठ | ० |
| १२ | असार | २७३० |
| जम्मा | | २६२७३० |

### २.४.२ शिर्षक अनुसार आम्दानी विवरण

| क्र.सं. | शिर्षक | संख्या | जम्मा आम्दानी रकम |
|---|---|---|---|
| १ | नागरीकता सिफारिस | १७० | ३४००० |
| २ | घटना दर्ता | २०७ | १४४०० |
| ३ | नाता प्रमाणित | ४८ | २४००० |
| ४ | घरबाटो सिफारिस | २१ | १०५०० |
| ५ | चारकिल्ला सिफारिस | २२ | ११००० |
| ६ | अन्य सिफारिस तथा निवेदन दस्तुर | ३२९ | १६८८३० |
| ७ | निशुल्क सिफारिस | ५०७ | ० |
| जम्मा | | | २६२७३० |

## २.५ सेवा प्रवाह

### २.५.१ सामाजिक सुरक्षा भत्ता विवरण

| क्र सं | अवधि | संख्या | निकासा रकम |
|---|---|---|---|
| १ | प्रथम चौमासिक | ४५५ | ४१०३८०० |
| २ | द्धितिय चौमासिक | ६२२ | ५९८८३८० |
| ३ | तृतिय चौमासिक | ६८२ | ६१९२८९२ |
| **जम्मा** | | | **१६२८५०७२** |

### २.५.२ घटना दर्ता विवरण

| क्र सं | घटना दर्ता विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | जन्म | ६१ | ४४ | १०५ |
| २ | मृत्यु | २७ | १५ | ४२ |
| ३ | बिबाह | ३८ | ३८ | ३८ |

| क सं | घटना दर्ता विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| ४ | बसाइसराइ | आएको ३ | गएको १२ | १५ |
| ५ | सम्बन्ध बिच्छेद | ७ | ७ | ७ |
| जम्मा | | | | २०७ |

## २.६ कार्यक्रम कार्यान्वयन गर्दा अपनाइएका प्रक्रियाहरु

- वार्षिक नगर विकास योजनाको आधार,
- नगर कार्यपालिकाको निर्णयको आधार,
- वडा समितिको निर्णयको आधार,
- सम्झौता, अनुदान निकासा, अनुदान, अनुगमन मूल्यांकन तथा प्रगतिको आधारमा फछ्यौट ।

## २.७ योजना अनुसार विनियोजित बजेट र खर्च रकम

आ.व. : २०७७/७८ बजेट उपशीर्षक : भिमाद नगरपालिका वडा नं.२

८०४३८४०२२०२ भिमाद नगरपालिका वडा नं.२

| सि.नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | ज्ञानी आमा समुह भवन निर्माण योजना | ३,००,००० | ३,००,००० | १०० | ० |
| २ | ज्ञानी आमा समुह अधुरो भवन निर्माण | २,००,००० | १,९४,७४५ | ९७.३७ | ५,२५५ |
| ३ | प्रगतिशिल आमा समुह अधुरो भवन निर्माण योजना | ३,००,००० | २,९२,५०० | ९७.५० | ७,५०० |
| ४ | अरुण महिला समाज भवन प्लास्टर तथा शौचलय निर्माण योजना | २,००,००० | १,९५,००० | ९७.५० | ५,००० |
| ५ | सिद्ध गुफा नमुना आमा समुह भवन तथा शौचालय निर्माण योजना | २,००,००० | १,९३,६७८ | ९६.८४ | ६,३२२ |
| ६ | अकला प्रा बी गेट निर्माण योजना | १,००,००० | ९३,४७९ | ९३.४८ | ६,५२१ |
| ७ | फुलुनथान बाराही आमा समुह भवन तथा शौचालय निर्माण योजना | १,००,००० | १,००,००० | १०० | ० |
| ८ | भवानी प्रगतिशिल आामा समुह भवन तथा शौचालय निर्माण योजना | २,००,००० | १,९५,००० | ९७.५० | ५,००० |
| ९ | जनहित आाम समुह भवन निर्माण योजना | ३,००,००० | २,९२,०४० | ९७.३५ | ७,९६० |
| १० | जन जागृती टोल सामुदायिक भवन निर्माण योजना | ३,००,००० | २,८२,६५७ | ९४.२२ | १७,३४३ |
| ११ | टेक्रे पोखरी डाँडा फुचुङ्ग गोरेटो बाटो मर्मत योजना | ५०,००० | ४८,७५० | ९७.५० | १,२५० |

| सि.नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १२ | बगैचा खुदेपानी मोटरमार्ग स्तरोन्नती योजना | २,००,००० | ९०,०४९ | ४५.०२ | १,०९,९५१ |
| १३ | सिमलभन्ज्याङ्ग फुलुनथान खुदेपानी मोटरमार्ग स्तरोन्नती योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| १४ | वडा समितिको निर्णयअनुसार वडा अन्तर्गत विभिन्न १४ वटा सडक मर्मत योजना | १०,००,००० | ९,२१,९५५ | ९२.२० | ७८,०४५ |
| १५ | तिन घरे गोफा सडक स्तरोन्नती | १,५०,००० | १,२७,१७० | ८४.७८ | २२,८३० |
| १६ | सिद्धगुफा आँप स्वारा मोटरमार्ग स्तरोन्नती योजना | १,००,००० | १,००,००० | १०० | ० |
| १७ | बन्दिछाप मैदिखोला नयाँ ट्र्याक | ३,००,००० | २,९२,५०० | ९७.५० | ७,५०० |
| १८ | फुलपाते चौतारा देखी कोट बाराही मोटरमार्ग नयाँ ट्र्याक निर्माण योजना | २,००,००० | १,९४,३५४ | ९७.१८ | ५,६४६ |
| १९ | लहरे नैन डाँडा मोटरमार्ग स्तरोन्नती तथा तारजाली व्यवस्थापन | २,००,००० | १,९५,००० | ९७.५० | ५,००० |
| २० | फुलवारी मार्ग संरक्षण योजना | २,००,००० | १,९४,७६७ | ९७.३८ | ५,२३३ |
| २१ | सम्धि मार्ग (जलौदी देखी कल्याण प्रा वी) स्तरोन्नती योजना | ३,००,००० | २,९२,३०७ | ९७.४४ | ७,६९३ |
| २२ | गुरुङ्ग गाउँ देखी रिप हुँदै हरिनास ४ राम्चे जोड्ने मोटरमार्ग नयाँ ट्र्याक निर्माण योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| २३ | कुसुन्डे धरमपानी मोटरमार्ग स्तरोन्नती योजना | ३,००,००० | ३,००,००० | १०० | ० |
| २४ | टेक्रे खहरे खोरिक्मा मोटरमार्ग स्तरोन्नती योजना | १,००,००० | ९१,५८१ | ९१.५८ | ८,४१९ |
| २५ | धरिडाँडा गैह्रि छाँगा मोटर मार्ग नयाँ ट्र्याक | २,००,००० | २,००,००० | १०० | ० |
| २६ | धरि डाँडा मोटरमार्ग बिस्तार तथा स्तरोन्नती योजना | ३,००,००० | २,९२,५०० | ९७.५० | ७,५०० |
| २७ | खुदेपानी बडहरभन्ज्याङ्ग मोटरमार्ग मर्मत सुधार (ह्युम पाइप) | ३,००,००० | २,९२,५०० | ९७.५० | ७,५०० |
| २८ | नमन थान देखी भि सि चोक मोटरमार्ग निर्माण योजना | १,५०,००० | १,४६,२५० | ९७.५० | ३,७५० |
| २९ | बिरबिरे घाट कर्लुङ्ग भित्री मोटरमार्ग योजना | ५०,००० | ४६,८६९ | ९३.७४ | ३,१३१ |
| ३० | रुक्सेदी मोटरमार्ग निर्माण योजना | १,५०,००० | १,४०,३८५ | ९३.५९ | ९,६१५ |
| ३१ | धारादी मोटरमार्ग मर्मत योजना | २,००,००० | २,००,००० | १०० | ० |
| ३२ | रघु सिंचित मोटरमार्ग स्तरोन्नती योजना | १,५०,००० | १,४६,२५० | ९७.५० | ३,७५० |
| ३३ | भक्कल बाँध कुलो निर्माण योजना | ३,००,००० | २,९२,५०० | ९७.५० | ७,५०० |

| सि.नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| ३४ | मैदिखोला व्यवस्थापन | १,००,००० | १,००,००० | १०० | ० |
| ३५ | सिंहाले कुलो मर्मत योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ३६ | धरमपानी खानेपानी मुल संरक्षण तथा टंकी घेराबार योजना | १,००,००० | ८५,७०८ | ८५.७१ | १४,२९२ |
| ३७ | कोटथर सिमलधारा खानेपानी मर्मत सम्भार योजना | १,००,००० | १,००,००० | १०० | ० |
| ३८ | ज्यामिर्दी, नयादी पँधेरो मर्मत तथा अर्खल्दी पँधेरो सिंढि निर्माण योजना | १,००,००० | ९६,४६९ | ९६.४७ | ३,५३१ |
| ३९ | हैदगा लामिडाँडा २ वटा खानेपानी टंकी निर्माण योजना | ३,००,००० | २,९२,०७९ | ९७.३६ | ७,९२१ |
| ४० | सिर्जनशिल खानेपानी व्यवस्थापन योजना | २,००,००० | १,९५,००० | ९७.५० | ५,००० |
| ४१ | खोरिक्षा खानेपानी अधुरो योजना निर्माण | १,००,००० | ९०,८४९ | ९०.८५ | ९,१५१ |
| ४२ | खोरिक्मा रुपडाँडा खानेपानी व्यवस्थापन तथा टंकी निर्माण | १,५०,००० | १,५०,००० | १०० | ० |
| ४३ | रुक्सेदी र धरिडाँडा खानेपानी योजना | ५०,००० | ४८,५६८ | ९७.१४ | १,४३२ |
| ४४ | हुग्दी खानेपानी व्यवस्थापन | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ४५ | गोकल्डी कुवा मर्मत एवम् पाइप व्यवस्थापन योजना | ५०,००० | ४८,५०५ | ९७.०१ | १,४९५ |
| ४६ | सालिमे मैदान खानेपानी मर्मत योजना | ५०,००० | ४८,६४७ | ९७.२९ | १,३५३ |
| ४७ | धनुबासे खानेपानी अधुरो योजना निर्माण | १,००,००० | ८९,२१५ | ८९.२२ | १०,७८५ |
| ४८ | बिर्ता पानी खानेपानी टंकी मर्मत योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ४९ | छुर्मदी कर्लुङ्ग खानेपानी मर्मत योजना | ५०,००० | ४६,६२१ | ९३.२४ | ३,३७९ |
| ५० | खल्लुक बोटे देखी पोखरी डाँडा खानेपानी टंकी निर्माण योजना | १,५०,००० | १,५०,००० | १०० | ० |
| ५१ | अजम्बरी खानेपानी योजना | ५०,००० | ३५,८२५ | ७१.६५ | १४,१७५ |
| ५२ | कोटबाराही मन्दिर खानेपानी टंकी निर्माण एवं शौचालय निर्माण योजना | ४,००,००० | ३,६२,५०० | ९०.६३ | ३७,५०० |
| ५३ | चिसापानी खानेपानी टंकी निर्माण योजना | १,००,००० | १,००,००० | १०० | ० |
| ५४ | पोखरिडाँडा खानेपानी अधुरो निर्माण योजना | ५०,००० | ४४,२९८ | ८८.६० | ५,७०२ |
| ५५ | कोटथर सिमलधारा अधुरो खानेपानी संरचना निर्माण | १,००,००० | ९५,००० | ९५.०० | ५,००० |

| सि.नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| ५६ | धारादी लछाङ्ग खानेपानी योजना | १,००,००० | ९७,५०० | ९७.५० | २,५०० |
| ५७ | वडा समितिको निर्णयानुसार भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार | ५,००,००० | ४,६०,७४० | ९२.१५ | ३९,२६० |
| ५८ | मैदिखोला युवा क्लब खेलकुद मैदान व्यवस्थापन | २,००,००० | १,९५,००० | ९७.५० | ५,००० |
| ५९ | एकता टोल विकास र फुलवारी टोल विकासमा सडक बत्ती जडान कार्यक्रम | ५,००,००० | ४,८५,९७४ | ९७.१९ | १४,०२६ |
| ६० | रघु चन्डी मन्दिर मर्मत योजना | १,००,००० | ९६,७४७ | ९६.७५ | ३,२५३ |
| ६१ | रातेपहार शिव पाञ्चायन मन्दिर निर्माण योजना | १,५०,००० | १,३२,२२५ | ८८.१५ | १७,७७५ |
| जम्मा | | १,१८,००,००० | १,०८,७९,७५६ | ९२.२ | ९,२०,२४४ |

## २.८ कार्यान्वयन हुन नसकेका योजनाहरु

| क्र.सं. | योजनाको नाम | विनियोजित बजेट रु. | बाँकी रकम रु. |
|---|---|---|---|
| १ | अन्तरे थर देखी माझथर जोड्ने सिंढी (फुलवारी मार्ग) निर्माण योजना | ५०,००० | ५०,००० |
| २ | किहुँ प्रा वी खानेपानी व्यवस्थापन | २,००,००० | २,००,००० |
| ३ | कुखुराको दाना बनाउने मेशिन (५०% अनुदानमा) | १,००,००० | १,००,००० |

## २.९ असल अभ्यास तथा नवप्रवर्तनात्मक कार्यक्रमहरु

- जनता संग जनप्रतिनिधि कार्यक्रम,
- मुस्कान सहितको सेवा प्रदान,
- वडाको पायक पर्ने स्थानबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम,
- अनलाइन घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन,
- कम्प्युटर तथा सुचना प्रविधिको प्रयोग गरी सेवा प्रवाह ।

## २.१० समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरु

- जनप्रतिनिधिको रोहवरमा सबै टोल विकास संस्थाहरु गठन पुनर्गठन हुनु,
- भौतिक पुर्वाधार शिर्षकमा बजेट विनियोजन भइ वडाको विभिन्न ठाँउमा भौतिक पुर्वाधार विकास हुनु,
- छिटो छरितो स्वच्छ निष्पक्ष पारदर्शि सेवा प्रवाह हुनु,
- अनलाइन तथा सुचना प्रविधिमा आधारित सेवा प्रवाह गर्नु ।

## २.११ कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरु

- कोभिडको कारण समयमै योजनाको रकम भुक्तानि नहुनु,
- उपभोक्ता समितिको सक्रियता कम हुनु,
- सेवाग्राही हरुमा सेवा प्रतिको ज्ञान कम हुनु,
- कर्मचारीको कमि तर कामको लोड वढी हुनु,

- प्रविधिको प्रयोगको ज्ञानमा भएको कमि ।

### २.१२ समस्या समाधानका उपायहरु

- उपभोक्ता समितिलाइ तालिम प्रदान गर्नुपर्ने,
- थप कर्मचारी को व्यवस्था गर्नुपर्ने,
- कर्मचारीलाइ तालिमको व्यवस्था गर्नुपर्ने ।

### २.१३ निष्कर्ष

भिमाद नगरपालिकाको क्षेत्रफल को आधारमा तेस्रो ठुलो वडा यस भिमाद नगरपालिका वडा नं २ मा सेवाप्रवाहको क्षेत्रको अनुपातमा कर्मचारी संख्या न्युन रहेतापनि सेवा प्रवाहलाइ गुणस्तर युक्त छिटो छरितो प्रभावकारी पारदर्शी बनाउदै आजको प्रविधिको युगमा प्रविधिमैत्री सेवा प्रवाह गर्नुनै आजको आवस्यकता हो ।मुस्कान सहितको सेवा प्रदान गर्दै सरकारको अग्रक्षेत्रको यस कार्यालयले जनता र सेवाग्रहीलाइ खुसी र सन्तुष्टि राख्न सक्नु नै महत्वपुर्ण उपलब्धि हो भन्न सकिन्छ ।

# ३. ३ नं वडा कार्यालय

### ३.१ पृष्ठभूमि

नेपालको संचिधान २०७२ अनुसार र नेपाल सरकार मन्त्रिपरिषदको बैठक २०७३।११।२२ को निर्णय अनुसार मिति २०७७।११।२७ को राजपत्रमा प्रकाशन भएपछि भिमाद नगरपालिकाको स्थापना भएको र यस नगरपालिकाको ९ वटा वडाहरु मध्ये यस वडा नं. ३ पनि एक हो ।यस वडा नं. ३ को पूर्वमा वडा नं.५,पश्चिममा वडा नं.२ र ४,उत्तरमा वडा नं. ६ र दक्षिणमा घिरिङ्ग गाउँपालिकाको वडा नं. ३ सँग सिमानाहरु जोडिएको छ ।उल्लेखित चार किल्लाभित्रको यस भिमाद नगरपालिका वडा नं. ३ को क्षेत्रफल १५.४१ वर्ग किलोमिटरमा फैलिएको छ । आर्थिक वर्ष २०७७।७८ को योजना भिमाद नगरपालिकाको मार्ग दर्शनको आधारमा रही आर्थिक विकास क्षेत्र , सामाजिक विकास क्षेत्र , पूर्वाधार विकास क्षेत्र लगायतको क्षेत्रमा योजना छनोट गरी नगरसभावाट स्वीकृत भई सञ्चालन गरिएको थियो , जसमा शतप्रतिशत योजनाहरु सम्पन्न गर्न यस वडा नं. ३ सफल भएको छ ।

### ३.२ उद्देश्य

आर्थिक वर्ष २०७७।७८ मा भिमाद नगरपालिका वडा नं. ३ ले विभिन्न उद्देश्यहरु राखेको थियो ।

क. आर्थिक वर्ष २०७७।७८ को स्वीकृत योजनाहरु सवै सञ्चालन गरी सम्पन्न गराउने,

ख. वडा कार्यालयवाट सञ्चालन हुने सेवा प्रवाहलाई सरल छिटो छरितो उपलब्ध गराउने,

ग. आर्थिक वर्ष २०७७।७८ समाप्त भएपछि वडा कार्यालयमा समीक्षा कार्यक्रम गराउने ।

## ३.३ विद्यमान अवस्था

यस भिमाद नगरपालिका वडा नं. ३ को भौगोलिक अवस्था विभिन्न डाडापाखाहरु पहाडहरु र केही टारहरु मिलि बनेको छ । यस वडा नं. ३ को सिमाना ३ तीरबाट भिमाद नगरपालिकाका विभिन्न वडाहरुले र एकातिरबाट घिरिङ्ग गाँउपालिकाले छोएको छ ।यस वडा नं. ३ मा विभिन्न संघ संस्थाहरु विद्यालयहरु स्वास्थ्य चौकीहरु रहेका छन् ।तिनीहरुको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

क. भिमाद नगरपालिका वडा नं. ३ को वडामा गठन भएका टोल विकास संस्थाहरुको नाम र संस्थाका अध्यक्षहरुको नाम तलको तालिकामा प्रस्तुत गरीन्छ ।

| सि.नं. | टोल विकासको नाम | अध्यक्षको नाम | टोल विकासको सिमानाहरु | | | |
|---|---|---|---|---|---|---|
| | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
| १ | जलौदी | नारायणी तिम्सिना | खेक्रेटार | वडा नं.२ | जिदिखोला | सिम्ले |
| २ | खेक्रेटार | रण वहादुर कुमाल | सातविषे खेत | ठूलो खेत | वडा नं.६ | बुढुवा खोला |
| ३ | बेलछाप सिम्ले | तोलराज मल्ल | सिग्दी खोला | पिरुङ् खोला | बुढुवा खोला | बिमिराबोट |
| ४ | बिमिराबोट | सुदन मल्ल | ठाडो खोला | रह खोला | बेलछाप | सुरेन्द्र ज्योति प्रा.वि |
| ५ | कोटथर | राम कुमारी चन्द | भञ्याङ | माउदी खोला | सुरेन्द्र ज्योति प्रा.वि | खानरपानी टंकी |
| ६ | रिङखै | तारा वाहदुर थापा | सुरेन्द्र ज्योति प्रा.वि | बरङछागा | दोखे वन | तालर खेत |
| ७ | पिपल भञ्याङ | तुल वहादुर थापा | पोखरी भञ्याङ | कोटथर | ठाडो खोला | माउदी खोला |
| ८ | सुनाकोट | रुद्र वहादुर थापा | ओन्टाङ खोला | सुनाकोट खोला | कोष प्रा.वि | चन्द्रकोट जाने बाटो |
| ९ | शेर्का | शेर वहादुर थापा | ओन्टाङ खोला | सिग्दी खोला | फगरे खोला | कोष प्रा.वि |
| १० | सालबास | तोल वहादुर थापा | मिनसोरा | ठकुरी खोला | सालबास फेदी | कोष प्रा.वि |

**ख. भिमाद नगरपालिका वडा नं. ३ को वडामा भएका विद्यालयहरुको नाम तलको तालिकामा प्रस्तुत गरीन्छ।**

| सि.नं. | विद्यालयको नाम | तह/प्रकार | टोल विकास |
|---|---|---|---|
| १ | बालशैक्षणिक मा.वि | १-१० मा.वि तह | जलौदी |
| २ | सुरेन्द्र ज्योति प्रा.वि | १-५ प्रा.वि तह | कोटथर |
| ३ | कोष नर प्रा.वि | १-५ प्रा.वि तह | शेर्का |

ग. भिमाद नगरपालिका वडा नं. ३ को वडामा भएको स्वास्थ्य संस्थाको नाम तल तालिकामा प्रस्तुत गरीन्छ ।

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | रहेको टोल | कर्मचारी संख्या |
|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य चौकी | पिपल भञ्याङ | ३ जना |

## ३.४ वार्षिक आम्दानी

क. आर्थिक वर्ष २०७७।७८ मा शिर्षक तथा महिना अनुसार सेवा प्रवाहबाट भएको वार्षिक आम्दानी

| सि.नं. | महिनाहरु | सिफारिस | नाता प्रमाण | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | साउन | ६,९८० | - | १७० | ७,१५० |
| २ | भदौ | १,५०० | - | - | १,५०० |
| ३ | असोज | १०,९०० | ७०० | १०० | ११,७०० |
| ४ | कार्त्तिक | ११,४०० | ७०० | १५० | १२,२५० |
| ५ | मंशिर | ११,७०० | १,५०० | ५०० | १३,७०० |
| ६ | पुस | १७,५०० | २,५०० | ७०० | २०,७०० |
| ७ | माघ | २२,८०० | ३,७०० | ६०० | २७,१०० |
| ८ | फागुन | १८,५०० | - | ९०० | १९,४०० |
| ९ | चैत्र | १८,८०० | ४,००० | २,००० | २४,८०० |
| १० | बैशाख | १३,३५० | ३,००० | २,४०० | १८,७५० |
| ११ | जेठ | - | - | - | - |
| १२ | असार | ५,९०० | - | २०० | ६,१०० |
| **जम्मा** | | **१,३९,३३०** | **१६,१००** | **७,७२०** | **१,६३,१५०** |

ख. आर्थिक वर्ष २०७७।७८ मा सम्पत्ती करमालपोत/भूमिकरवाट भएको महिना अनुसार वार्षिक आम्दानी

| सि.नं. | महिना | उठेको रकम |
|---|---|---|
| १ | माघ | १८५ |
| २ | फागुन | ९,१४५ |
| ३ | चैत्र | १,४८५ |
| ४ | बैशाख | २६ |
| **जम्मा** | | **१०,८४०** |

विभिन्न प्रकारका सिफारिसहरु र सम्पत्ती कर, मालपोत तथा भूमिकरबाट भिमाद नगरपालिका वडा नं. ३ को कार्यालयबाट आर्थिक वर्ष २०७७।७८ मा जम्मा वार्षिक रुपमा आम्दानी गरेको समष्टिगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.नं. | मालपोत | सिफारिस | नाता प्रमाण | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | १०,८४० | १,३९,३३० | १६,१०० | ७,७२० | १,७३,९९० |

## ३.५ सेवा प्रवाह

### क. सिफारिस/प्रमाणित

भिमाद नगरपालिका वडा नं. ३ को वडा कार्यालयवाट आर्थिक वर्ष २०७७।७८ मा वडा वासीहरुको आवश्यकता अनुसारको विभिन्न प्रकारका सेवा प्रवाह गरेको छ , जसलाई तल प्रस्तुत गरीन्छ ।

| सि.नं. | सिफारिसका प्रकारहरु | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नेपाली नागरीकताको सिफारिस | ५४ वटा | १०,८०० |
| २ | नागरीकताको प्रतिलिपी सिफारिस | १५ वटा | ३,००० |
| ३ | चारकिल्ला प्रमाणित सिफारिस | ५५ वटा | २७,५०० |
| ४ | घरवाटो सिफारिस | ४० वटा | २०,००० |
| ५ | नामसारी सिफारिस | १० वटा | ५,००० |
| ६ | नाता प्रमाणित सिफारिस | ३० वटा | १६,१०० |
| ७ | पारिवारिक विवरण सिफारिस | ५ वटा | २,५०० |
| ८ | अविवाहित प्रमाणित सिफारिस | १५ वटा | ७,५०० |
| ९ | जन्म प्रमाणित सिफारिस | १५ वटा | ७,५०० |
| १० | नामथर फरक सिफारिस | १५ वटा | ७,५०० |
| ११ | विद्युत मिटर सिफारिस | १५ वटा | ७,५०० |
| १२ | ठेगाना प्रमाणित सिफारिस | १० वटा | ५,००० |
| १३ | ज.ध प्रतिलिपी सिफारिस | १० वटा | ५,००० |
| १४ | भूमि सम्बन्धि सिफारिस | १३२ वटा | निशुल्क |
| १५ | अन्य विविध सिफारिसहरु | ४७२ वटा | केही निशुल्क र केही शुल्क सहित |
| | **जम्मा** | **८९३ वटा** | |

### ख. घट्ना दर्ता

| सि.नं. | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | जन्म दर्ता | १६ | १५ | ३१ |
| २ | मृत्यु दर्ता | ७ | ११ | १८ |
| ३ | सम्बन्धविच्छेद | - | - | २ |
| ४ | विवाह दर्ता | - | - | ९ |
| ५ | बसाइँसराई | - | - | १० |
| | आएको -२ | | | - |
| | गएको - ८ | | | - |
| **२०७७।०१।०१ देखि २०७७।१२।३१ सम्म जम्मा सत्तरी वटा मात्रै ।** | | | | **७०** |

## ३.६ कार्यक्रम कार्यान्वयन गर्दा अपनाइएका प्रक्रियाहरु

भिमाद नगरपालिका वडा नं. ३ को वडा कार्यालयले आर्थिक वर्ष २०७७।७८ को योजना कार्यक्रम कार्यान्वयन गर्दा अपनाइएका प्रक्रियाहरुलाई छोटकरीमा तल बुंदागत उल्लेख गरीन्छ ।

क. वडा कार्यसमितिको बैठकबाट आवश्यकता अनुसार निर्णय गरी योजना कार्यान्वयन गर्ने,

ख. टोलविकास संस्थाहरुमा भेला संचालन गरी योजनाको उपभोक्ता समितिहरु गठन गर्ने,

ग. योजनाको प्राविधिक स्टीमेन्ट गराइ सम्झौता गरी संचालन गर्ने,

घ. संचालनमा रहेका योजनाहरुको आवश्यक अनुगमन वडाले गर्ने,

ङ. योजना सम्पन्न भएको भनि प्राविधिकबाट मूल्याङ्कन प्राप्त भए पछि वडाले अनुगमनको रिपोट तयार गरी रकम भुक्तानीको सिफारिस गर्ने ।

## ३.७ वार्षिक समष्टिगत बजेट र खर्चको अवस्था

| सि.नं. | बजेट उपशीर्षकको नाम | बार्षिक बजेट रु. | बार्षिक खर्च रमक रु. | वित्तिय प्रगति % | बाँकी रकम रु. |
